

# पीडितका लागि न कानून, न न्याय, न राज्य

## द्वन्द्वोत्तर नेपालमा दण्डहीनताको संस्कृति

HUMAN RIGHTS WATCH

ADVOCACY FORUM

HUMAN RIGHTS WATCH

ADVOCACY FORUM

# पीडितका लागि न कानून, न न्याय, न राज्य

## द्वन्द्वोत्तर नेपालमा दण्डहीनताको संस्कृति

# पीडितका लागि न कानून, न न्याय, न राज्य
## द्वन्द्वोत्तर नेपालमा दण्डहीनताको संस्कृति

प्रथम संस्करण सन् २०२० (वि.सं. २०७७)

सर्वाधिकार © ह्युमन राइट नेपाल / एड्भोकेसी फोरम-नेपाल
सर्वाधिकार सुरक्षित

कभर डिजाइन : राफेल हिमेनेज

*प्रकाशक*
एड्भोकेसी फोरम-नेपाल
लमिङ्गटन मार्ग, बालुवाटार-४
काठमाडौं, नेपाल
पो.ब.न. २१७९८
फोनः ०१-४४२५५६१/४४३२३०९, फ्याक्सः ०१-४४३२३०९
info@advocacyforum.org
advocacyforumnepal@gmail.com
www.advocacyforum.org

लेआउट : किशोर प्रधान
ISBN: 978-1-62313-878-3

काठमाडौं, नेपालमा मुद्रित

*प्रकाशकीय सहयोग :*
Federal Foreign Office

# विषयसूची


कृतज्ञता ङ

सारांश १
भइरहेका उल्लंघन २
मुद्दाहरूको अद्यावधिक जानकारी ३
त्रुटिपूर्ण संक्रमणकालीन न्याय ५
विश्वव्यापी क्षेत्राधिकार ७

विधि ८

क. अधिकार उल्लंघनको निरन्तरता ९
१० वर्षे द्वन्द्व ९
विस्तृत शान्ति सम्झौता १२
नयाँ संविधान १३
जारी उल्लंघनहरू १४
हिरासतमा पछिल्लो समयमा हत्या तथा मृत्यु १५
२०७२ तराई हिंसा १८
धर्मेन्द्र बराईको मुद्दा १८
अभिव्यक्ति स्वतन्त्रता तथा भेला हुन पाउने अधिकारमाथि बन्देज १९
राष्ट्रिय मानवअधिकार आयोग १९

ख. संक्रमणकालीन न्यायमा ढिलासुस्ती २१
संक्रमणकालीन न्यायको कानूनी संरचना २१
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग २४

ग. न्यायको विफलता तथा विश्वव्यापी क्षेत्राधिकार २९
पीडकलाई संरक्षण ३०
माओवादी नेता बालकृष्ण ढुंगेलको मुद्दा ३०
सेनाका अधिकृतहरू बबी खत्री, अमित पुन, सुनिल अधिकारी र निरञ्जन बस्नेतको मुद्दा ३१
माओवादी नेता अग्नि सापकोटको मुद्दा ३२

सैनिक अधिकृत काजी बहादुर कार्की र सरोज बस्नेतको मुद्दा ३३
अन्य मुद्दाको अद्यावधिक जानकारी ३४
विश्वव्यापी क्षेत्राधिकार ३६

सिफारिशहरू ३९
नेपाल सरकारलाई ३९
संयुक्त राष्ट्रसंघ र दातृनिकाय तथा विदेशी सरकारहरूलाई ४२
संयुक्त अधिराज्य (बेलायत) लाई ४३
संयुक्त राज्य अमेरिकालाई ४३

अनुसूची : घटनाको अद्यावधिक जानकारी ४५

# कृतज्ञता

एड्भोकेसी फोरमले गरेको अनुसन्धानमा आधारित रही ह्युमन राइट्स वाचका एक परामर्शदाताले यो प्रतिवेदन तयार पारेका हुन् । ह्युमन राइट्स वाचकी दक्षिण एसिया निर्देशक मीनाक्षी गांगुलीले प्रतिवेदनको समीक्षा तथा सम्पादन गरेकी हुन् । अन्तर्राष्ट्रिय न्याय डिभिजनका सहनिर्देशक परम-प्रीत सिंहले विज्ञ समीक्षा गरेकी हुन् । वरिष्ठ कानूनी सल्लाहकार क्लाइभ बाल्डविन र प्रोग्राम अफिसका उपनिर्देशक जोसेफ बाल्डविनले कानूनी तथा कार्यक्रम समीक्षा गरेका हुन् । तस्वीर तथा प्रकाशन संयोजक ट्राभिस कार र वरिष्ठ प्रशासन व्यवस्थापक फिजरोय हेप्किन्सले प्रतिवेदन प्रकाशनमा सहायता गरेका हुन् ।

बाह्य समीक्षाका लागि हामी इन्ग्रिड मसाजे र मन्दिरा शर्माप्रति कृतज्ञ छौं ।

यस प्रतिवेदनको प्रकाशन सम्भव बनाउनका लागि सहायता, विश्लेषण वा सूचना उपलब्ध गराउने एड्भोकेसी फोरमका निर्देशक ओमप्रकाश सेन ठकुरी र कार्यक्रम व्यवथापक विकास बस्नेत लगायत अधिवक्ताहरुलाई हामी धन्यवाद दिन्छौं । प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्नुहुने विन्देश दहाल र वरुण घिमिरेप्रति आभारी छौं । हामीसँग आफ्ना अनुभव बाँड्नुहुने पीडित तथा परिवारजनप्रति विशेष कृतज्ञता प्रकट गर्दछौं ।

# सारांश

माओवादी विद्रोही र नेपाली सेनाबीचको सशस्त्र द्वन्द्व अन्त्य भएको १४ वर्ष बितिसकेको छ । वि.सं. २०५२ देखि २०६२ सम्म चलेको द्वन्द्वमा दशौं हजार मानिस जबर्जस्ती बेपत्ता, यातना, बलात्कार तथा गैरन्यायिक हत्याको पीडित बने । उनीहरू अझैसम्म पनि सत्य र न्यायको प्रतीक्षामा छन् ।

द्वन्द्वका क्रममा भएका गम्भीर उल्लंघनहरूमा सफल अभियोजन अहिलेसम्म हुन सकेको छैन । अदालतहरूले घटनामा अनुसन्धानका लागि आदेश दिएका छन् तर सुरक्षाबल, माओवादी तथा अन्यले अदालतको आदेश पालन गरिरहेका छैनन् । न्याय दिलाउनका लागि कानूनी प्रक्रियालाई द्रुत गति दिन भनी गठन गरिएका सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले आफ्नो जिम्मेवारी पूरा गर्न सकेका छैनन् ।

न्याय नपाएकाले पीडित र तिनका परिवार अत्यन्तै निराश बनेका छन् । द काठमाडौं पोस्ट नामक अंग्रेजी दैनिकले सन् २०२० को जनवरी महिनामा प्रकाशन गरेको एक सम्पादकीयमा लेखेको छ : 'लामो समयदेखि नेपालको संक्रमणकालीन न्याय प्रक्रिया राजनीतिक चलखेल र बेइमानीका कारण अकर्मण्य रहिआएको छ ।'

विगतमा गरिएका ज्यादतीलाई सम्बोधन नगरिएकाले वर्तमानमा दण्डहीनताले जरो गाडेर बसेको छ र यससँगै सुरक्षा क्षेत्रमा सुधार सुनिश्चित नगरिएकाले देशमा अझै पनि भइरहेका मानवअधिकार उल्लंघनका गम्भीर मुद्दामा सजाय नदिइएको स्थिति छ । हालैका वर्षहरूमा प्रहरीबाट भएको भनिएको गैरन्यायिक हत्याहरू, प्रहरीको यातनाका कारण हिरासतमा मृत्यु भएको भनिएका घटनाहरू तथा निःशस्त्र प्रदर्शनकारीहरूमाथि गोली चलाइएका घटनाहरूमा दरिलो प्रमाण भए पनि अधिकारीहरूले कारवाही अघि बढाउन अस्वीकार गरिरहेका छन् ।

सरकारी सुरक्षाबल तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको द्वन्द्व वि.सं. २०६३ मा गरिएको शान्ति सम्झौतामार्फत औपचारिक अन्त्य गरेपछि द्वन्द्वमा संलग्न सबै पक्षविरुद्ध प्रहरीसमक्ष अनेकौं जाहेरी दर्ता गरिएका छन् । देशका विभिन्न भागमा नेपाल प्रहरीसमक्ष दर्ता गरेका ४९ वटा जाहेरीमा अभिलेख भएका ६२ वटा मुद्दामाथिको प्रगतिका विषयमा लगातार चार वर्षसम्म ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम-नेपालले अध्ययन गरेका थिए । हाम्रो पहिलो संयुक्त प्रतिवेदन न्यायको पर्खाइमा वि.सं.२०६५ मा प्रकाशित भएको थियो । वि.सं.२०६६ मा हामीले अझै न्यायको पर्खाइमा शीर्षकको प्रतिवेदनमा आफ्ना निष्कर्षहरू अद्यावधिक गरेका थियौं । त्यस्तैगरी वि.सं. २०६७ मा न्यायप्रतिको उदासीनता र वि.सं. २०६८ मा घाउमा नूनचुक दल्दै भन्ने शीर्षकमा हाम्रा प्रतिवेदनहरूले घटनामा भएको प्रगतिलाई अद्यावधिक गरेका थिए । उक्त प्रतिवेदनहरूमा हामीले मानवअधिकार उल्लंघनका आरोपप्रति जवाफदेही बन्न नेपालको न्याय प्रणालीले अस्वीकार गरिरहेको स्थितिको जानकारी उपलब्ध गराएका थियौं ।

यस प्रतिवेदनले यी मुद्दाहरूमाथि एक दशकको अन्तरालमा पुनः अध्ययन गरी अद्यावधिक गर्नुका साथै प्रहरीले गरेको भनिएका गैरन्यायिक हत्याका नयाँ घटनाहरूलाई पनि अभिलेखन गरेको छ । नेपालको फौजदारी न्याय प्रणालीले

पीडितहरूको अधिकार संरक्षण नगरेको मात्र नभई राजनीतिक दबाबमा परेर जानाजान जवाफदेहितामा बाधा पुऱ्याएको समेत पाइएको छ ।

वि.सं. २०७७ असोज २९ गते राष्ट्रिय मानवअधिकार आयोगले विगत दुई दशकमा सरकारसमक्ष गरेको सिफारिशमा सरकारका तर्फबाट गरिएको कारवाहीको प्रगति विवरण सार्वजनिक गरेको थियो । आयोगले २६८ जनामाथि कानूनी कारवाहीको लागि सिफारिश गरेको भए पनि ३० जनालाई मात्र जवाफदेही बनाइएको छ । यस सूचीमा १६ जना सरकारी कर्मचारी, ९८ जना प्रहरी, ८५ जना नेपाली सेनाका अधिकृत तथा ६५ जना माओवादी रहेका छन् । विगत २० वर्षमा आयोगले सरकारसमक्ष गरेका सिफारिशमा सरकारले आधाभन्दा बढीमा कुनै कारवाही गरेको छैन भने १६३ वटा मुद्दा मात्र पूर्ण रूपमा कार्यान्वयन भएका छन् । यस प्रतिवेदनमा अध्ययन गरिएका ६२ वटा मुद्दामा संलग्नमध्ये धेरैजसो उक्त सूचीमा परेका छन् ।

विगतमा भएका अपराधमा न्याय दिन नसक्दा वर्तमानमा प्रत्यक्ष र अनुभव गर्न सकिने गरी हानि पुग्छ भन्ने हाम्रो निष्कर्ष छ । वर्षौंपहिले आफ्ना प्रियजन गुमाएकाहरू अहिलेसम्म न्यायको खोजी गरिरहेका छन् र मुद्दा टुंगो नलाग्दो पीडामा बाँच्न बाध्य छन् । अहिले पनि प्रहरीबाट हुने गरेका नयाँ मानवअधिकार हननका घटनाहरूबाट स्पष्ट हुन्छ- विगतका अपराधमा विद्यमान दण्डहीनताका कारण सुरक्षा संस्थाहरूमा मानवअधिकार उल्लंघन गर्ने व्यक्ति र प्रवृत्तिहरू घट्नुको साटो झन् झन् बल्झिँदै गएको छ र यसले वर्तमानमा नयाँ पीडितहरू समेत थपिरहेको छ ।

## भइरहेका उल्लंघन

वि.सं. २०७५ साउन २१ मा प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरको नेतृत्वमा रहेको प्रहरीको टोलीले सिन्धुपाल्चोकका २३ वर्षीय गोपाल तामाङ र नुवाकोटका २४ वर्षीय अजय तामाङको हत्या गरेको भनी राष्ट्रिय मानवअधिकार आयोगले पर्याप्त अनुसन्धानपछि २०७७ असोजमा निष्कर्ष निकाल्यो । प्रहरीद्वारा मारिएका ती दुई युवकहरूले एक बालकको अपहरण गरेको आरोप थियो र प्रहरीले दोहोरो भिडन्तमा उनीहरू मारिएको बतायो । तर आयोगले गरेको अनुसन्धानमा प्रहरी अधिकृत कुँवरका साथै प्रहरी अधिकारीहरू दीपेन्द्र चन्द, प्रसन्न मल्ल, रञ्जित तामाङ र राजन खड्का उक्त हत्यामा संलग्न रहेको पत्ता लागेपछि सरकारलाई उनीहरूविरुद्ध फौजदारी मुद्दा चलाउन सिफारिश गऱ्यो ।

अर्को एक मुद्दामा सीमान्तीकृत थारू समुदायका २७ वर्षीय युवक दीपेन्द्र चौधरीलाई २०७५ माघ ९ मा प्रहरीले नियन्त्रणमा लिएर गोली हानेको आरोप छ । सर्लाही जिल्लामा २०७६ असार १४ मा सीमान्तीकृत मधेशी समुदायका सरोजनारायण सिंहले निःशस्त्र प्रदर्शन गरिरहेको बेलामा प्रहरीले टाउकोमा गोली हानेर हत्या गऱ्यो । त्यतिखेर अवैध बालुवा उत्खननको विरोध प्रदर्शन भइरहेको ठाउँमा प्रहरी परिचालित भएको थियो । यी दुवै घटनामा प्रहरीले उजुरी लिन मानेन । माओवादीको विप्लव समूहका एक सदस्य कुमार पौडेललाई लालबन्दी नजिकको लखनदेही जंगलमा २०७५ असार ५ गते प्रहरीले हत्या गऱ्यो तर प्रहरीले उनी दोहोरो भिडन्तमा मारिएको दाबी गऱ्यो । तर यस प्रतिवेदनमा उल्लेख भएअनुसार, पौडेललाई नियन्त्रणमा लिएर यातना दिइएको अनि गोली हानेर हत्या गरिएको यथेष्ट प्रमाण उपलब्ध छन् ।

२०७६ कार्तिक ११ मा संयुक्त राष्ट्रसंघका तीनजना विशेष प्रतिवेदकहरूले सरकारलाई एक पत्र लेखेर यी तीन मुद्दामा गरिएका अनुसन्धान, कारवाही अनि पीडित वा पीडितका परिवारलाई दिइएको क्षतिपूर्तिको विस्तृत विवरण उपलब्ध

गराउन अनुरोध गरेका थिए । २०७६ पुसमा सरकारले यी आरोपहरूको खण्डन गर्दै दाबी गऱ्यो, "नेपालमा कुनै पनि किसिमको गैरन्यायिक हत्या पूर्णतः अवैध भएको स्पष्ट र जगजाहेर छ" ।

तर २०७६ कार्तिकमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको अनुसन्धानले पौडेलको "गैरन्यायिक हत्या" भएको निष्कर्ष निकाल्यो र घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न प्रहरी अधिकृतहरूमाथि अभियोजन गर्न सिफारिश गऱ्यो । अधिकारीहरूले यसमा छानबिन गर्ने प्रतिज्ञा गरे तर कुनै कारवाही गरेनन् ।

उल्टो राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रतालाई आघात पार्ने हिसाबमा सरकारले उक्त घटनाका सम्बन्धमा सिफारिशमा फेरबदल गर्न आयोगलाई निर्देशन दियो । राष्ट्रिय मानवअधिकार आयोगका एक प्रवक्ताले बताए, "गृह मन्त्रालयले आयोगलाई आफ्नो सिफारिशमा पुनर्विचार गर्न भनेको छ तर हामीसँग यथेष्ट प्रमाण छ । राष्ट्रिय मानवअधिकार आयोगले यसमा अनुसन्धान गरेर यो गैरन्यायिक हत्या हो भनी निष्कर्ष निकालेको छ ।"

सर्वोच्च अदालतबाट सेवानिवृत्त भएका न्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा रहेको एक न्यायिक आयोगले गरेका सिफारिशहरूमा पनि सरकारले कारवाही गरेको छैन । वि.सं. २०७२ मा नयाँ संविधानमा मधेशीलाई समान अधिकार नदिइएको भन्दै गरिएका विरोध प्रदर्शनका क्रममा तराईमा भएका मानवअधिकार उल्लंघनको छानबिन गर्न उक्त आयोग गठन गरिएको थियो । उक्त आन्दोलनका क्रममा दश प्रहरीसहित ६५ जनाको ज्यान गएको थियो । वि.सं. २०७४ पुसमा उक्त प्रतिवेदन सरकारलाई बुझाइएको थियो तर त्यसलाई अझैसम्म पनि सार्वजनिक गरिएको छैन ।

## मुद्दाहरूको अद्यावधिक जानकारी

विगत एक दशकमा द्वन्द्वकालीन अपराधका पीडितहरूले अदालत वा प्रहरीमा मुद्दा वा उजुरी दिएका छन् । तीमध्ये केही मुद्दाहरूमा अदालतले प्रहरीलाई उजुरी दर्ता गर्न र अनुसन्धान गर्न आदेश दिएका छन् । अन्य केही मुद्दाहरूमा राष्ट्रिय मानवअधिकार आयोगले पनि हस्तक्षेप गरेको छ ।

तर सबै सरकारहरूले जवाफदेहिता भन्दा पनि दण्डहीनताप्रति दृढ प्रतिबद्धता व्यक्त गरेको सन्दर्भमा यहाँ उल्लेख गरिएका ६२ वटा मुद्दामध्ये कुनैमा पनि सन् २०११ देखि कुनै कारवाही गरिएको छैन् । उजुरीउपर गरिएका अनुसन्धानमा भएका प्रगतिका विषयमा एड्भोकेसी फोरमका अधिवक्ताहरूले प्रहरीलाई सोध्दा द्वन्द्वकालीन मुद्दाहरूमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग जस्ता संक्रमणकालीन न्यायका संयन्त्रहरूले छानबिन गर्ने भन्दै अनुसन्धान नगरिएको बताउने गरेका छन् ।

तर शक्तिहीन आयोगहरूले छानबिनमा कुनै पनि प्रगति गर्न सकेको देखिँदैन । राष्ट्रिय मानवअधिकार आयोगकी एक सदस्य मोहना अन्सारीले आयोगका निर्देशनहरूको अनुगमन सरकारले नगरेको बताइन् :

> आयोगहरूसँग अभियोजनको अधिकार छैन र जवाफदेहितालाई सम्बोधन गर्ने दिशामा सरकारले कुनै पनि प्रगति गरेको मैले देखेको छैन । कानूनमा खै संशोधन गरेको ? पीडितका मागहरू केन्द्रमा हुनुपर्छ भनी हामी लगातार भनिरहेका छौं । तर कसैले पनि पीडितको आवाज सुनिरहेका छैनन् ।

अर्को आदेश नआएसम्म द्वन्द्वकालीन अपराधमा छानबिन प्रक्रिया रोक्न र तिनलाई मुल्तबीमा राख्न प्रहरीले २०६७ मा आधिकारिक निर्देशन पाएको भनी वैशाख २०७७ मा एक प्रहरी अधिकृतले एड्भोकेसी फोरमलाई बताएका थिए । बाग्लुङ जिल्लामा एड्भोकेसी फोरमको सहयोगमा पीडितहरूले दायर गरेको जाहेरीहरूमा संक्रमणकालीन न्यायका संयन्त्रहरूले छानबिन गर्नेछ भन्दै प्रहरीले अनुसन्धान नगरेको बतायो । बाग्लुङ जिल्ला न्यायाधिवक्ताको कार्यालयले कुनै पनि मुद्दामा अनुसन्धान नभएको बताए ।

जुन जुन जाहेरीमा अनुसन्धान थाल्नका लागि अदालतले प्रहरीलाई परमादेशहरू दिएको थियो तिनको कुनै पनि अभिलेख समेत नभेटेको भनी बर्दिया जिल्लामा बहालवाला सरकारी वकिलले बताए । उनी २०७६ मा कार्यालयमा आएदेखि प्रहरीले द्वन्द्वकालीन अपराधका जाहेरीमा नयाँ अनुसन्धानको जानकारी नपठाएको पनि उनले बताए । "म यस कार्यालयमा आएदेखि यी मुद्दाहरूमा प्रहरीका तर्फबाट कुनै पनि मिसिल पाएको छैन," उनले एड्भोकेसी फोरमलाई जेठ २०७७ मा बताए ।

सरकारको आदेश पालन गर्दै प्रहरीले अदालतका आदेशहरू समेत बेवास्ता गरिरहेको छ । कैयौं मुद्दामा सर्वोच्च अदालतले हत्याको तत्काल अनुसन्धान थाल्न आदेश दिएको छ । प्रहरीले न्यायपालिकाबाट आएको भन्दा पनि कार्यपालिकाबाट आएको आदेश मान्नुले विधिको शासनमा गहिरो समस्या रहेको अनि प्रहरीलाई राजनीतिक संरक्षण प्राप्त भएको स्पष्ट पार्छ ।

अदालतको आदेश पालन नगरेको भनी सर्वोच्च अदालतले गम्भीर चिन्ता व्यक्त गरेको छ । उदाहरणका लागि, नरबहादुर बुढामगर र रतनबहादुर बुढामगर दाजुभाइको हत्याको मुद्दामा सर्वोच्च अदालतले २०७४ चैतमा आदेश जारी गर्दै राय व्यक्त गरेको थियो- "यस्तो गम्भीर प्रकृतिको मुद्दामा प्रहरीले यत्तिका समयसम्म अनुसन्धान नगर्दा मानवअधिकारको संवैधानिक प्रत्याभूति भ्रम मात्र ठहर्छ ।" अदालतले थप्यो- "अनुसन्धान तथा अभियोजन गर्ने कर्तव्यलाई यसरी बेवास्ता गर्दा विधिको शासनप्रति जनताको विश्वासमा गहिरो धक्का लाग्छ ।" सर्वोच्च अदालतले गृह मन्त्रालयलाई महान्यायाधिवक्ताको कार्यालयसँगको सहकार्यमा मुद्दा टुंगोमा पुऱ्याउन आदेश दिएको थियो । तर घटनाको तीन वर्षपछि एड्भोकेसी फोरमले यसबारे बुझ्दा प्रहरीले अनुसन्धान शुरू नै नभएको बतायो ।

सरकारले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिशमा पनि कुनै कारवाही गरेको छैन । आर्थिक क्षतिपूर्ति दिने निर्देशनको यदाकदा पालन मात्र गरेको छ ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिले नेपाललाई जबर्जस्ती बेपत्ता, बलात्कार, यातना तथा मानवअधिकारका अन्य उल्लंघनका घटनामा पूर्ण अनुसन्धान गर्न तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखअन्तर्गत नेपालविरुद्ध विभिन्न पीडितले गरेका उजुरीमा अपराधका लागि जिम्मेवार भनी नाम उल्लेख गरिएका व्यक्तिविरुद्ध कारवाही चलाउनका लागि नेपाललाई आह्वान गरेको भए पनि सरकारले त्यसलाई बेवास्ता गरेको छ । उजुरीकर्ताहरूले देशभित्र उपलब्ध कानूनी उपचारको खोजी नगरेको र यी मुद्दाहरूलाई संक्रमणकालीन न्याय संयन्त्रहरूले हेर्नेछन् भन्ने तर्क सरकारले गर्ने गरेको छ ।

एड्भोकेसी फोरमले १५ जना पीडितको प्रतिनिधित्व गर्दै मानवअधिकार समितिसमक्ष पेश गरेको आठवटा उजुरीमा समितिले अधिकार उल्लंघन भएको पाइएको दृष्टिकोण प्रस्तुत गर्दै सरकारलाई फौजदारी अनुसन्धान आरम्भ गर्न, अपराधका लागि जिम्मेवार व्यक्तिलाई न्यायको कठघरामा उभ्याउन, गम्भीर उल्लंघनका सबै घटनालाई फौजदारी अपराध बनाउने कानून लागू गर्न तथा हदम्याद हटाउनका लागि सिफारिश गरेको छ । यी उजुरीहरूमा देशभित्रै कानूनी उपचारको विकल्प बाँकी रहेको भन्ने सरकारको तर्कलाई पनि समितिले अस्वीकार गर्दै नेपालका

संक्रमणकालीन न्याय संयन्त्र जस्ता अर्धन्यायिक निकायले मानवअधिकारका गम्भीर उल्लंघनमा अभियोजन तथा दण्ड दिने राज्यको कर्तव्यलाई प्रतिस्थापन गर्दैनन् भनी स्मरण गरायो ।

कुनै कुनै मुद्दामा सरकारले पीडितहरूलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्मको अन्तरिम आर्थिक राहत उपलब्ध गराएको छ तर अनुसन्धान र अभियोजन गर्नका लागि गरिएको सिफारिशलाई भने बेवास्ता गरेको छ ।

## त्रुटिपूर्ण संक्रमणकालीन न्याय

२०६३ सालमा द्वन्द्व अन्त्य भएपछि माओवादी र सात राजनीतिक दलहरूको गठबन्धनले "मानवअधिकारका गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको सत्यतथ्य अनुसन्धान गर्न" का लागि संक्रमणकालीन न्याय प्रक्रियामा प्रतिबद्धता व्यक्त गरेका थिए ।

तर शुरूदेखि नै यसमा लम्बेतान र जानाजान ढिलाइहरू गरिए । सरकारले २०६७ सालमा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्नका लागि नयाँ कानून बनाउने प्रयास गऱ्यो । तर दलहरूले क्षमादानको प्रावधानमा सर्वसम्मति नजनाएका कारण यसलाई संसद्ले पारित गरेन । २०७० सालमा नयाँ राजनीतिक नेतृत्वको सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश जारी गऱ्यो । त्यसमा अपराधीलाई क्षमादानको प्रावधान पनि समावेश गरिएको थियो । यसविरुद्ध पीडित तथा मानवअधिकारवादी अधिवक्ताहरूको निवेदन परेपछि सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी अध्यादेशमा संशोधन गर्न सरकारलाई आदेश दियो ।

संविधानसभाले सर्वोच्च अदालतको आदेशलाई बेवास्ता गर्दै अध्यादेशलाई सामान्य फेरबदल मात्र गऱ्यो अनि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का रूपमा पारित गऱ्यो । २०७१ बैशाख २८ गते (२०१४ मे ११) बाट यो कानून लागू गरियो । यस कानूनमा संशोधन नगरिकनै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग वि.सं. २०७१ माघमा गठन गरियो । यी दुवै आयोग प्रभावकारी देखिएका छैनन् ।

२३४ जना पीडितहरूले नेपालका मानवअधिकारवादी संगठनहरूको सहायतामा यस ऐनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरे । ऐनका कतिपय प्रावधानले नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको उल्लंघन गरेको भनी सर्वोच्च अदालतले वि.सं. २०७१ फागुनमा ठहर गऱ्यो । विशेषगरी अत्यन्त गम्भीर उल्लंघनका लागि जिम्मेवार व्यक्तिहरूलाई क्षमादान दिने प्रावधानलाई अदालतले ठाडै अस्वीकार गऱ्यो । सरकारले यो फैसला उल्ट्याउनका लागि निवेदन दियो । सर्वोच्च अदालतले वि.सं. २०७७ वैशाख १५ मा सरकारको निवेदन खारेज गऱ्यो ।

यस कानूनले आधारभूत अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड पालन गर्न नसकेको भनी संयुक्त राष्ट्रसंघका साथै अन्तर्राष्ट्रिय अधिकारवादी समूहहरूले विस्तृत व्याख्या गरेका छन् ।

वि.सं. २०७२ मा जारी गरिएको संविधानअन्तर्गत रही वि.सं. २०७५ सालमा निर्वाचित भई प्रधानमन्त्री खड्ग प्रसाद शर्मा ओलीले नेतृत्व गरेको सरकारले वास्तविक जवाफदेहिता सुनिश्चित गर्नका लागि यस कानूनमा संशोधन गर्नु आफ्नो प्राथमिकता रहेको संकेत दिएको थियो । असार २०७५ मा सरकारले संशोधन मस्यौदा प्रस्तुत गऱ्यो र अन्तर्राष्ट्रिय मानवअधिकारवादी समूहहरू लगायतका सरोकारवालासँग परामर्शहरू गऱ्यो ।

तर यी संशोधनहरूले विद्यमान ऐनमा केही सुधार गरेको भए पनि त्यसलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन सकेनन् । मेलमिलाप गराउने र गम्भीर अपराधमा कम तथा वैकल्पिक सजाय दिलाउनमा नै संशोधित प्रावधानको जोड थियो । आरोपितको पश्चात्ताप, पीडितसँग मेलमिलाप र कसूर नदोहोऱ्याउने प्रतिबद्धताले सजाय कम गराउने निर्णयलाई प्रभावित पार्नुपर्ने भनी संशोधनहरूले इंगित गरेका थिए । यसको आलोचना भएपछि सरकारले यी संशोधनहरू संसद्बाट पारित गर्ने प्रयास रोक्यो । अहिलेसम्म सरकारले सर्वोच्च अदालतको निर्णय बमोजिम सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गरेको छैन ।

संविधान र कार्यसञ्चालन दुवै सन्दर्भमा सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल छैनन् । यस कानूनी संरचनाले "जबर्जस्ती मेलमिलाप" गराउने हदसम्मको प्रावधान राखेको भनी पीडितहरूका समूहले भर्त्सना गरेका छन् । ऐनमा प्रस्तावित मध्यस्थताको प्रावधानविरुद्ध सर्वोच्च अदालतमा निवेदन दायर गर्दै पीडित समूहहरूले जोखिममा परेका तथा सीमान्तीकृत पीडित समुदाय र शक्तिशाली संस्था तथा नेताहरूको समर्थनप्राप्त पीडकहरूबीचको असमानतालाई पनि यस नीतिले विचार नगरेको भनी जिकिर गरे । पीडकलाई क्षमादान दिँदै मानवअधिकारका गम्भीर उल्लंघनमा दण्डहीनता सुनिश्चित गराएर अधिकारीहरूले न्यायलाई अवमूल्यन गर्नका लागि मेलमिलापको उपयोग गर्न खोजेको पीडित परिवारहरूको आरोप छ । यसरी मेलमिलाप गराउनु भनेको अन्तर्राष्ट्रिय कानूनअन्तर्गत परिभाषित गम्भीर अपराधको हदमा पुग्ने उनीहरू बताउँछन् ।

आयोगहरूले कसैसँग परामर्श नगरी, संयोजन नगरी अपारदर्शी ढंगले काम गर्दा द्वन्द्वपीडित तथा नागरिक समाजका सदस्य लगायत सबै प्रमुख सरोकारवालाहरूमा अविश्वासको स्थिति पैदा भएको छ । फागुन २०७४ सम्ममा सत्यनिरूपण तथा मेलमिलाप आयोगले ६० हजार २९८ वटा उजुरी प्राप्त गरेको छ भने बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले ३ हजार ९३ वटा उजुरी प्राप्त गरेको छ तर दुवै आयोगले पीडितलाई न्याय दिलाउने सम्बन्धमा कुनै प्रगति गर्न सकेका छैनन् । एड्भोकेसी फोरमद्वारा फागुन २०७६ मा प्रकाशित प्रतिवेदनमा आयुक्तहरूको थपिएको पदावधि समाप्त हुँदासम्म सत्यनिरूपण तथा मेलमिलाप आयोगले प्राप्त गरेको उजुरीमध्ये १० प्रतिशतभन्दा कममा प्रारम्भिक अनुसन्धान पूरा गरेको र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले ७५ प्रतिशत उजुरीमा प्रारम्भिक अनुसन्धान शुरू गरेको पाएको छ । दुवै आयोगमा पीडितहरूले दिएका ६० हजारभन्दा बढी उजुरीहरूमध्ये एउटा पनि टुंगोमा पुऱ्याइएको छैन् ।

वि.सं. २०५९ मा माओवादीहरूले हत्या गरेका मुक्तिनाथ अधिकारीका छोरा सुमन अधिकारी पीडित तथा तिनका परिवार अहिलेसम्म पनि सत्य, न्याय र परिपूरणको खोजी गरिरहेको बताउँछन् । "न्यायका लागि प्रतीक्षा लम्बिँदै जाँदा पीडितहरू निराश भइसकेका छन्," उनले भने । "सरकारले अन्तर्राष्ट्रिय मञ्चहरूमा न्यायप्रति ओठेभक्ति मात्र देखाइरहेको छ । कठपुतली आयुक्तहरू केही बोल्दैनन् । परिस्थिति निकै जटिल छ ।" पीडित समूहहरूसँग कार्तिक २०७६ मा एड्भोकेसी फोरमले आयोजना गरेको एक परामर्श बैठकमा एक सहभागीले बताइन् :

> यी आयोगहरू अस्तित्वमा छन् भन्ने देखाउनका लागि मात्र गठन गरिएका हुन् । उनीहरूले कुनै अनुसन्धान गरेका छैनन् । मैले मेरा पति बेपत्ता भएको विषयमा उजुरी दिएकी छु । मैले उजुरी दिएपछि अहिलेसम्म कोही पनि अद्यावधिक जानकारी मलाई दिन आएको छैन् । कुनै अनुसन्धान भएकै छैन् । सबै संस्थाहरूले हामीलाई न्याय दिन किन नसकेका ?"

## विश्वव्यापी क्षेत्राधिकार

नेपालले संक्रमणकालीन न्यायमा गरेका प्रयासमा सुधार ल्याउन नसकेमा संसारभरिका अदालतले अन्तर्राष्ट्रिय अपराधहरूमा बढी जिम्मेवार व्यक्तिहरूलाई नेपालको न्याय प्रणालीले प्रभावकारी रूपमा अनुसन्धान र अभियोजन गर्न सक्दैन भन्ने धारणा बनाएर "विश्वव्यापी क्षेत्राधिकार" को सिद्धान्तअन्तर्गत तेस्रो मुलुकमा नेपालका मुद्दाहरूमा अभियोजनको ढोका खोल्न सक्छन् । युद्धअपराध, मानवताविरुद्धको अपराध, नरसंहार, यातना र जबर्जस्ती बेपत्ता लगायतका जघन्य अपराधहरू संसारको जुन कुनामा जोसुकैले गरेको भए पनि विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तबमोजिम कुनै पनि देशको फौजदारी न्याय प्रणालीले अनुसन्धान तथा अभियोजन गर्न पाउँछ ।

बेलायतको क्राउन प्रोसिक्युसन सर्भिसले अभियोजन गरेका महासेनानी कुमार लामाको मुद्दाबिषे उदाहरणको रूपमा लिन सकिन्छ । लामाले द्वन्द्वका क्रममा यातनाको अपराध गरेको आरोपमा मुद्दा चलाइएको थियो । नेपालले बेलायती प्रहरीको अनुसन्धानमा सहकार्य गर्न अस्वीकार गऱ्यो । जुरीले एक आरोपमा निर्णय लिन नसकेपछि लामालाई सबै आरोपबाट सफाइ दिइयो तर अत्यन्तै गम्भीर अपराधका आरोपितहरू अन्य देशमा पनि पक्राउ र अभियोजनको जोखिममा पर्ने तथा पीडितहरूलाई उनीहरूको देशमा न्यायबाट वञ्चित गरिएमा संसारभरि जहाँसुकै पनि न्याय पाउनका लागि कोशिश गर्न सकिने लामाको मुद्दाले साबित गरेको छ ।

द्वन्द्व अन्त्य भएको १४ वर्ष बितिसकेको छ र नेपाल लोकतान्त्रिक तथा समृद्ध समाज बनाउनका लागि प्रयास गरिरहेको छ । वि.सं. २०७२ मा जारी गरिएको नयाँ संविधानले यी मानवअधिकारका सिद्धान्तहरूलाई समर्थन गरेको छ । तर विधिको शासनमा आधारित रहेको तथा अधिकारलाई सम्मान गर्ने समाजले मानवअधिकार उल्लंघनका लागि दण्डहीनतालाई प्रोत्साहन गर्ने प्रणालीलाई स्वीकार गर्न मिल्दैन । विगतका अपराधमा जवाफदेहिता कायम गर्न नदिएर नेपालका शासकहरूले सुखद भविष्यको निर्माणको आधार बन्ने सिद्धान्तहरूलाई परित्याग गरिरहेका छन् ।

# विधि

मानवअधिकार उल्लंघनका आरोपहरूमा नेपालको न्याय प्रणालीले कसरी कारवाही गर्छ भन्ने विषयको परीक्षणका लागि ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले असार २०६३ देखि प्रहरीसमक्ष दिइएका ४९ वटा जाहेरीमा परेका ६२ वटा मुद्दामा भएका प्रगतिको अभिलेख राखेका छन् । यीमध्ये ४६ वटा जाहेरीहरू सन् २००२ देखि २००६ सम्म सुरक्षाफौजहरूले गरेका भनिएका गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातना वा बलात्कारसँग सम्बन्धित छन् ।[१] अन्य जाहेरीहरू नेपाल कम्युनिस्ट पार्टी-माओवादीका सदस्यले गरेको भनिएको हत्यासँग सम्बन्धित छन् ।[२]

हामीले वि.सं. २०६५ मा पहिलोपटक न्यायको प्रतीक्षामा शीर्षकको संयुक्त प्रतिवेदन प्रकाशन गरेका थियौं । वि.सं. २०६६ मा प्रकाशित अझै न्यायको प्रतीक्षामा शीर्षक प्रतिवेदन, वि.सं. २०६७ को कर्तव्यप्रति उदासीनता प्रतिवेदन र वि.सं. २०६८ मा घाउमा नूनचुक दल्दै प्रतिवेदनमा हामीले आफ्ना निष्कर्षलाई अद्यावधिक गरेका थियौं ।[३] यो प्रतिवेदन एक दशकपछि यिनै मुद्दाहरूको अनुगमनमा आधारित छ र यसले अझैसम्म न्याय दिलाउन प्रयास नगरिएको विषयलाई अभिलेखीकरण गरेको छ । यी सबै मुद्दामा न्याय खोजिरहेका परिवारहरूलाई एड्भोकेसी फोरमका अधिवक्ताहरूले सहायता गरेका थिए र अझैसम्म गरिरहेका छन् ।

जेठ र असार २०७७ मा एड्भोकेसी फोरमले यी मुद्दाहरूमा अनुसन्धान तथा अभियोजनका विषयमा भएका प्रगतिको अद्यावधिक सूचनाका लागि जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, अदालत तथा पीडित परिवारसँग सम्पर्क गरेको थियो । कोभिड-१९ रोक्नका लागि लगाइएको नियन्त्रणका कारण कर्मचारीहरूले जिल्लामा सबै प्रहरी तथा न्यायाधिवक्ताको कार्यालय जान पाएनन् तर सम्बन्धित अधिकारीहरूसँग टेलिफोनमा कुराकानी गरेका थिए । बाग्लुङ, बाँके, धनुषा, कञ्चनपुर, मोरङ, रूपन्देही, काभ्रे, धादिङ, उदयपुर, कपिलवस्तु र रामेछाप जिल्लामा अधिकारीहरूसँग सम्पर्क गरिएको थियो ।

[१] उक्त समयमा जबर्जस्ती बेपत्ता र यातनालाई नेपाली कानूनले फौजदारी अपराध नबनाएकाले पीडितका लागि कानूनी उपचारको व्यवस्था थिएन । बेपत्ता पारिएका आफ्ना नातेदारलाई यातना दिइएको र हत्या गरिएको भनी विश्वास गर्ने आधार भएका परिवारलाई पनि एड्भोकेसी फोरमले सहयोग गरेको थियो । बलात्कारको घटनामा उजुरीका लागि ३५ दिनको हदम्याद राखिएको थियो जसले गर्दा अपराध भएको कैयौं वर्षपछि जाहेरी दर्ता गर्न असहज बनेको थियो । एउटा घटनामा एड्भोकेसी फोरमले हदम्यादलाई चुनौति दिन खोजेको थियो तर सफल भएन । त्यसो हुनाले बलात्कारपछि हत्या भएको घटनामा मात्र उसले पीडित परिवारलाई सहयोग गऱ्यो ।

[२] यस प्रतिवेदनमा हामीले नेपाल कम्युनिस्ट पार्टी-माओवादीलाई माओवादी भनेका छौं ।

[३] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, https://www.hrw.org/reports/nepal0908web.pdf; https://www.hr w.org/sites/default/files/reports/nepal1009webwcover.pdf; https://www.hrw.org/report/2010/12/14/indifference-duty/impunity-crimes-committed-nepal;https://www.hrw.org/report/2011/12/01/adding-insult-injury/continued-impunity-wartime-abuses-nepal

# क. अधिकार उल्लंघनको निरन्तरता

वि.सं.२०५२ देखि २०६२ सम्म चलेको १० वर्षे सशस्त्र द्वन्द्वमा १३ हजारभन्दा बढी नेपालीको ज्यान गयो भने १३ सयभन्दा बढी बेपत्ता पारिए।[४] २०६३ मा गरिएको विस्तृत शान्ति सम्झौताले द्वन्द्व अन्त्य गऱ्यो र त्यसमा संक्रमणकालीन न्यायप्रतिको प्रतिबद्धता संलग्न गरिएको छ। त्यसपछिका वर्षहरूमा द्वन्द्वकालीन उल्लंघनमा जवाफदेहिता तथा परिपूरण सुनिश्चित गर्ने प्रतिबद्धता गरिँदै आएका छन्।[५] तर १४ वर्ष बितिसक्दा पनि कुनै सार्थक प्रगति हुन सकेको छैन्। उल्टो जवाफदेहिता तथा सुरक्षा क्षेत्रको सुधारका अभावमा ज्यादतीहरू जारी छन् र दण्डहीनताको संस्कृतिले जरो गाडेको छ।

**१० वर्षे द्वन्द्व**

२०५२ सालमा नेपाल कम्युनिस्ट पार्टी-माओवादी[६] ले राजतन्त्र तथा मूलधारका राजनीतिक दल लगायतका "शासकवर्ग" विरुद्ध "जनयुद्ध" घोषणा गऱ्यो।[७] सशस्त्र द्वन्द्वका आरम्भिक वर्षमा गतिलो हतियार तथा तालिम नपाएको नेपाल प्रहरीले माओवादीविरुद्ध लड्ने जिम्मेवारी वहन गर्नुपरेको थियो।

---

[४] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, २०१२, https://www.ohchr.org/Documents/Countries/NP/OHCHR_Nepal_Conflict_Report2012.pdf सन् २००३ र २००४ मा जर्बजस्ती वा अस्वैच्छिक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूहलाई संसारभरिको बेपत्ता पारिएको घटनाको रिपोर्ट दिँदा नेपालको इज्जतमा सवाल उठ्ने गरी देशमा बेपत्ताको नयाँ केसको वार्षिक आँकडा सबभन्दा बढी देखिएको थियो।

[५] मीनाक्षी गांगुली, "नेपाल : यातना विरुद्ध लोकतन्त्र," ओपन डेमोक्रेसी, फेब्रुअरी १८, २०१०, https://www.opendemocracy.net/en/nepal-torture-vs-democracy/

[६] उक्त समयमा नेपालमा नेकपा-माओवादी सहित नेपाल कम्युनिस्ट पार्टी नामका अनेकौं राजनीतिक दलहरू थिए। नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादी जस्ता मूलधारका दल पनि थिए। यी दलहरूले नेपाल कम्युनिस्ट पार्टीको साझा नाम लिएको भए पनि यिनीहरूको एकआपसमा शत्रुवत सम्बन्ध थियो। सरकारविरुद्ध सशस्त्र विद्रोह गर्ने माओवादीको निर्णयलाई अन्य गैरमाओवादी कम्युनिस्ट पार्टीहरूले अस्वीकार गरेका थिए। माओवादीहरू २०६३ सालमा भएको शान्ति सम्झौतापछि २०६५ सालमा भएको निर्वाचनलगत्तै सरकार बनायो। नेकपा एमाले नेपालको मूलधारको प्रमुख राजनीतिक शक्तिका रूपमा कायम रह्यो र द्वन्द्वोत्तर कालमा बनेका विभिन्न सरकारमा पनि सहभागी भयो। मे १७, २०१८ मा नेकपा-एमाले र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले पार्टी एकताको घोषणा गरे। (माओवादीले द्वन्द्वोत्तर समयमा टुक्रिने र जोडिने क्रम जारी राखेको थियो अनि नाम अलिकति परिवर्तन गरेर माओवादी केन्द्र भनी आफूलाई चिनाउन थालेको थियो।) दुई पार्टी मिसिएर बनेको नेकपा अहिले सरकारमा छ यद्यपि पार्टीमा तनाव जारी छ। हेर्नुस् द काठमाडौं पोस्टमा टीकाराम प्रधानको समाचार, https://kathmandupost.com/politics/2020/02/16/two-years-after-merger-differences-remain-in-nepal-communist-party-over-people-s-war; द वायरमा विश्वास बरालको लेख https://thewire.in/south-asia/nepal-left-parties-merger

[७] इन्टरनेसनल क्राइसिस ग्रुप, https://www.crisisgroup.org/asia/south-asia/nepal/nepals-maoists-their-aims-structure-and-strategy

माओवादीहरूले मूलधारका राजनीतिक दलका सदस्य तथा जमिन्दारका परिवारहरूमाथि आक्रमण गरे । माओवादीका मुख्य तारोका रूपमा रहेका सयौं प्रहरी अधिकारीले ज्यान गुमाए । माओवादीले आक्रमण गरेर ध्वस्त बनाएकाले वा सुरक्षाका कारण देखाउँदै प्रहरीका जवानलाई फिर्ता बोलाइएकाले देशभरिका १९ सय ७१ वटा प्रहरी चौकीमध्ये १२ सय ७१ ले काम गर्न छोडे ।[८] २०५८ सालसम्ममा माओवादीहरूले नेपालका ७५ जिल्लामध्ये २२ वटामा प्रभावकारी रूपमा नियन्त्रण कायम गरिसकेका थिए । उनीहरूले विकास परियोजना र विद्यालय तथा स्वास्थ्य सेवामा हैकम जमाउन थालेका थिए भने कर उठाउन, "जनअदालत" सञ्चालन गर्न र राज्यको काम आफैंले गर्न थालेका थिए ।

वि.सं. २०५८ भदौ १४ मा सरकार र माओवादीहरूबीच शान्तिवार्ता शुरू भयो तर माओवादीहरूले एकपक्षीय रूपमा वार्ताबाट पछि हटेर ४२ वटा जिल्लामा प्रहरी र सेनाका चौकीहरूमा आक्रमण गर्दै ८० जना सुरक्षाकर्मीको हत्या गरेपछि वि.सं. २०५८ मंसिर ८ मा वार्ता भंग भयो ।[९] मंसिर ११ मा सरकारले देशमा संकटकाल लगाइएको घोषणा गऱ्यो र शाही नेपाली सेना परिचालन गऱ्यो ।[१०]

सेनाको संलग्नताले सशस्त्र विद्रोह नियन्त्रण गर्न खासै सफलता पाएन, उल्टो सर्वसाधारणका लागि यो थप घातक बन्न पुग्यो । मंसिर २०५८ पछि आठ हजारभन्दा बढी मानिसको मृत्यु भयो र तिनमा अधिकांश सर्वसाधारण थिए । सुरक्षाफौजहरूले गैरन्यायिक तथा कानूनविपरीत हत्या, जबर्जस्ती बेपत्ता, यातना तथा स्वेच्छाचारी पक्राउ लगायतका अपराध गरेको आरोप लाग्यो । माओवादीहरूले "वर्गशत्रुहरू" को अपहरण र हत्या गरे, व्यापक रूपमा फिरौती उठाए र बालबालिकालाई भिडन्तका लागि जबर्जस्ती लगे ।[११] दुवै पक्षले बलात्कार तथा यौनजन्य हिसा गरेको आरोप छ ।[१२]

जेठ २०५९ मा संसद् विघटन गरियो र त्यसको एक वर्षपछि राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरे । त्यसपछिका वर्षहरूमा राजाले अनेकौं प्रधानमन्त्री नियुक्त गर्ने र बर्खास्त गर्ने क्रम जारी राखे भने संसदीय दलहरूले राजनीतिमा दरबारको भूमिकाको विरोध गरे । सन् २००२ मा नै सरकारले आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश जारी गरेर "आतंकवादी" क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न सुरक्षाफौजहरूलाई व्यापक अधिकार दिंदै माओवादीलाई "आतंकवादी संगठन" घोषणा गऱ्यो ।[१३]

वि.सं. २०६० को साउनमा सेनाले रामेछाप जिल्लाको दोरम्बामा १७ जना माओवादी र दुई सर्वसाधारणको सामूहिक हत्या गरेपछि दोस्रो चरणको शान्तिवार्ता भंग भयो ।[१४] वि.सं. २०६० को कार्तिकमा सरकारले प्रहरी र सशस्त्र प्रहरी

---

[८] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, https://www.hrw.org/reports/nepal0908web.pdf.

[९] एम्नेस्टी इन्टरनेसनल, https://www.amnesty.org/en/documents/asa31/016/2002/en/ सीएनएन, https://edition.cnn.com/2001/WORLD/asiapcf/south/11/23/nepal.truceends/

[१०] ऐतिहासिक रूपमा नेपाली सेना राजाको अधीनमा रहन्थ्यो र शाही नेपाली सेना कहलिन्थ्यो । सेप्टेम्बर २००६ मा अन्तरिम संसद्ले नयाँ सैनिक कानून ल्याएर शाही नेपाली सेनालाई नेपाली सेना बनायो, संवैधानिक राजतन्त्र अन्त्य गऱ्यो र सेनालाई निर्वाचित सरकारप्रति जवाफदेही बनायो । तर सेना प्रभावकारी रूपमा नागरिक सरकारको अधीनमा छैन ।

[११] ह्युमन राइट्स वाच, https://www.hrw.org/sites/default/files/reports/nepal1004.pdf; http://hrw.org/reports/2007/nepal0207/

[१२] ह्युमन राइट्स वाच, https://www.hrw.org/report/2014/09/23/silenced-and-forgotten/survivors-nepals-conflict-era-sexual-violence.

[१३] आतंकवादी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेशका प्रावधानहरूलाई संसद्ले सन् २००२ मा कानून बनाएको हो । यसको म्याद सकिएपछि संसद्को सत्र नहुँदा राजाज्ञाले यसलाई पुनः पुनः जारी गरियो । सन् २००६ को सेप्टेम्बर महिनामा यसको म्याद सकिएपछि यसलाई नवीकरण गरिएन र यो अहिले अस्तित्वमा छैन ।

[१४] राष्ट्रिय मानवअधिकार आयोग, http://nhrcnepal.org/nhrc_new/doc/newsletter/Reprot_Doramba_R.pdf

बल (अर्धसैनिक) संगठनलाई सेनाको एकीकृत कमान्डमा राख्यो ।[१५] माओवादीहरूले गाउँमा नियन्त्रण कायम गरेका थिए भने सुरक्षाफौजहरू जिल्ला सदरमुकाममा रहेका सुरक्षित अड्डाहरूमा बसेर बाहिर निस्केर खोजीकार्य तथा कठोर सुरक्षा कारवाही गर्थे ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले नेपालमा मानवअधिकारको अनुगमन गर्नका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय गठन गर्न लामो समयदेखि आह्वान गरिरहेकोमा अन्तर्राष्ट्रिय समुदायले वैशाख २०६२ मा बल्ल त्यसको गठन गर्‍यो ।[१६] माओवादीहरूले उच्चायुक्तको कार्यालयलाई ज्यादती भनिएका घटनाको अनुसन्धान गर्न अनुमति दिए र केही मुद्दामा भए पनि अनुगमनकर्ताहरूले व्यक्त गरेका चिन्तामा प्रतिक्रिया जनाए ।[१७] सुरक्षाफौजहरूले गर्ने जबर्जस्ती बेपत्ताका उजुरीहरू घटे यद्यपि सेनाले उच्चायुक्तको कार्यालयलाई उल्लेख्यै सहयोग भने गरेन । सैन्य अदालत तथा कोर्ट मार्सलका अभिलेखहरूमा उच्चायुक्तको कार्यालयलाई पूर्ण पहुँच पनि दिएन ।[१८]

वि.सं. २०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले संकटकाल घोषणा गरे[१९] र द्वन्द्व अन्त्य गर्न नागरिक सरकार अक्षम भएको भन्दै सेनाको समर्थनमा प्रत्यक्ष कार्यकारीको अधिकार लिए । उनले हजारौं कार्यकर्ता, पत्रकार र मानवअधिकार रक्षकहरूलाई हिरासतमा राख्ने आदेश दिए अनि नागरिक स्वतन्त्रतामा कठोर बन्देज लगाए ।[२०] त्यसको विरोधमा प्रदर्शनहरू गरिए र त्यसलाई मूलधारका राजनीतिक दल र माओवादीहरूले समर्थन गरे ।

माओवादीहरूले वि.सं. २०६२ भदौ १८ मा चार महिनाका लागि युद्धविराम गर्ने एकपक्षीय घोषणा गर्‍यो तर शाही सरकारले युद्धविराम गरेन । संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले सातदलीय गठबन्धन[२१] बनाएर माओवादीहरूसँग वार्ता गरे । उक्त वार्ताको मध्यस्थता भारत सरकारले गरेको थियो । वि.सं. २०६२ मंसिर ७ मा सात दलीय गठबन्धन र माओवादीहरूले १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर गरे । त्यसमा संविधानसभाको निर्वाचन आह्वान गर्ने, माओवादीलाई बहुदलीय लोकतन्त्र, मानवअधिकार तथा विधिको शासनका लागि मनाउने लगायतका प्रतिबद्धताहरू थिए । शाही सरकारले उक्त समझदारीको कठोर आलोचना गर्‍यो तर संयुक्त राष्ट्रसंघका महासचिवले त्यसको स्वागत गरे ।[२२]

२०६२ पुसमा एकपक्षीय युद्धविरामको अन्त्य भएपछि माओवादीहरूले चैत १ गतेदेखि लागू हुने गरी काठमाडौं तथा सबै जिल्लाका सदरमुकाममा नाकाबन्दीका लागि आह्वान गरे र २० चैतबाट देशव्यापी आमहडतालको घोषणा

---

[१५] यी तीनै बलहरू संयुक्त गश्तीमा प्रायः जाने गर्थे । यस प्रतिवेदनमा सुरक्षाबल भन्नाले सेनाको संयुक्त कमान्डमा रहेका बल भनी बुझ्नुपर्छ ।

[१६] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, https://www.ohchr.org/EN/Countries/AsiaRegion/Pages/NPSummary.aspx

[१७] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदन

[१८] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयका विभिन्न प्रतिवेदन, https://www.refworld.org/docid/477e3f0d0.html

[१९] नोभेम्बर २००१ मा घोषणा गरिएको संकटकालको म्याद अगस्ट २००२ मा सकियो ।

[२०] द गार्डियन पत्रिका, https://www.theguardian.com/world/2005/feb/02/nepal

[२१] सात दलीय गठबन्धनमा नेपाली कांग्रेस, नेपाली कांग्रेस (लोकतान्त्रिक), नेकपा-एमाले, जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्टी, संयुक्त वाममोर्चा र नेपाल सद्भावना पार्टी थिए । नेपाली कांग्रेस (प्रजातान्त्रिक) सन् २००७ को सेप्टेम्बर महिनामा नेपाली कांग्रेससँग मिसियो ।

[२२] इन्स्टिच्युट अफ पीस यान्ड कन्फ्लिक्ट स्टडीज, https://www.files.ethz.ch/isn/95784/IPCS-Special-Report-22.pdf

गरे । सात दलका प्रतिनिधिहरूसँग नयाँ दिल्लीमा भएका वार्तापछि माओवादीहरूले राजनीतिक दलहरूसँग मिसिएर शक्तिप्रदर्शन गरे । कर्फ्युको आदेश उल्लंघन गर्दै दशौं हजारजना देशभरि व्यापक प्रदर्शनमा सहभागी भए ।

वि.सं. २०६३ वैशाख ११ मा राजाले संसद् पुनःस्थापनाको घोषणा गरे ।[२३] प्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन गरियो । सरकारले माओवादीहरूसँग पूर्ण शान्ति सम्झौताका लागि वार्ता शुरू गऱ्यो ।

## विस्तृत शान्ति सम्झौता

नेपाल सरकार र नेकपा-माओवादीबीच २०६३ मंसिर १३ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो । यस सम्झौताले विभेद, स्वेच्छाचारी थुना, यातना, हत्या र जबर्जस्ती बेपत्ता लगायतका मानवअधिकार उल्लंघनको अन्त्य गर्ने अनेकौं प्रतिबद्धता व्यक्त गऱ्यो ।[२४] विस्तृत शान्ति सम्झौतामा "मानवअधिकारको गंभीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने" प्रतिबद्धता पनि समावेश गरिएको छ ।[२५]

वि.सं. २०६३ मा 'सीमित अवधिको केन्द्रित मिसन' भनी वर्णन गरिएको नेपालका लागि संयुक्त राष्ट्रसंघको मिसन (अनमिन) गठन गरियो ।[२६] दुवै पक्षका "हातहतियार तथा सशस्त्र फौजहरूको निगरानी" गर्ने, निर्वाचनको योजना, तयारी तथा कार्यसम्पादनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने तथा युद्धविरामका व्यवस्थाहरूको अनुगमनमा सहायता गर्ने यसको कार्यादेश थियो ।

युद्धविराम कायम रह्यो तर त्यसको वर्षौंसम्म राजनीतिक अस्थिरता निम्तियो किनकि राजनीतिक दलहरूमा आन्तरिक तथा बाह्य असहमति कायम रहे । मानवअधिकारको गम्भीर उल्लंघनमा जवाफदेहिता सुनिश्चित गर्ने प्रतिबद्धता कार्यान्वयनतर्फ कुनै पनि दलले सार्थक कदम चालेनन् यद्यपि यस विषयले राजनीतिक लेनदेनमा जटिलता ल्यायो ।[२७]

---

[२३] द गार्डियन पत्रिका, https://www.theguardian.com/world/2006/apr/24/nepal

[२४] विस्तृत शान्ति सम्झौता, https://peacemaker.un.org/sites/peacemaker.un.org/files/NP_061122_Comprehensive%20Peace%20Agreement%20between%20the%20Government%20and%20the%20CPN%20%28Maoist%29.pdf

[२५] उही ।

[२६] सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव १७४०, https://www.un.org/press/en/2011/sc10152.doc.htm

[२७] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, https://www.hrw.org/reports/nepal0908web.pdf; https://www.hrw.org/sites/default/files/reports/nepal1009webwcover.pdf; https://www.hrw.org/report/2010/12/14/indifference-duty/impunity-crimes-committed-nepal.

## नयाँ संविधान

नयाँ लोकतान्त्रिक संविधानको मस्यौदा तयार पार्ने संविधानसभाको चुनाव शान्ति सम्झौताको केन्द्रीय विषयवस्तु थियो । राजनीतिक विमतिका कारण यस प्रक्रियामा लगातार ढिलाइ भइरह्यो ।[२८] पहिलो संविधानसभाको निर्वाचन २०६५ सालमा सम्पन्न भयो । यसले २०६९ सालमा म्याद गुज्रिनुअघि संविधान जारी गर्न नसकेपछि २०७० सालमा दोस्रो संविधानसभा चुनाव सम्पन्न भयो ।

वैशाख २०७२ मा दुई ठूला भूकम्प गएपछि चार प्रमुख दलहरूले समुचित परामर्शविना "द्रुत" प्रक्रिया अपनाएर संविधान तयार पार्ने सहमति २५ जेठमा गरे ।[२९] वि.सं. २०७२ असोज ३ गते दोस्रो संविधानसभाले नयाँ संविधान जारी गऱ्यो ।[३०]

२०७२ को संविधानले नेपाल संघीय गणतन्त्र भएको घोषणा गऱ्यो र यसमा बहुभाषी, बहुजातीय देशको विविधतालाई सम्बोधन गर्ने उपायहरू समावेश गरिएको छ । देशलाई सात प्रदेशमा पुनःसंरचना गरियो । प्रदेशहरूसँग प्रदेश तहमा कानून बनाउने तथा प्रहरी प्रशासन सञ्चालन गर्ने, कर उठाउने र प्राकृतिक स्रोतबाट हुने आम्दानीलाई वितरण गर्ने अधिकार छन् । प्रदेशको सीमा निर्धारण जटिल र विवादित छ । संविधान जारी गर्नमा निरन्तर भएका ढिलासुस्तीको प्रमुख कारण यो पनि हो ।[३१]

संविधान मस्यौदा बनाउने अन्तिम सातातिरबाट विरोध प्रदर्शन हुन थाले । तराईका सीमान्तीकृत समूहहरूले "द्रुत" प्रक्रिया र त्यसमार्फत बनाइएको संविधानमा आपत्ति जनाए ।

नयाँ संविधानको विरोधमा दुई ठूला जातीय वा सामाजिक समूहहरू संलग्न रहे- पूर्वी र मध्य तराईमा रहेका मधेशी तथा सुदूरपश्चिममा रहेका थारू समुदाय । आफ्ना समुदायसँग गरिएका प्रतिबद्धतालाई नयाँ संविधानले पालन नगरेको भन्ने उनीहरूको तर्क थियो । उनीहरूले प्रदेशका सीमाप्रति आपत्ति जनाए । संसदीय क्षेत्रको असमान वितरण तथा आमाले आफ्नो नाममा छोराछोरीलाई नागरिकता दिन पाउने अधिकारमा बन्देजप्रति उनीहरूको विशेष आपत्ति रह्यो ।

---

[२८] एसिया ह्युमन राइट्स कमिसन, https://tbinternet.ohchr.org/Treaties/CCPR/Shared%20 Documents/NPL/INT_CCPR_NGO_NPL_14604_E.pdf); नेपाली टाइम्स, https://archive.nepalitimes.com/article/editorial/2072-constitution,2173; dLgfIfL uf+u'nLhttps://www.opendemocracy.net/en/nepal-wrong-trail-right-track/.

[२९] मञ्जुश्री थापा, द वायर, https://thewire.in/south-asia/nepals-slippery-fast-track

[३०] हरि फुयाँल, द डिप्लोम्याट, https://thediplomat.com/2015/09/nepals-new-constitution-65-years-in-the-making/

[३१] चार्ल्स ह्याभिल्यान्ड, बीबीसी, https://www.bbc.com/news/world-asia-34280015

## जारी उल्लंघनहरू

नेपालमा सशस्त्र द्वन्द्व आरम्भ हुनुअघि मानवअधिकार उल्लंघनमा दण्डहीनता प्रचलनमा थियो र धेरैजनाले विश्वास गरेको विश्लेषणअनुसार माओवादीहरूलाई जनताले समर्थन गर्नुमा यो पनि एक कारक तत्त्व थियो ।[३२] गैरन्यायिक हत्या तथा यातना लगायतका गम्भीर उल्लंघनमा जवाफदेहिताको अभाव द्वन्द्व अन्त्य भएको १४ वर्षसम्म पनि जारी छ र यससँगै सुरक्षा क्षेत्रमा सुधारको अभाव पनि उत्तिकै चिन्ताजनक छ ।

एड्भोकेसी फोरमले २०७६ सालमा प्रकाशन गरेको प्रतिवेदनमा उल्लेख भएअनुसार, प्रहरी हिरासतमा यातना व्यापक मात्रामा हुने गरेको छ भने कथित उच्च जातिका मानिस भन्दा दलित समुदायका साथै थारू र मधेशी लगायतका सीमान्तीकृत समुदायका मानिसमाथि बढी यातना हुने गरेको पाइएको छ ।[३३] नेपालको कानूनले २०७५ सालमा यातनालाई फौजदारी आपराधिक कार्य बनाएको भए पनि नयाँ कानूनअन्तर्गत कुनै अभियोजन गरिएको छैन ।[३४]

पीडितका आफन्तहरूले दिएको उजुरी स्वीकार गर्न र जाहेरी दर्ता गर्न प्रहरीले अस्वीकार गर्ने गरेको अभियन्ताहरू बताउँछन् । जाहेरी दर्ता भए पनि प्रहरी र अभियोजनकर्ताहरूले अनुसन्धान गर्न ढिलासुस्ती गर्छन् । जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतले आदेश गरे पनि उनीहरू अनुसन्धान अगाडि बढाउँदैनन् ।[३५]

राजनीतिक दबाब वा उल्लेख्य जनदबाब परेपछि सरकारी अधिकारीहरू परिस्थिति सामसुम पार्न छानबिन समिति वा उच्चस्तरीय आयोग गठन गर्छन् ।[३६] यस्ता आयोगले गर्ने अनुसन्धानका परिणामहरू प्रायः त्रुटिपूर्ण हुन्छन् भने अधिकारीहरूले सार्थक रूपमा सिफारिश कार्यान्वयन समेत गर्दैनन् । वि.सं. २०४६ को जनआन्दोलनमा गरिएको कठोर दमनको अनुसन्धान गर्न बनाइएको मल्लिक आयोग, २०६२-६३ को आन्दोलनको व्यापक दमनको अनुसन्धान गर्न बनेको रायमाझी आयोग तथा २०७२ सालमा तराईमा भएका प्रदर्शनहरूको कठोर दमनको अनुसन्धान गर्न गठित लाल आयोगका प्रतिवेदनहरू अहिलेसम्म प्रकाशन गरिएका छैनन् यद्यपि यसलाई प्रकाशन गर्ने सार्वजनिक प्रतिबद्धताहरू भने व्यक्त भइरहने गर्छन् ।

---

[३२] फ्रेडरिक रस्की र मन्दिरा शर्मा, "नेपाल इन ट्रान्जिसन"; दीपक थापा र बन्दिता सिजापति (सम्पा.) अन्डरस्ट्यान्डिङ द माओइस्ट मुभमेन्ट इन नेपाल ।

[३३] एड्भोकेसी फोरम, "सन् २०१८ मा यातनाको उदय, नेपालमा पुराना र नयाँ चुनौतीहरू", http://www.advocacyforum.org/downloads/pdf/publications/torture/june-2019-report.pdf (accessed October 27, 2020)। एड्भोकेसी फोरमले यातनाको घटनाको अनुगमन गरेर तयार पारेका प्रतिवेदनहरू http://advocacyforum.org/publications/torture.php

[३४] इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स, https://www.icj.org/nepal-icj-submission-to-the-un-universal-periodic-review-upr/

[३५] एड्भोकेसी फोरम, http://www.advocacyforum.org/downloads/pdf/publications/torture/26-june-2020.pdf

[३६] इन्टरनेसलन कमिसन अफ ज्युरिस्ट्स, https://www.icj.org/wp-content/uploads/2012/06/Nepal-Commissions-of-Inquiry-thematic-report-2012.pdf

## *हिरासतमा पछिल्लो समयमा हत्या तथा मृत्यु*

न्यायबाट वञ्चित गराउने कामले नेपालमा विधिको शासनलाई अवमूल्यन गरिरहेको छ र हाल जारी ज्यादतीहरूमा दण्डहीनताले प्रश्रय पाइरहेको छ ।[३७] यस्ता तीनवटा मुद्दामा गरिएका अनुसन्धान, चलाइएका कारवाही तथा पीडित वा पीडितको परिवारलाई दिइएको क्षतिपूर्तिको विस्तृत विवरण उपलब्ध गराउनका लागि संयुक्त राष्ट्रसंघका तीन प्रतिवेदकहरूले नेपाल सरकारलाई वि.सं. २०७६ कार्तिक ११ मा पत्र लेखेका छन् ।[३८]

विशेष प्रतिवेदकहरूका अनुसार, सीमान्तीकृत थारू समुदायका २७ वर्षीय दीपेन्द्र चौधरीलाई भारतमा पक्राउ गरिएको थियो र नेपाल प्रहरीलाई बुझाइएको थियो । उनलाई वि.सं. २०७५ माघ ९ मा प्रहरी हिरासतमा गोली हानेर हत्या गरिएको आरोप छ । सर्लाही जिल्लामा अवैध बालुवा उत्खननको विरोध गरिरहेका सीमान्तीकृत मधेशी समुदायका सरोज नारायण सिंहलाई प्रहरीले टाउकोमा गोली हानेर वि.सं. २०७६ असार १५ मा मारेका थिए । यी दुवै मुद्दामा प्रहरीले जाहेरी लिन नमानेको विशेष प्रतिवेदकहरूको भनाइ छ ।[३९]

तेस्रो मुद्दामा माओवादीको विप्लव समूहका सदस्य कुमार पौडेललाई प्रहरीले लालबन्दी नजिकै लखनदेहीको जंगलमा वि.सं. २०७६ असार ५ मा हत्या गरेको थियो ।[४०] पौडेलसँग दोहोरो भिडन्त हुँदा उनी मारिएको प्रहरीको दाबी छ तर उनलाई हिरासतमा राखेर यातना दिइएपश्चात् गोली हानेर मारिएको दह्रो प्रमाण छ । मृत शरीरको तस्वीर तथा पोस्टमोर्टम रिपोर्टमा पीडितको टाउकोको पछिल्तिरको भागमा गोली लागेको देखिन्छ भने शरीरका अन्य अंगमा पनि चोट लागेको पाइन्छ । उनको हात समेत भाँचिएको थियो ।[४१]

पुस २०७६ मा राष्ट्रसंघका विशेष प्रतिवेदकहरूको पत्रमा जवाफ दिँदै सरकारले यी आरोप अस्वीकार गर्दै "कुनै पनि स्वरूप र तरिकाको गैरन्यायिक हत्यलाई नेपालमा निरपेक्ष रूपमा गैरकानूनी बनाइएको छ भन्ने कुरा स्पष्ट र जगजाहेर छ" भनी दाबी गर्‍यो ।[४२] पौडेल प्रतिबन्धित समूहका "खोजी गरिएका आतंकवादी" भएको र अपराध तथा फिरौतीमा संलग्न रहेकाले, प्रहरीसँगको दोहोरो भिडन्तमा मारिएको र उनका साथीहरू घटनास्थलबाट भागेको सरकारले बतायो ।[४३]

---

[३७] तराई मानवअधिकार रक्षक सञ्जाल, https://www.thrda.org/situation-update/extrajudicial-killings-on-rise-bring-those-responsible-to-justice/

[३८] गैरन्यायिक हत्या, संक्षिप्त वा स्वेच्छाचारी हत्यासम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक, शान्तिपूर्ण भेला हुन पाउने अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक र अल्पसंख्यक मामिला सम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदकको संयुक्त प्रतिवेदन, https://spcommreports.ohchr.org/TMResultsBase/DownLoadPublicCommunicationFile?gId=24902 (accessed August 21, 2020).

[३९] उही ।

[४०] टंक क्षेत्री, रिपब्लिका दैनिक, https://myrepublica.nagariknetwork.com/news/chand-led-party-s-sarlahi-in-charge-shot-dead/

[४१] राष्ट्रिय मानवअधिकार आयोगका सचिव वेद भट्टराईसँग ह्युमन राइट्स वाचले लिएको अन्तर्वार्ता ।

[४२] गैरन्यायिक हत्या, संक्षिप्त वा स्वेच्छाचारी हत्यासम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक, शान्तिपूर्ण भेला हुन पाउने अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक र अल्पसंख्यक मामिला सम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदकको संयुक्त प्रतिवेदनमा नेपाल सरकारको प्रतिक्रिया, 2020,https://spcommreports.ohchr.org/TMResultsBase/DownLoadFile?gId=35087

[४३] उही ।

तर राष्ट्रिय मानवअधिकार आयोगले त्यसबखत गरेको अनुसन्धानले पौडेलको “गैरन्यायिक हत्या” भएको ठहर गरिसकेको थियो ।[४४] वि.सं. २०७६ कार्तिक ४ मा राष्ट्रिय मानवअधिकार आयोगले घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न प्रहरी अधिकारीहरूमाथि अनुसन्धान तथा अभियोजन गर्न सिफारिश गरेको थियो ।[४५] अधिकारीहरूले यसमा छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।[४६] तर सरकारले कुनै पनि कारवाही गरेको छैन ।[४७] कुमारका भाइ हरिकृष्ण पौडेलले परिवारलाई धाकधम्की र चेतावनी आएको बताए । “राज्य आफैंले पीडकलाई संरक्षण गरेपछि हामीले न्यायको अपेक्षा कसरी गर्ने ?” उनले भने ।[४८]

वि.सं. २०७६ माघ २३ मा पौडेलका परिवार र सहयोगीहरूले अधिवक्ताहरूको सहायोगमा सर्लाही जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गर्ने कोशिश गरे । प्रहरीले जाहेरी लिन अस्वीकार गऱ्यो । जिल्ला प्रहरी प्रमुख एसपी विश्वमणि पोखरेलले भवितव्य हत्याको अनुसन्धान गरिरहेको बताए । नातेदारहरू सर्लाही जिल्ला न्यायाधिवक्ताको कार्यालय जाँदा हुलाकबाट जाहेरी पठाउन भनियो । त्यसो गर्दा पनि उनीहरूले कुनै जवाफ पाएनन् । उल्टो, राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रतालाई अवमूल्यन गर्ने प्रयासस्वरूप प्रहरी प्रधान कार्यालयले गृह मन्त्रालयमार्फत आयोगलाई घटनाका सम्बन्धमा गरेको सिफारिशमा फेरबदल गर्न भनेको छ ।[४९] राष्ट्रिय मानवअधिकार आयोगका एक प्रवक्ताले बताए, “गृह मन्त्रालयले राष्ट्रिय मानवअधिकार आयोगलाई आयोगको सिफारिशका विषयमा पुनर्विचार गर्न भनेको छ तर हामीसँग स्पष्ट प्रमाण छ । राष्ट्रिय मानवअधिकार आयोगले घटनाको अनुसन्धान गरेर यो गैरन्यायिक हत्या हो भन्ने निष्कर्ष निकालेको छ ।”[५०]

दलित समुदायका २३ वर्षीय शम्भु सदा वि.सं. २०७७ जेठ २८ मा धनुषा जिल्लाको प्रहरी हिरासतमा मृत अवस्थामा फेला परे ।[५१] त्यसको दुई हप्ताअघि उनले चलाएको गाडीले ठोकिएर एकजनाको ज्यान गएको थियो । प्रहरीले सदाको मृत्यु आत्महत्या भएको बताए पनि उनका आफन्तहरू उनलाई यातना दिएर मारिएको आरोप लगाउँछन् । प्रहरी

---

[४४] विनोद घिमिरे, द काठमाडौं पोष्ट, https://kathmandupost.com/2/2019/10/22/killing-of-chand-party-cadre-kumar-paudel-was-extrajudicial-human-rights-commission-says

[४५] राष्ट्रिय मानवअधिकार आयोग, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_P~1.PDF

[४६] उज्ज्वल सत्याल, द हिमालयन टाइम्स, https://thehimalayantimes.com/nepal/cops-involved-in-killing-cpn-leader-to-face-action/

[४७] एड्भोकेसी फोरम, http://www.advocacyforum.org/downloads/pdf/press-statement/2020/obstruction-of-justice-on-kumar-poudel-case-one-year-of-impunity-english-version.pdf

[४८] हरिकृष्ण पौडेलसँग एड्भोकेसी फोरमले लिएको अन्तर्वार्ता ।

[४९] विनोद घिमिरे, द काठमाडौं पोष्ट, https://kathmandupost.com/national/2020/08/14/another-case-spotlights-apathy-towards-rights-body?fbclid=IwAR04DiYf_feBIWoBuPDEdAcP70EKgAj5jCwV7dxn5p2nbHhZJ1mP_sYmD (accessed August 21, 2020).

[५०] वेद भट्टराईसँग ह्युमन राइट्स वाचले लिएको अन्तर्वार्ता ।

[५१] पिटर गिल र आभा लाल, द वायर, https://thewire.in/south-asia/deaths-in-custody-impunity-nepal-police (accessed September 15, 2020); अनलाइनखबर, जतtps://english.onlinekhabar.com/dhanusha-body-of-man-who-died-in-custody-awaits-postmortem.html (accessed September 15, 2020); बृजकुमार यादव, द हिमालयन टाइम्स, https://thehimalayantimes.com/nepal/kins-continue-protest-demanding-fair-investigation-of-alleged-suicide-of-musahar-youth-in-dhanusha/

ज्यादतीको विरोध भएपछि प्रहरीले शुरूमा जाहेरी दर्ता गर्न अस्वीकार गर्‍यो । राष्ट्रिय मानवअधिकार आयोगले यो जातीय आधारमा गरिएको हिंसा भएको बतायो ।[५२]

आदिवासी चेपाङ समुदायका २४ वर्षीय राजकुमार चेपाङलाई साथीहरूसँग चितवन राष्ट्रिय निकुञ्जमा घोंगी टिप्न गएको बेलामा सेनाले पक्राउ गरेर यातना दिएकोले त्यसको ६ दिनपछि वि.सं. २०७७ साउन ७ मा उनको मृत्यु भएको आरोप छ ।[५३] सेनाले उनको मृत्युमा आफ्नो जिम्मेवारी नरहेको बताएको छ र राष्ट्रिय मानवअधिकार आयोगले घटनामा अनुसन्धान शुरू गरेको छ ।[५४] राजकुमार चेपाङको परिवारले वि.सं. २०७७ साउन ८ मा चितवन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरेको भए पनि प्रहरीले निरन्तर दबाबपछि भोलिपल्ट मात्र जाहेरी दर्ता गरेको थियो ।[५५] त्यसपछि नेपाली सेनाका एक सैनिक किरण कुमार बुढालाई हत्याको आरोपमा पक्राउ गरियो । वि.सं. २०७७ असोज २७ मा चितवन जिल्ला अदालतले पुर्पक्ष चलुन्जेलका लागि उनलाई हिरासतमा राख्ने आदेश दियो । न्यायिक आदेशअनुसार, मुद्दा किनारा नलागुन्जेल उनी सेनाको हिरासतमा रहनेछन् ।[५६]

वि.सं. २०७७ भदौ १० मा दलित समुदायका १९ वर्षीय (विजयराम चमार पनि भनिने) विजय महराको प्रहरी हिरासतमा मृत्यु भयो । शुरूमा प्रहरीले उनको मिर्गौलाले काम गर्न छोडेकाले मृत्यु भएको दाबी गरेको थियो तर उनले मर्नुअघि अस्पतालमा एउटा भिडियो बनाएर आफूलाई हिरासतमा कठोर यातना दिइएको आरोप लगाए ।[५७] भदौ १ मा उनी पक्राउ पर्दा उनको स्वास्थ्य राम्रो रहेको महराको परिवारको भनाइ छ । चिकित्सकहरूले उनको हात र ढाडमा चोटपटक लागेको पाए । राष्ट्रिय मानवअधिकार आयोगले घटनामा अनुसन्धान शुरू गरेको छ ।[५८]

अर्को मुद्दामा प्रहरीको एक टोलीले वि.सं. २०७५ साउन २१ मा सिन्धुपाल्चोकका २३ वर्षीय गोपाल तामाङ र नुवाकोटका २४ वर्षीय अजय तामाङलाई गोली हानी मारेको भनी राष्ट्रिय मानवअधिकार आयोगले कार्तिक २०७७ मा निष्कर्ष निकालेको थियो । बालक अपहरणको आरोप लागेका यी दुईजना दोहोरो भिडन्तमा मारिएको प्रहरीले दाबी गर्‍यो । तर राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धानपछि यस हत्यामा संलग्न पाँच प्रहरी अधिकारीविरुद्ध फौजदारी अभियोगमा कारवाही चलाउन सरकारलाई सिफारिश गरेको छ ।[५९]

---

[५२] राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC%20Nepal%20Press%20Release-2077-5-12.pdf

[५३] मीनाक्षी गांगुली, ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2020/07/28/nepal-park-guards-accused-persecuting-indigenous-people

[५४] राष्ट्रिय मानवअधिकार आयोग, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NepalNHRC_Press_Release_2077-4-9.pdf

[५५] देवान राई, द रेकर्ड, https://www.recordnepal.com/wire/features/bailed-out-by-blood-money/

[५६] अनलाइनखबर, https://english.onlinekhabar.com/court-sends-nepal-army-soldier-accused-of-killing-chitwan-man-to-custody.html

[५७] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2020/09/02/nepal-punish-rights-abusers-protect-independent-nhrc

[५८] राष्ट्रिय मानवअधिकार आयोग, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC%20Nepal%20Press%20Release-2077-5-12.

[५९] विनोद घिमिरे, द काठमाडौं पोष्ट, https://kathmandupost.com/national/2020/10/17/national-human-rights-commission-s-probe-finds-yet-another-case-of-extrajudicial-killing

## *२०७२ तराई हिंसा*

द्वन्द्वोत्तर समयमा भएका सबभन्दा भयानक ज्यादतीहरूमा २०७२ मा नयाँ संविधानविरुद्ध तराईमा भएका विरोध प्रदर्शन पनि पर्छन् ।[६०] त्यसमा कम्तीमा १० प्रहरी सहित ६५ जनाको ज्यान गएको थियो ।[६१]

सरकारले सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा एक स्वतन्त्र छानबिन आयोग गठन गर्ने आदेश दियो ।[६२] तर लाल आयोगको निष्कर्ष सार्वजनिक गर्ने प्रतिबद्धता पालन गर्न सरकारले अस्वीकार गरिरहेको छ र प्रतिवेदन सार्वजनिक गर्नका लागि सर्वोच्च अदालतले दिएका आदेशहरूको पालन पनि गरेको छैन ।[६३]

प्रतिवेदनका केही अंशहरू मिडियामार्फत सार्वजनिक भएका छन् र त्यसमा उल्लेख भएअनुसार, प्रहरीले आदिवासी थारू समुदायका सदस्यलाई भीडको आक्रमणबाट जोगाउने कर्तव्य प्रहरीले पालन नगरेको आयोगको ठहर छ । बाटोमा उभिएका मानिस र प्रदर्शनकारीको हत्या हुनुमा प्रहरीको अत्यधिक बलप्रयोग जिम्मेवार छ र पूर्वी तराईमा विरोधकर्ताहरूका विरुद्ध घातक बलको प्रयोग “स्थानीय प्रशासनको निर्देशन तथा आदेशविना” सम्भव थिएन भनी प्रतिवेदनमा लेखिएको छ ।[६४] प्रतिवेदनले प्रहरीमा सुधारका लागि विस्तृत सिफारिश गरेको छ ।[६५]

## *धर्मेन्द्र बरईको मुद्दा*

रूपन्देही जिल्लामा १४ वर्षीय धर्मेन्द्र बरईलाई असार २०६७ मा यातना दिएर हत्या गरियो ।[६६] वि.सं. २०७६ साउन १८ मा प्रहरीले बरईका पितालाई हत्यामा अनुसन्धानका लागि जाहेरी दर्ता गर्न दिएन ।

एड्भोकेसी फोरमको सहयोगमा पीडितको परिवारले उच्च अदालत बुटवलमा परमादेशका लागि रिट निवेदन दायर गर्‍यो र अदालतले रूपन्देही जिल्ला प्रहरी कार्यालयलाई जाहेरी दर्ता गर्न तथा घटनाको अनुसन्धान गर्न आदेश दियो । तर अदालतको आदेश पालन गर्नुको साटो प्रहरीले सर्वोच्च अदालतसमक्ष पुनरावेदन दायर गर्‍यो । सर्वोच्च अदालतले उच्च अदालतको आदेशलाई सदर गर्‍यो तर यो प्रतिवेदन तयार पार्दाको मितिसम्म यस घटनाका विषयमा कुनै कारवाही अघि बढाइएको छैन ।

[६०] ह्युमन राइट्स वाच, https://www.hrw.org/report/2015/10/16/we-are-not-nepali/protest-and-police-crackdown-terai-region-nepal.

[६१] द हिमालयन टाइम्स, https://thehimalayantimes.com/kathmandu/girish-chandra-lal-led-probe-commission-submits-report/

[६२] उही ।

[६३] एएनआई (समाचार संस्था), https://www.aninews.in/news/world/asia/nepal-sc-directs-govt-to-make-public-lal-commission-report20191017234938/

[६४] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2019/10/01/nepal-release-report-2015-protest-violence

[६५] ह्युमन राइट्स वाच, https://www.hrw.org/world-report/2020/country-chapters/nepal

[६६] एड्भोकेसी फोरम, http://www.advocacyforum.org/fir/2011/10/dharmendra-barai.php

वि.सं. २०६७ मा प्रकाशित प्रतिवेदनमा ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले घटनाको प्रगति विवरण सार्वजनिक नगरिएको भनी उल्लेख गरेका थिए।[६७] उल्टो, पीडितका अधिवक्ताहरूका अनुसार, पीडितको परिवारलाई सबै कानूनी कारवाही अन्त्य गर्नका लागि डेढ लाख रुपैयाँको प्रस्ताव राखिएको थियो।

## अभिव्यक्ति स्वतन्त्रता तथा भेला हुन पाउने अधिकारमाथि बन्देज

मानवअधिकारकर्मी, अधिवक्ता तथा नागरिक समाज समूहहरूले द्वन्द्वकालका उल्लंघनहरूमा न्यायप्राप्तिका लागि व्यापक सुधारको खोजीमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। तर कुनै पनि किसिमको आलोचना नगर्न उनीहरूमाथि दबाब बढिरहेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले अभिव्यक्ति स्वतन्त्रताको अधिकार हनन गर्न सक्ने नयाँ कानूनहरू प्रस्ताव गरेको छ। मिडिया काउन्सिल ऐन, सूचना प्रविधि ऐन तथा आमसञ्चार ऐनमा हलुकासँग व्याख्या गरिएका तर सम्भाव्य रूपमा कठोर उपाय अपनाउने अनेकौं प्रावधान छन्। राष्ट्रको "स्वाभिमान" मा खलल पुऱ्याउने वा व्यक्तिको "छवि वा इज्जत" लाई क्षति गर्ने कसूर पनि उल्लेखित कानूनमा समावेश गरिएका छन्। अन्लाइन र सामाजिक सञ्जालका गतिविधिलाई नियन्त्रण गर्ने प्रावधानहरू विशेषगरी व्यापक दायराका छन्। कतिपय नयाँ कसूरहरूमा जरिवाना र लामो समयको जेल सजायको पनि प्रावधान छ।[६८] विशेष सेवा ऐनमा भएका प्रावधानहरूले नेपालको गुप्तचर निकायलाई असीमित खोजी तथा निगरानीको अधिकार दिन्छन्।[६९] सरकारले राष्ट्रिय मानवअधिकार आयोगलाई कमजोर बनाउने संशोधन पनि प्रस्ताव गरेको छ।[७०] यी विधेयकहरू अहिले संसद्मा विचाराधीन छन्।

## राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोगले गरेका अनुसन्धानमा कुनै कारवाही गरिँदैन। वि.सं. २०७७ असोज २९ मा आयोगले विगत २० वर्षको तथ्यांक संकलन गरी प्रतिवेदन प्रकाशित गर्दै मानवअधिकार उल्लंघनकर्ताको रूपमा ९८ जना प्रहरी अधिकारी, ८५ जना सैनिक तथा ६५ जना पूर्व माओवादी लडाकु गरी २८६ जनाको नाम सार्वजनिक गरेको छ। आयोगका अनुसन्धानकर्ताहरूले यी व्यक्तिहरूका विरुद्ध यातना, जबर्जस्ती बेपत्ता तथा गैरन्यायिक हत्या लगायतका ज्यादतीमा अनुसन्धान तथा अभियोजन गर्नका लागि प्रशस्त प्रमाण रहेको निष्कर्ष निकालेका थिए।[७१] २०५७ सालमा

---

[६७] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, https://www.hrw.org/report/2010/12/14/indifference-duty/impunity-crimes-committed-nepal.

[६८] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2019/09/03/nepal-amend-laws-undermining-free-expression.

[६९] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2020/05/29/nepal-amend-intrusive-intelligence-bill-o.

[७०] मीनाक्षी गांगुली, द काठमाडौं पोष्ट, https://kathmandupost.com/opinion/2019/05/07/nepal-should-not-backslide-on-human-rights

[७१] राष्ट्रिय मानवअधिकार आयोग, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Inner_20_Years_Book_2077_Final_CTP_NHRC.pdf

आयोग गठन गरिएपछि दुई दशकसम्म आयोगले दिएका निष्कर्ष र सिफारिशहरूको विश्लेषण प्रतिवेदनमा गरिएको छ । समग्रमा आयोगले १२ हजार ८ सय २५ वटा उजुरी दर्ता गरेकोमा ६ हजार ६ सय १७ वटा मुद्दामा निष्कर्ष निकालेको छ र सरकारलाई ११ सय ९५ वटा सिफारिश गरेको छ । आयोगका सिफारिशमध्ये १३ प्रतिशत सिफारिश मात्र पूर्ण कार्यान्वयन गरिएको छ, ३७ प्रतिशत सिफारिशमा आंशिक कार्यान्वयन गरिएको छ र लगभग ५० प्रतिशत सिफारिशमा कुनै कारवाही गरिएको छैन् । क्षतिपूर्ति दिनका लागि गरिएको सिफारिशलाई सरकारले प्रायः कार्यान्वयन गरेको छ तर ज्यादतीको अनुसन्धान तथा अभियोजन गर्नू भनी दिएको सिफारिशमा बिरलै मात्र कार्यान्वयन गरेको छ ।

# ख. संक्रमणकालीन न्यायमा ढिलासुस्ती

नेपालको फौजदारी न्याय प्रणालीले पीडितहरूको अधिकार संरक्षण गर्न नसकेको मात्र नभई राजनीतिक दबाबमा परी जवाफदेहितामा जानाजान अवरोध पुऱ्याइरहेको छ । विगत एक दशकमा पीडितका परिवारले अदालत वा प्रहरीमार्फत निरन्तर अधिकारीहरूलाई झकझक्याइरहेका छन् । यीमध्ये केही मुद्दामा अदालतहरूले हस्तक्षेप गर्दै अनुसन्धानको आदेश दिएका छन् । अन्य घटनामा राष्ट्रिय मानवअधिकार आयोगले हस्तक्षेप गरेको छ । तर सरकारले न्याय प्रक्रियामा अवरोध पुऱ्याइरहेको छ र यी मुद्दाहरूलाई संक्रमणकालीन न्याय संयन्त्रले हेर्ने कुरा बताइरहेको छ जबकि उक्त संयन्त्रहरूमा गम्भीर त्रुटिहरू रहेका छन् ।

## संक्रमणकालीन न्यायको कानूनी संरचना

सरकारले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनका लागि दुईवटा विधेयकको मस्यौदा र संशोधन गरेको छ । फागुन २०६६ मा उसले दुवै विधेयक संसद्मा पेश गऱ्यो । यी विधेयकहरूमा हत्या, जबर्जस्ती बेपत्ता, यातना र बलात्कारमा क्षमादान नहुने प्रावधान थिए । तर यी विधेयकहरू कानून बन्न सकेनन् ।

२०७० सालमा नेपाल सरकारले पुरानै विधेयकहरूको आधारमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग अध्यादेश जारी गऱ्यो तर माथि उल्लेखित चार किसिमका उल्लंघनका लागि क्षमादानको सिफारिश गर्न आयोगहरूलाई रोक्ने प्रावधान हटाउँदै जस्तो प्रकृतिको उल्लंघन भए पनि मध्यस्थताको प्रावधान समावेश गऱ्यो ।[७२]

यस अध्यादेशविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेपछि अदालतले माघ २०७० को सत्यनिरूपण तथा मेलमिलाप अध्यादेशलाई अस्वीकार गर्दै संक्रमणकालीन न्यायको जुनसुकै संयन्त्र अन्तर्राष्ट्रिय कानूनी मापदण्डअनुकूल हुनुपर्ने, यसले मानवअधिकारका गम्भीर उल्लंघनमा जवाफदेहिता कायम गराउनुपर्ने तथा पीडितहरूको कानूनी उपचार र परिपूरणको अधिकार सुनिश्चित गर्नुपर्ने आदेश जारी गऱ्यो ।[७३] जबर्जस्ती बेपत्ता, यातना, मानवताविरुद्धको अपराध तथा युद्धअपराध लगायतका गम्भीर मानवअधिकार उल्लंघनलाई फौजदारी अपराध बनाउने कानून सरकारले

[७२] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप अध्यादेश, http://www.simonrobins.com/missing/wp-content/uploads/2013/02/Nepal-TRC-Ordinance.pdf

[७३] माधव कुमार बस्नेत विरुद्ध नेपाल सरकार र रामकुमार भण्डारी तथा अन्य विरुद्ध नेपाल सरकार, जनवरी २, २०१४ मा गरिएका फैसलाहरू ।

बनाउनुपर्ने भन्दै सर्वोच्च अदालतले यस्ता कसूरहरूको अभियोजन गर्ने राजनीतिक इच्छाशक्ति हुँदाहुँदै पनि फौजदारी कानूनको अभावमा यस्ता मानवअधिकार उल्लंघनहरूमा पूर्ण न्याय दिन नसकिने उल्लेख गऱ्यो ।[७४]

वि.सं. २०७१ वैशाख २८ मा नेपालको संविधानसभाले सर्वोच्च अदालतको आदेशलाई पूर्ण बेवास्ता गर्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप ऐन २०१४ जारी गऱ्यो । उक्त ऐनले अध्यादेशमा सामान्य परिवर्तन मात्र गऱ्यो ।[७५] ऐनले अपराधको प्रकृति जस्तो भए पनि त्यसमा क्षमादान र मध्यस्थताको प्रावधान कायम राख्यो । यसले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गरी दुईवटा आयोग गठन गर्ने बाटो खोल्यो र आयोगहरू वि.सं. २०७१ मा गठन गरिए ।[७६]

नेपालको संक्रमणकालीन न्याय सम्बन्धी कानूनले आधारभूत मानवअधिकार मापदण्डको पालन गर्न नसकेको भनी संयुक्त राष्ट्रसंघले विस्तृत विश्लेषण गऱ्यो र विशेषगरी पीडितको इच्छाविपरीत 'क्षमादान' र 'मेलमिलाप' को प्रावधान समस्याग्रस्त रहेको भनी औंल्यायो ।[७७]

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप ऐनविरुद्धको निवेदनमा सर्वोच्च अदालतले माघ २०७१ मा आदेश दिँदै यो अस्वीकार्य रहेको बतायो । विशेषगरी मानवताविरुद्धको अपराध तथा युद्धअपराध जस्ता गम्भीर ज्यादतीहरूका लागि जिम्मेवार व्यक्तिलाई उन्मुक्ति दिने प्रावधानहरू आपत्तिजनक रहेको अदालतको ठहर छ ।[७८] सरकारले अदालतको यो फैसला उल्टाउनका लागि निवेदन दायर गऱ्यो ।

जेठ २०७५ मा महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले सन् २०१४ को प्रस्तावित विधेयकमाथि छलफल गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई निमन्त्रणा गरे । मस्यौदामा गरिएका कतिपय संशोधन स्वागतयोग्य थिए तर अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनका लागि कानूनलाई थप सशक्त बनाउन जरूरी थियो । महान्यायाधिवक्तालाई लेखेको पत्रमा ह्युमन राइट्स वाचले विश्वव्यापी क्षेत्राधिकार सहितको अन्तर्राष्ट्रिय मापदण्डको चर्चा गर्दै उल्लेख गऱ्यो :

> मस्यौदा कानूनले यातना तथा मानवताविरुद्धको अपराध जस्ता अन्तर्राष्ट्रिय अपराधमा संलग्न विशेषगरी शीर्ष तहका व्यक्तिहरूमाथि अभियोजन गर्न अप्ठ्यारो हुने गरी नेपाली कानूनमा रहेका विभिन्न छिद्रहरूलाई सम्बोधन गरेको छैन् । तपाईंलाई विदितै छ, विद्यमान कानून अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल छैन र यसलाई सर्वोच्च अदालतका विभिन्न आदेश तथा मानवअधिकारका लागि संयुक्त

[७४] इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स, https://www.icj.org/wp-content/uploads/2014/05/Nepal-TRC-Act-Briefing-Paper.pdf

[७५] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2014/07/08/nepal-fix-flawed-truth-reconciliation-act

[७६] हेर्नुस् सत्यनिरूपण तथा मेलमिलाप आयोग, http://trc.gov.np/ (accessed July 4, 2020); a]kQf kfl/Psf JolQmsf] 5fglag cfof]u https://ciedp.gov.np/content.php?id=15

[७७] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, प्राविधिक टिपोट, https://www.ohchr.org/Documents/Countries/NP/OHCHRTechnical_Note_Nepal_CIDP_TRC_Act2014.pdf

[७८] रस एड्किन, रोयटर्स समाचार संस्था, https://www.reuters.com/article/us-nepal-rights/nepal-supreme-court-rejects-amnesty-for-war-crimes-idUSKBN0LV0CG20150227 (accessed July 4, 2020)

राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयले उपलब्ध गराएको प्राविधिक टिपोटमा पनि उल्लेख गरिएको छ । संशोधनले यी चिन्ताहरूलाई सम्बोधन गर्नुपर्छ ।[७९]

राष्ट्रिय स्तरका मानवअधिकार संगठनहरूको एक समूहले प्रस्तावित विधेयकमा प्रारम्भिक टिप्पणी गर्दै व्यापक परामर्श तथा आयुक्तहरूको नियुक्तिमा पारदर्शिता लगायतका विभिन्न परिवर्तनका लागि सिफारिश गरेका थिए ।[८०] उनीहरूले सरकारलाई विशेष अदालत गठन, अपराध संहिता तथा अन्य सान्दर्भिक कानूनमा संशोधन र परिपूरण उपलब्ध गराउनका लागि संरचना निर्माण लगायत संक्रमणकालीन न्याय प्रक्रियाका सबै अवयवहरूको स्थापनाका लागि स्पष्ट समयतालिका सहितको एक कार्यसम्पादन योजना प्रकाशन गर्न आह्वान गरेका थिए ।[८१]

तर क्षमादानका प्रावधानलाई खारेज गर्न सर्वोच्च अदालतले वि.सं. २०७१ फागुन १४ मा दिएको आदेशविरुद्ध आफूले गरेको पुनरावेदनको प्रतीक्षा गरिरहेको सरकारले प्रस्तावित संशोधनहरूलाई थाती राख्यो । अदालतले वि.सं. २०७१ मा दिएको आदेशविरुद्ध सरकारले गरेको पुनरावेदन वि.सं. २०७७ वैशाख १४ मा खारेज भयो ।[८२] मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रवक्ताले सर्वोच्च अदालतको आदेशलाई “मार्गपरिवर्तन तथा प्रमुख सरोकारवालाहरूको विश्वास जित्नका लागि वास्तविक रूपमा निष्पक्ष तथा पारदर्शी प्रक्रिया अवलम्बन गर्ने अवसर” का रूपमा लिनुपर्ने बताए । उनले भने :

> पीडितलाई केन्द्रमा राख्ने काम तथा गम्भीर उल्लंघनमा जवाफदेहिताको महत्त्व लगायत सर्वोच्च अदालतले सन् २०१५ मा दिएको आदेशमा प्रतिबिम्बित भएको प्रमुख मानवअधिकार तथा संक्रमणकालीन न्यायका सिद्धान्तको पालना गर्दै सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय रूपमा अघि बढाउनु नै एक मात्र उपाय हो भन्ने तथ्य सर्वोच्च अदालतको यस निर्णयले पुनः पुष्टि गरेको छ । पीडितहरूको पैरवी गर्ने समूह तथा नागरिक समाजका सदस्यहरूले अदालतको यस निर्णयको स्वागत गरेका छन् र हामी पनि स्वागत गर्छौं ।[८३]

यो प्रतिवेदन तयार पार्दासम्म पीडितहरू वि.सं. २०७१ को संक्रमणकालीन न्याय ऐनमा सरकारले प्रस्ताव गर्ने संशोधनको प्रतीक्षा गरिरहेका छन् ।

---

[७९] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2018/08/29/letter-attorney-general-nepal

[८०] विश्वव्यापी आवधिक समीक्षामा संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्, एड्भोकेसी फोरम तथा साझेदारहरूले बुझाएको संयुक्त प्रतिवेदन, http://advocacyforum.org/downloads/pdf/publications/upr-submission-tj-and-impunity-in-nepal-af-and-coalition-9-July-2020.pdf

[८१] एड्भोकेसी फोरम, संक्रमणकालीन न्यायको मस्यौदा विधेयकमा नागरिक समाज संगठनहरूले गरेको प्रारम्भिक समीक्षा र सिफारिश, http://advocacyforum.org./downloads/pdf/press-statement/2018/preliminary-review-and-recommendations-civil-society-20-July.pdf

[८२] ह्युमन राइट्स वाच, एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ट्रायल इन्टरनेसनल, https://www.hrw.org/news/2020/05/01/nepal-supreme-courts-decision-reaffirms-need-amend-transitional-justice-law

[८३] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका विषयमा प्रेस ब्रीफिङ नोट, https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=25855&LangID=E

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग

बन्दीप्रत्यक्षीकरणका विभिन्न रिट निवेदनहरूमा आदेश दिने क्रममा सर्वोच्च अदालतले जेठ २०६३ मा सरकारलाई जबर्जस्ती बेपत्ताका विषयमा अनुसन्धान गर्न बेग्लै छानबिन आयोग गठन गर्न निर्देशन दिएको थियो ।[८४] त्यसै वर्षको मंसिरमा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौताले सत्यनिरूपण तथा मेलमिलाप आयोगको व्यवस्था गरेको थियो ।[८५] नेपाल सरकार र माओवादीहरूले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरी द्वन्द्वमा बेपत्ता पारिएका व्यक्तिको स्थिति ६० दिनभित्र सार्वजनिक गर्न सहमति जनाएका थिए । अहिले १४ वर्ष बितिसक्दा संक्रमणकालीन न्यायका निकायहरूले अनुसन्धान टुंग्याएका छैनन् र बेपत्ता पारिएका १३ सयभन्दा बढी मानिसको स्थिति अझै अज्ञात छ ।

विवादित बेपत्ता पारिएका व्यक्तिकौं छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अन्तर्गत बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग वि.सं. २०७१ माघ २७ मा गठन गरिए । न्याय संयन्त्र गठनको आवश्यकतालाई पहिचान गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय नागरिक समाज संगठनहरूले स्वतन्त्र आयोग गठनका लागि अनेकौं सिफारिशहरू गरेका थिए तर तिनलाई पूर्णतः बेवास्ता गरियो ।[८६]

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुकूल छैनन् । राजनीतिक दलहरूको नेतृत्वमा चालिएको तथा पीडित समूहको संलग्नता नरहेको त्रुटिपूर्ण प्रक्रियाअन्तर्गत आयुक्तहरू छनोट गरिएका थिए । विद्यमान कानूनी संरचनाले आयोगहरूलाई पीडित तथा पीडकबीच "मेलमिलाप" प्रोत्साहन गर्ने अधिकार दिन्छ ।[८७] पीडकहरूलाई शक्तिशाली संस्थाहरूको समर्थन रहेकाले पीडितहरूमाथि दबाब दिइने र "जबर्जस्ती मेलमिलाप" गर्न बाध्य बनाइने डर पीडित समुदायको रहेको छ ।[८८]

कार्यकालको शुरूआती दुई वर्षमा आयोगहरूले खासै काम गर्न सकेनन् किनकि उनीहरूलाई कामकाज सञ्चालनको बन्दोबस्त मिलाउन गाह्रो पर्‍यो, पर्याप्त मानव तथा आर्थिक स्रोतसाधन उपलब्ध भएन, आयुक्तहरूबीच विवाद भयो

---

[८४] राजेन्द्र प्रसाद ढकाल विरुद्ध नेपाल सरकार मुद्दामा सर्वोच्च अदालतले सरकारलाई जबर्जस्ती बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुकूल हुने गरी जबर्जस्ती बेपत्तालाई फौजदारी अपराध बनाउन, जबर्जस्ती बेपत्ताका लागि जिम्मेवार अधिकारीहरूमाथि कारवाही गर्न र यस अपराधमा आरोपित वा कसूरदार ठहर भएकाहरूलाई क्षमदान वा माफी नदिन निर्देशन दिएको थियो । हेर्नुस् ट्रायल इन्टरनेसनल, https://trialinternational.org/latest-post/enforced-disappearance-of-rajendra-prasad-dhakal-in-january-1999/

[८५] विस्तृत शान्ति सम्झौता, धारा ५.२.५र ८.४; नेपालको अन्तरिम संविधान, धारा ३३

[८६] ह्युमन राइट्स वाच तथा अन्य, https://www.hrw.org/news/2014/12/18/nepal-joint-letter-regarding-formation-truth-and-reconciliation-commission-an (accessed July 5, 2020); द्वन्द्वपीडित साझा चौतारीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप ऐनको संशोधन गर्नका लागि प्रस्तावित संक्रमणकालीन मस्यौदा विधेयकमा गरेको प्रारम्भिक टिप्पणी, http://advocacyforum.org./downloads/pdf/press-statement/2018/preliminary-comments-of-CVCP-on-tj-bill-english.pdf (accessed August 19, 2020).

[८७] जवाफदेहिता निगरानी समिति, सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सदस्यहरूको नियुक्तिका सम्बन्धमा जवाफदेहिता निगरानी समितिको धारणा, http://advocacyforum.org./downloads/pdf/press-statement/2020/awc-press-statement-on-recommendatio-of-officials-19-January-2020-english-version.pdf

[८८] संक्रमणकालीन न्याय पैरवी समूह, http://advocacyforum.org./downloads/pdf/press-statement/truth-without-justice-will-not-be-acceptable.pdf

र राजनीतिक हस्तक्षेपले अवरोध तेर्स्यायो ।[८९] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको दुई वर्षे कार्यकाल वि.सं. २०७३ माघ २७ मा सकिएपछि सरकारले कार्यकाल एक वर्षका लागि थप्यो तर आवश्यक कानूनी संशोधनविनाको कार्यकाल विस्तारले भावी काम अर्थहीन बनाउने र पीडितहरूलाई न्याय पनि नदिलाउने भनी विभिन्न आयुक्तहरूले चिन्ता व्यक्त गरेका थिए ।[९०]

वि.सं. २०७४ माघ ६ मा राष्ट्रपतिले दुई आयोगको कार्यकाल अर्को एक वर्ष थप्ने अध्यादेशलाई स्वीकृति दिनुभयो तर त्यसमा गर्नुपर्ने सुधारको सिफारिशलाई बेवास्ता गरियो ।[९१] राष्ट्रिय मानवअधिकार आयोगले आयोगहरूको कार्यसञ्चालनलाई सुधार गर्नका लागि विभिन्न सिफारिश गर्‍यो तर त्यसलाई पनि बेवास्ता गरियो ।[९२] वि.सं. २०७१ देखि २०७७ सम्म राष्ट्रिय मानवअधिकारकी सदस्य मोहना अन्सारीले न्यायप्रतिको वास्तविक प्रतिबद्धता प्रदर्शन गर्न सरकार चुकेको बताइन् । "सरकारले जवाफदेहितालाई सम्बोधन गर्नका लागि कुनै प्रगति गरेको मैले पाएको छैन । कानूनमा खै संशोधन गरेको ? पीडितको माग केन्द्रमा रहनुपर्छ, हामी भनिरहेका छौं तर कसैले पनि पीडितहरूलाई सुनिरहेको छैन ।"[९३]

फागुन २०७४ सम्म उजुरी दर्ता गर्ने म्याद रहेकोमा सत्यनिरूपण तथा मेलमिलाप आयोगमा ६० हजार २९८ र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तीन हजार ९३ उजुरी परेका थिए ।[९४] तर आयोगहरूले यी उजुरीमाथि अनुसन्धानमा कुनै प्रगति गर्न सकेका छैनन् ।[९५] सुमन अधिकारीका पितालाई माओवादीहरूले हत्या गरेका थिए र

---

[८९] ओम आस्था राई, नेपाली टाइम्स, https://archive.nepalitimes.com/article/nation/truth-about-truth-commission,3565 (accessed July 5, 2020).

[९०] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2017/02/03/nepal-key-moment-justice.

[९१] कोशराज कोइराला, रिपब्लिका दैनिक, https://myrepublica.nagariknetwork.com/news/33741/?categoryId=81 (accessed July 5, 2020); एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2018/02/13/nepal-transitional-justice-proving-elusive

[९२] राष्ट्रिय मानवअधिकार आयोग, प्रेस नोट, http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Press%20Release%20Commissions%20view%20on%20Transitional%20Justice%2010-22.pdf पीडित, मानवअधिकारकर्मी, राजनीतिक दलहरूसँगको परामर्श तथा सर्वोच्च अदालतका आदेशका आधारमा आयोगले सिफारिश गर्‍यो : "(क) जबर्जस्ती बेपत्ता, गैरन्यायिक हत्या, अपहरण, यातना, बलात्कार तथा अन्य यौन हिंसा जस्ता मानवअधिकारको गम्भीर उल्लंघनमा क्षमादान, माफी वा मुद्दा फिर्ता नहुने, (ख) जबर्जस्ती बेपत्ता लगायतका गम्भीर अपराधलाई फौजदारी अपराध प्रणालीअन्तर्गत ल्याउने, (ग) सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले सिफारिश गरेका उजुरीमा तत्कालै न्यायिक सुनुवाइ गर्ने, (घ) विशेष कानून बनाएर यातना तथा जबर्जस्ती बेपत्तालाई फौजदारी अपराध बनाउने, (ङ) द्वन्द्वपीडितलाई मर्यादित तथा सम्मानित परिपूरण उपलब्ध गराउने, (च) पीडितको सम्मतिमा मात्र मेलमिलाप गराउने र कानूनीका सिद्धान्तले नियन्त्रण नगर्ने विषयमा मात्र मेलमिलाप गराउने, (छ) सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग सम्बन्धी दुई ऐनलाई सर्वोच्च अदालतका आदेश तथा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने गरी संशोधन गर्ने, (ज) युद्धअपराध तथा मानवताविरुद्धको अपराधका पीडकलाई हदम्याद नराखिकन सजाय दिने, (झ) पीडित, साक्षी र प्रमाणको संरक्षण र सुरक्षाको सुनिश्चितता गर्ने, (ञ) पीडितहरूले न्याय पाउनका लागि वैकल्पिक उपाय अपनाउने परिस्थिति आउन नदिने, (ट) द्वन्द्वपीडितलाई उच्च प्राथमिकता दिने र उनीहरूलाई रोजगारी उपलब्ध गराउने अनि सबै प्रादेशिक तथा स्थानीय निकायले पुनःस्थापना कार्यक्रममा उनीहरूलाई संलग्न गराउने । त्यसैगरी आयोगले तथ्यको अभिलेखीकरण, न्याय प्राप्ति तथा परिपूरणको अधिकार सुनिश्चित गर्नका लागि सबै सरोकारवालाबाट सहयोगको अपेक्षा गरेको छ ।

[९३] ह्युमन राइट्स वाचले मोहना अन्सारीसँग गरेको अन्तर्वार्ता ।

[९४] उजुरी दर्ता गर्ने अन्तिम म्याद वि.सं. २०७५ मा गुज्रिएपछि पनि केही थप उजुरीहरू स्वीकार गरिएका थिए ।

[९५] एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2018/02/13/nepal-transitional-justice-proving-elusive.

उनी पीडित समूहहरू निराश भएको ह्युमन राइट्स वाचलाई बताउँछन् । "बेपत्ता पारिएका मानिसको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप ऐन त्रुटिपूर्ण छ, प्रक्रिया नै त्रुटिपूर्ण छ । हामी यस आयोगलाई विश्वास गर्दैनौं तर त्यसको परीक्षणका लागि त्यसमा उजुरी दिएका छौं । हामीसँग अर्को के विकल्प छ र ?"[९६] एड्भोकेसी फोरमले पीडित समूहहरूसँग गरेको एक परामर्श गोष्ठीमा सहभागी एक महिलाका पति द्वन्द्वकालमा बेपत्ता पारिएका थिए । उनले भनिन्, "यी आयोगहरू अस्तित्वमा छन् भन्ने देखाउनका लागि मात्र गठन गरिएका हुन् । उनीहरूले कुनै अनुसन्धान गरेका छैनन् ।"[९७]

वि.सं. २०७५ माघ ११ मा नयाँ आयुक्त सिफारिश गर्न सरकारले पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा एक समिति गठन गऱ्यो किनकि त्यतिखेरका आयुक्तहरूको पदावधि अप्रिल महिनामा सकिन लागेको थियो ।[९८] एड्भोकेसी फोरमका अनुसार, वि.सं. २०७६ मा कार्यकाल सकिँदासम्म दुवै आयोगहरूको काम आरम्भिक चरणमै सीमित थियो :

> सत्यनिरूपण तथा मेलमिलाप आयोगले प्राप्त गरेको उजुरीको १० प्रतिशतभन्दा कममा प्रारम्भिक अनुसन्धान पूरा गरेको थियो भने बेपत्ता पारिएका मानिसको छानबिन आयोगले कार्यकाल सकिने बेलासम्म ७५ प्रतिशत उजुरीमा प्रारम्भिक अनुसन्धान थालेको थियो । पीडितहरूले दायर गरेको ६० हजारभन्दा बढी उजुरीमध्ये एउटा पनि टुंग्याएका थिएनन् ।[९९]

नयाँ आयुक्तहरूको नियुक्ति प्रक्रियाले सरकारलाई संक्रमणकालीन न्याय प्रक्रिया सही बाटोमा डोहोऱ्याउनका लागि अवसरका रूपमा रहेको भनी औंल्याउँदै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज संगठनहरूले सरकारलाई असार २०७५ मा प्रस्तुत गरिएका संशोधनमा परामर्श थाल्नका लागि सिफारिश गरेका थिए ।

एड्भोकेसी फोरम तथा अधिकारवादी राष्ट्रिय समूहहरूले प्रारम्भिक सिफारिश संकलनका लागि पीडितका संस्थासँग २० वटा जिल्लामा परामर्श कार्यक्रम आयोजना गरे ।[१००] उक्त कार्यक्रमहरूमा सहभागी पीडितहरूले पहिला सरकारले पीडित तथा नागरिक समाजसँग व्यापक परामर्श गर्ने, त्यसपछि सर्वोच्च अदालतका निर्देशन र नेपालको

---

[९६] मीनाक्षी गांगुली, नेपाली टाइम्स, https://archive.nepalitimes.com/regular-columns/Comment/end-the-wait-for-conflict,933 (accessed July 5, 2020). एड्भोकेसी फोरमले दायर वा अनुगमन गरेका अधिकांश जाहेरीमा पीडितका परिवारले आयोगहरूमा उजुरी दिए ।

[९७] एड्भोकेसी फोरम परामर्श, नेपालगञ्ज ।

[९८] संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, "विशेष कार्यविधिको संयुक्त सञ्चार", https://www.ohchr.org/Documents/Issues/Truth/OL_NPL_1_2019.pdf

[९९] एड्भोकेसी फोरम, "नक्कली संक्रमणकालीन न्याय परामर्श, सरकारले कहिलेसम्म पीडितहरूलाई मूर्ख बनाइरहने ?" http://advocacyforum.org/downloads/pdf/publications/tj/briefing-paper-on-tj-consultation-february-2020.pdf

[१००] संक्रमणकालीन न्यायको मस्यौदा विधेयकमा नागरिक समाज संगठनले गरेको प्रारम्भिक समीक्षा तथा सिफारिश, http://advocacyforum.org./downloads/pdf/press-statement/2018/preliminary-review-and-recommendations-civil-society-20-July.pdf

अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वलाई समावेश गर्दै संक्रमणकालीन न्याय कानूनको संशोधन गर्ने र ऐन संशोधन भएपछि बल्ल नयाँ आयुक्तहरू नियुक्त गर्ने गरी व्यवस्थित रूपमा प्रक्रिया अगाडि बढाउन माग गरेका थिए ।[१०१]

तर कार्तिक २०७६ मा सिफारिश समितिले उम्मेदवारहरूको एक सूची प्रकाशन गऱ्यो ।[१०२] सरकारले राजनीतिक नियुक्तिको नाममा आयोगहरूमा पर्याप्त मात्रामा निष्पक्षता र स्वतन्त्रता नभएका व्यक्तिलाई नियुक्त गर्ला भनी पीडित र नागरिक समाज समूहहरूले चिन्ता व्यक्त गरे ।[१०३] वि.सं. २०७६ माघ ४ मा समितिले पीडित तथा नागरिक समूहको मागलाई बेवास्ता गर्दै सम्भावित नयाँ आयुक्तहरूको नाम पेश गऱ्यो ।[१०४] सरकारले वि.सं. २०७६ पुस २८ मा सातै प्रदेशका राजधानी तीन दिनको सूचना जारी गरेर हतारहतारमा परामर्श बैठक आयोजना गऱ्यो जसलाई "पीडितहरूले देखावटी काम भनी बुझे" ।[१०५] कानूनी संरचनामा संशोधन नगरिकन आयुक्तहरूको नियुक्ति गरियो ।[१०६] नयाँ आयुक्तहरूले वि.सं. २०७६ माघ ९ मा पदको शपथ लिए ।[१०७]

वि.सं. २०७६ चैत ३ मा संयुक्त राष्ट्रसंघका पाँच प्रतिवेदकले नयाँ आयुक्तहरूको नियुक्ति प्रक्रियामा पीडितहरूसँग परामर्श नगरिएको, पारदर्शिताको अभाव रहेको र संक्रमणकालीन न्यायसम्बन्धी कानूनको संशोधन प्रक्रियामा त्रुटि गरिएको विषयमा चिन्ता व्यक्त गर्दै सरकारलाई पत्र लेखे ।[१०८] सरकारले वि.सं. २०७७ जेठ ३० मा यसको जवाफ फर्काउँदै पीडितका प्रतिनिधि संस्थाहरूले प्रस्तुत गरेका माग तथा संयुक्त राष्ट्रसंघका निकाय सहितका अन्तर्राष्ट्रिय

---

[१०१] "अधिकारवादी समूह र नागरिक समाज संगठनहरूद्वारा नेपालमा विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रियाको माग", http://advocacyforum.org./downloads/pdf/press-statement/2019/cso-position-on-tj-english-6-feb-2019.pdf

[१०२] एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच र ट्रायल इन्टरनेसनल, "नेपाल : १३ वर्ष भइसक्दा द्वन्द्वपीडितलाई छैन न्याय", https://www.hrw.org/news/2019/11/26/nepal-13-years-no-justice-conflict-victims.

[१०३] विनोद घिमिरे, द काठमाडौं पोष्ट, https://kathmandupost.com/2/2019/11/19/after-deal-between-parties-selection-panel-publishes-list-of-probable-candidates-for-transitional-justice-bodies; रोशन नेपाल, द हिमालयन टाइम्स, https://thehimalayantimes.com/nepal/victims-decry-selection-of-candidates-for-tj-bodies/

[१०४] विनोद घिमिरे, द काठमाडौं पोष्ट, https://kathmandupost.com/national/2020/01/18/ganesh-datta-bhatta-to-lead-truth-commission-yubraj-subedi-picked-as-disappearance-commission-chair (accessed July 5, 2020); एड्भोकेसी फोरम, "नक्कली संक्रमणकालीन न्याय परामर्श, सरकारले कहिलेसम्म पीडितहरूलाई मूर्ख बनाइरहने ?" February 2020, http://advocacyforum.org/downloads/pdf/publications/tj/briefing-paper-on-tj-consultation-february-2020.pdf (accessed July 11, 2020).

[१०५] एड्भोकेसी फोरम, "नक्कली संक्रमणकालीन न्याय परामर्श, सरकारले कहिलेसम्म पीडितहरूलाई मूर्ख बनाइरहने ?" http://advocacyforum.org/downloads/pdf/publications/tj/briefing-paper-on-tj-consultation-february-2020.pdf; सेवा भारती, अलजजीरा, https://www.aljazeera.com/news/2020/01/victims-unhappy-nepal-revives-transitional-justice-process-200113082330798.html

[१०६] एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच र ट्रायल इन्टरनेसनल, नेपाल : संक्रमणकालीन न्यायको अवमूल्यन गर्ने हालका कदमहरू, https://www.hrw.org/news/2020/01/25/nepal-recent-steps-undermine-transitional-justice.

[१०७] रिपब्लिका दैनिक, https://myrepublica.nagariknetwork.com/news/trc-and-ciedp-officers-administered-oath-of-office-and-secrecy/

[१०८] सत्य, न्याय, परिपूरण तथा नदोहोरिने प्रतिबद्धताको प्रवर्द्धनसम्बन्धी विशेष प्रतिवेदकको कार्यादेश; जबर्जस्ती वा अस्वैच्छिक बेपत्तासम्बन्धी कार्यसमूह; गैरन्यायिक, संक्षिप्त वा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष प्रतिवेदक; यातना तथा अन्य क्रूर, अमानवीय वा

समुदायबाट प्राप्त सुझाव र प्रतिक्रियालाई विचार गर्दै संशोधनमा काम गरिरहेको जवाफ दियो । उच्चस्तरीय राजनीतिक तहमा पनि परामर्श भइरहेको उसले जानकारी दियो । तर कोभिड-१९ महामारीले यस प्रक्रियामा असर गरेको उसले बतायो ।[१०९]

अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदक र महिलाविरुद्धको हिंसा, यसका कारण र परिणामसम्बन्धी विशेष प्रतिवेदक, https://spcommreports.ohchr.org/TMResultsBase/DownLoadPublicCommunicationFile?gId=25109

१०९ विशेष कार्यविधिहरूको संयुक्त सञ्चारका विषयमा नेपाल सरकारको जवाफ, https://spcommreports.ohchr.org/TMResultsBase/DownLoadFile?gId=35339&fbclid=IwAR2lCF-J4hUEL20KzYTZOoEgrC73bjMRLYuEKzq--oaw_J31O6MHibjEDlw

# ग. न्यायको विफलता तथा विश्वव्यापी क्षेत्राधिकार

संयुक्त राष्ट्रसंघ, दातृसमुदाय तथा प्रभावशाली मुलुकहरूबाट बारम्बार सिफारिश आएको भए पनि माओवादी लडाकू र सुरक्षाबलहरूबाट भएको ज्यादतीको अभियोजन गर्नका लागि सुसंगत तथा दीर्घकालीन योजना बनाउन नेपालका राजनीतिक दलहरू विफल भएका छन् । उल्टो, द्वन्द्वकालका उल्लंघनहरूको अनुसन्धान, अभियोजन वा कसूर ठहर गर्नका लागि अदालतले दिएको आदेशलाई उनीहरूले निरन्तर उल्लंघन गरिरहेका छन् । द्वन्द्वका दुवै पक्ष - चाहे ती माओवादी सहितका राजनीतिक दल हुन् चाहे सेना सहितका सुरक्षाबल हुन् - कसैले पनि प्रहरीमा दिइएको जाहेरी वा अदालतका आदेशमा उपयुक्त जवाफ दिने गरेका छैनन् ।[११०]

वि.सं. २०७३ वैशाख २३ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका गठबन्धन दलहरू नेकपा माओवादी केन्द्र र नेकपा एमालेले ज्यादती गर्ने पीडकहरूलाई संरक्षण गर्ने प्रावधान सहितको नौ बुँदे सहमतिमा हस्ताक्षर गरेका थिए ।[१११] उक्त सहमतिले गम्भीर उल्लंघनको योजना बनाउने तथा कार्यान्वयन गर्ने सबैका लागि दण्डहीनता सुदृढ पार्ने गरी द्वन्द्वकालका सबै मुद्दा फिर्ता लिन तथा पीडक भनिएका व्यक्तिलाई क्षमादान दिन निर्देशन दियो ।[११२] यी दुई दल पछि वि.सं. २०७४ मा मिसिएर एक दल बने ।[११३]

अदालतहरूले पक्राउ गर्न आदेश दिएको वा कसूरदार ठहऱ्याएको मुद्दामा समेत आरोपितहरूले आत्मसमर्पण गर्न अस्वीकार गरिरहेका छन् । द्वन्द्वकालका मुद्दाहरू बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप ऐनअन्तर्गत हेरिनुपर्ने राजनीतिक नेतृत्वको जिकिर छ तर आजका मितिसम्म उक्त ऐनले अन्तर्राष्ट्रिय अभ्यास तथा सर्वोच्च अदालतका आदेशको बर्खिलाप हुने गरी क्षमादानका लागि सिफारिश गरेको छ ।[११४]

---

११० मीनाक्षी गांगुली, नेपाली टाइम्स, https://archive.nepalitimes.com/regular-columns/Comment/end-the-wait-for-conflict,933

१११ एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच, "नेपाल : नौबुँदे सहमतिले गर्छ संक्रमणकालीन न्यायको अवमूल्यन", https://www.hrw.org/news/2016/05/12/nepal-9-point-deal-undermines-transitional-justice

११२ "नौबुँदे सहमतिप्रति पीडित आक्रोशित", द काठमाडौं पोष्ट, https://kathmandupost.com/valley/2016/05/12/victims-outraged-at-9-point-deal

११३ प्रेस ट्रस्ट अफ इन्डिया, https://www.ndtv.com/world-news/nepals-cpn-uml-and-cpn-maoist-merge-form-new-powerful-bloc-1815138

११४ एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच र ट्रायल इन्टरनेसनल, https://www.hrw.org/news/2020/05/01/nepal-supreme-courts-decision-reaffirms-need-amend-transitional-justice-law.

## पीडकहरूलाई संरक्षण

नेपाली अधिकारीहरूले प्रहरीको अनुसन्धान रोकेको र अदालतको आदेश बेवास्ता गरेको मात्र नभई अभियोजनको प्रक्रिया अघि बढेको अवस्थामा पीडकहरूलाई संरक्षण गरेको उदाहरणहरू पनि छन् । तल चर्चा गरिएका केही प्रतिनिधिमूलक मुद्दाले अधिकारीहरू कसरी जवाफदेहितामा अवरोधका लागि सक्रिय रूपमा लागेका छन् भनी देखाउँछ ।

### *माओवादी नेता बालकृष्ण ढुंगेलको मुद्दा*

कुनै कुनै मुद्दामा कसूरदार ठहर भएकाहरूले राजनीतिक संरक्षणमार्फत पक्राउ नपर्नका लागि कोशिश गरेका छन् । वि.सं. २०७३ चैत मा सर्वोच्च अदालतले माओवादी नेता बालकृष्ण ढुंगेललाई पक्राउ गर्नका लागि प्रहरी महानिरीक्षकलाई आदेश दियो । वि.सं. २०५५ मा गरेको एक हत्याको सजायका रूपमा वि.सं. २०६१ मा जिल्ला अदालत ओखलढुंगाले ढुंगेललाई १२ वर्षका लागि कारावास सजाय दिएको थियो । उनले लगभग आठ वर्ष कारावास सजाय बिताएपछि पुनरावेदन अदालतले यो मुद्दा संक्रमणकालीन न्याय संयन्त्रहरूले हेर्ने भनी जिल्ला अदालतको फैसला उल्ट्याइदिएको थियो ।[११५] वि.सं. २०६७ मा सर्वोच्च अदालतले जिल्ला अदालतको फैसलालाई सदर गरेपछि तत्कालीन सांसद रहेका ढुंगेल शुरूमा पक्राउ पर्नबाट जोगिए जबकि उनलाई जेल पठाउन दिइएको आदेशपछि उनले “प्रधानन्यायाधीश तथा न्यायाधीशहरूमाथि भौतिक आक्रमण गर्ने आपत्तिजनक धम्की” दिएका थिए ।[११६]

असोज २०७४ सम्म ढुंगेल स्वतन्त्र घुमिरहेका थिए तर प्रहरी प्रमुख विरुद्ध अदालतको आदेश नमानेको आरोपमा मुद्दा दायर गरिएपछि उनलाई पक्राउ गरियो र सजाय काट्न जेल पठाइयो । ढुंगेलको दलले उनलाई थुनामुक्त गर्नका लागि आह्वान गर्दै विरोध प्रदर्शन गर्‍यो ।[११७] त्यसको सात महिनापछि सरकारको सिफारिशमा उनलाई “राम्रो आचरण” को नाममा कारागारमुक्त गरियो ।[११८]

---

११५ द हिमालयन टाइम्स, https://thehimalayantimes.com/kathmandu/dhungel-to-stay-in-jail-for-12-5-years-sent-to-dillibazaar-prison/

११६ द काठमाडौं पोष्ट, https://kathmandupost.com/national/2017/04/14/court-to-govt-arrest-murder-convict-bal-krishna-dhungel; द हिमालयन टाइम्स, https://thehimalayantimes.com/nepal/supreme-court-tells-police-nab-bal-krishna-dhungel-week/

११७ द काठमाडौं पोष्ट, https://kathmandupost.com/valley/2017/10/31/maoist-leader-bal-krishna-dhungel-arrested

११८ द काठमाडौं पोष्ट, https://kathmandupost.com/valley/2018/05/29/murder-convict-dhungel-gets-presidential-pardon

### *सेनाका अधिकृतहरू बबी खत्री, अमित पुन, सुनिल अधिकारी र निरञ्जन बस्नेतको मुद्दा*

सेनाले अदालतको आदेशलाई बेवास्ता गर्ने गरेको छ र आरोपितहरूलाई न्यायाधीसमक्ष उपस्थित गराउन वा कसूरदार ठहरिएकालाई पक्राउ सुनिश्चित गर्न अस्वीकार गर्ने गरेको छ। वि.सं. २०७४ वैशाख ३ मा काभ्रे जिल्ला अदालतले तीनजना सैन्य अधिकृतलाई १५ वर्षीया मैना सुनुवारको हत्याको मुद्दामा आजीवन कारावासको सजाय दिएको थियो। सुनुवारलाई फागुन २०६० मा सेनाको हिरासतमा यातना दिएर हत्या गरिएको थियो। अदालतले उपस्थित हुनका लागि विभिन्न आदेशहरू दिएको भए पनि चारैजना आरोपितहरूले बेवास्ता गरेपछि उनीहरूको अनुपस्थितिमै पुर्पक्ष गरियो। वि.सं. २०६५ मा जारी गरिएको पक्राउपुर्जी कार्यान्वयन गरिएन। आरोपितहरूलाई पत्ता लगाउन नसकिएको भनी प्रहरीले अदालतलाई जानकारी दियो जबकि उनीहरूमध्ये केही सेनामा कार्यरत थिए।[११९]

मैना सुनुवारको हत्यामा तीन सैन्य अधिकृत बबी खत्री, अमित पुन र सुनिल अधिकारीलाई काभ्रे जिल्ला अदालतले कसूरदार ठहर गरेर २० वर्षको कारावास सजाय दिएको थियो र उनीहरू अहिले सेनामा कार्यरत छैनन्। सेनामा कार्यरत उपसेनानी निरञ्जन बस्नेतलाई सफाइ दिइएको छ।[१२०] अन्य तीन अधिकृतमाथि कसूर ठहर भएको भए पनि पक्राउ गरिएको छैन।

सरकारी वकिलले बस्नेतलाई दिइएको सफाइविरुद्ध पुनरावेदन नदिने निर्णय लिए जबकि हत्या जस्तो गम्भीर अपराधमा पुनरावेदन गर्नुसामान्य प्रक्रिया हो। मैनाकी आमा देवी सुनुवारले महान्यायाधिवक्तासमक्ष निवेदन दिएर पुनरावेदन दायर गर्नका लागि अनुरोध गरिन्। तर पुनरावेदनविरुद्धको निर्णयलाई सदर गरेको महान्यायाधिवक्ताको कार्यालयले देवी सुनुवारका अनुरोधमा कुनै जवाफ दिएन र कुन आधारमा उनीहरूले यो निर्णय लिएका हुन् भन्ने विषयमा सूचना दिन समेत अस्वीकार गऱ्यो।

जिल्ला अदालतले गरेको कसूर ठहरलाई खारेज गरिपाऊँ भन्दै वि.सं. २०७४ भदौ १६ मा नेपाली सेनाको प्राड विवाकले सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दायर गऱ्यो। यो घटना नियमित अदालतको क्षेत्राधिकारमा नपर्ने किनकि यो सैन्य कारवाहीका दौरान भएको र यसमा जंगी नियम लागू हुने सेनाको दाबी थियो।[१२१] घटनामा संलग्न भनिएका अधिकृतहरूलाई कोटमार्सल गरिसकिएकाले उनीहरूमाथि दोहोरो सजायको खतरा हुने र यस घटनालाई सत्यनिरूपण तथा मेलमिलाप आयोगले हेर्नुपर्ने पनि नेपाली सेनाको दाबी रहेको छ।[१२२]

कोर्टमार्सलको प्रक्रियाले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेन। एक बालिकाको यातना र हिरासतमा भएको हत्याको आरोपलाई बेवास्ता गर्दै कोर्टमार्सलले वि.सं. २०६२ असोज ११ मा तीन सैन्य अधिकृतहरू लापरवाहीको मात्र दोषी पाइएको ठहर गऱ्यो। संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्तको कार्यालयले असोज २०६२ मा अभियोजन तथा सजायका विषयमा विस्तृत विवरणको माग गर्दा सेनाले पुस महिनामा ती अधिकारीहरू "उचित प्रक्रिया तथा आदेश

---

[११९] एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाच, https://www.amnesty.org/en/latest/news/2017/04/nepal-need-effective-steps-to-enforce-court-verdicts/

[१२०] उही।

[१२१] मैना सुनुवार हत्यामा कसूर ठहरलाई उल्ट्याउनका लागि नेपाली सेनाले दिएको निवेदनसम्बन्धी कानूनी ब्रीफिङ, https://www.icj.org/wp-content/uploads/2018/11/Nepal-Petition-to-overturn-convictions-for-Maina-Sunuwar-killing-Advocacy-Analysis-brief-2018-ENG.pdf

[१२२] नेपाली सेनाको प्राड विवाकले १६ भदौ २०७४ मा उत्प्रेषणको निवेदन दिएको।

पालन नगरेकोमा" दोषी पाइएको र उनीहरूलाई मैना सुनुवारको शव व्यवस्थापनमा समुचित प्रक्रिया नअपनाएकोमा ६ महिनाको कारावास सजायका साथै जरिवाना तिराइएको जवाफ दियो ।[१२३]

सेनाको निवेदन सर्वोच्च अदालतसमक्ष विचाराधीन छ, अदालतले यसमा सुनुवाइ आठपटक भन्दा बढी स्थगित गरेको छ ।[१२४]

मैनाकी आमा देवी सुनुवार छोरीका हत्याराहरू जेल गएको हेर्न चाहन्छिन् ।

> कारागार भनेको हामी जस्ता गरीब दलितका लागि मात्र हो ? नभए किन यी सैनिकहरूलाई अदालतले कसूरदार ठहर गरेको भए पनि पक्राउ गरिएको छैन ? सम्पूर्ण प्रहरी बलले उनीहरूलाई खोज्न नसकेको हामीले कसरी विश्वास गर्ने ? पीडकहरूलाई किन पक्राउ गरेर कारागार नपठाइएको हो भन्दै सो कार्यमा सहयोग गर्नम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष अपील गर्छु ।[१२५]

## *माओवादी नेता अग्नि सापकोटाको मुद्दा*

दण्डहीनताको थप उदाहरण प्रस्तुत गर्दै सरकारले माघ २०७६ मा अग्नि सापकोटालाई संसद्को सभामुख बनायो । द्वन्द्वको समयमा सापकोटा माओवादी नेता थिए । "विद्रोहको समयमा उनले गरेको कार्यले गम्भीर तथा विशिष्ट मानवअधिकार उल्लंघन गरेको आरोप रहेकाले" वि.सं. २०७६ मा अमेरिकाले उनलाई प्रवेशाज्ञा दिन अस्वीकार गरेको थियो ।[१२६]

काभ्रे जिल्लामा अर्जुन लामाको अपहरण र हत्या गरेको आरोप सापकोटामाथि छ । वि.सं. २०६९ मा सर्वोच्च अदालतले प्रहरी र सरकारलाई यस घटनाको फौजदारी अनुसन्धान गर्न र अदालतलाई प्रत्येक १५ दिनमा अद्यावधिक जानकारी उपलब्ध गराउन आदेश दिएको थियो । यो मुद्दा अझै पनि विचाराधीन छ र अनुसन्धान प्रक्रिया अगाडि बढेको छैन ।[१२७] अर्जुन लामाकी पत्नी पुर्णिमाया लामाले सापकोटाको नियुक्तिको आलोचना गरिन् ।

---

[१२३] संयुक्त राष्ट्रसंघ नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, "हिरासतमा मैना सुनुवारको यातना तथा हत्या", https://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_Maina%20Sunuwar_E.pdf

[१२४] एड्भोकेसी फोरम तथा साझेदार, नेपालको विश्वव्यापी आवधिक समीक्षामा संयुक्त प्रतिवेदन, http://advocacyforum.org./downloads/pdf/publications/upr-submission-tj-and-impunity-in-nepal-af-and-coalition-9-luly-2020.pdf

[१२५] देवी सुनुवारसँग एड्भोकेसी फोरमले लिएको अन्तर्वार्ता ।

[१२६] ह्युमन राइट्स वाच, https://www.hrw.org/news/2010/07/01/nepal-investigate-maoists-role-killing

[१२७] एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ ज्युरिस्ट्स, ह्युमन राइट्स र ट्रायल इन्टरनेसनल, https://www.hrw.org/news/2020/01/25/nepal-recent-steps-undermine-transitional-justice.

अग्नि सापकोटा संसद्को सभामुख नियुक्त भएको खबर सुन्दा मरेतुल्य अनुभव गरें। पीडितहरूका लागि कुनै कानून, न्याय र राज्य छैन, पीडकका लागि मात्र छ । उनीहरू शक्तिमा भएकाले हामीले न्याय पाउन गाह्रो छ भन्ने मलाई थाहा छ । तर सत्य र न्यायका लागि हाम्रो संघर्षलाई मेरा छोराछोरीले निरन्तरता दिनेछन् । नेपाल सरकारलाई दबाब दिन तथा न्याय सुनिश्चित गर्न म अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्छु ।[१२८]

## *सैन्य अधिकृत काजी बहादुर कार्की र सरोज बस्नेतको मुद्दा*

रीना रसाइलीलाई वि.सं. २०६० माघ २९ मा काभ्रे जिल्लामा सुरक्षा कारवाहीका क्रममा बलात्कार गरेर हत्या गरिएको थियो ।

वि.सं. २०६७ भदौ २४ मा प्रहरीले तल्लो दर्जाका सैन्य अधिकृत काजीबहादुर कार्कीलाई पक्राउ गऱ्यो । उक्त घटनापछि उनले सेनाको जागिर छोडेका थिए । घटनाको समयमा उपसेनानी रहेका सरोज बस्नेतविरुद्ध पनि फरार अवस्थामै हत्याको अभियोग लगाएर काभ्रे जिल्ला अदालतले उनीविरुद्ध वि.सं. २०७६ कार्तिक ११ मा पक्राउपुर्जी जारी गरेको थियो । बस्नेत अझै पक्राउ परेका छैनन् । उनी सेनामै कार्यरत छन् र उनको बढुवा भएको एड्भोकेसी फोरमलाई जानकारी प्राप्त भएको छ ।[१२९] कार्कीले सेनाका उच्च अधिकृतको आदेशविपरीत काम गरेको भए कोर्टमार्सलको सामना गर्ने थिए तर सेनाले त्यस्तो कुनै पनि कारवाही नगरेकाले उनलाई सफाइ दिने भनी काभ्रे अदालतले मंसिर २०७० मा फैसला दियो । अभियोजन पक्षका कुनै पनि प्रत्यक्षदर्शीले रसाइलीलाई कार्कीले गोली हानेको नदेखेको त्यसैले उनको अपराध ठहर गर्न नसकिने जिकिर समेत अदालतले लियो । रीनाकी बहिनी गीता रसाइली दिदीको न्यायका लागि सक्रिय रूपमा संघर्ष गरिरहेकी छन् र अदालतको यस फैसलाले आफ्नो परिवार स्तब्ध भएको उनी बताउँछिन् । उनको भनाइ छ :

काजी बहादुर कार्कीलाई अपराधका लागि पक्राउ गर्दा मुद्दामा केही प्रगति भयो भनी हामी खुशी भएका थियौं । रीनाको हत्यामा संलग्न अन्य व्यक्ति पनि पक्राउ पर्ने विश्वास हामीले लिएका थियौं । तर कार्कीले सफाइ पाएपछि हाम्रो न्यायको आशा तुहियो । मुख्य पीडक भनिएको व्यक्ति अहिले पनि नेपाली सेनामा कार्यरत रहेको र दण्डहीनतामा रमाइरहेको देख्दा सत्य र न्याय टाढाका कुरा भएका छन् । म जस्ता हजारौं पीडितहरू नेपालमा सत्य र न्यायका लागि संघर्ष गरिरहेका छन् ।[१३०]

असोज २०७७ मा राष्ट्रिय मानवअधिकार आयोगले पहिलेका उजुरीमा गरेको अनुसन्धानमा रीना रसाइलीको मृत्यु "अत्यधिक बलप्रयोग" का कारण भएको भनी कोर्टमार्सलमा खुलासा भएको उल्लेख गरिएको छ । उपसेनानी सरोज

[१२८] पुर्णिमाया लामासँग एड्भोकेसी फोरमले लिएको अन्तर्वार्ता ।

[१२९] एड्भोकेसी फोरमले महान्यायाधिवक्तालाई पठाएको पत्र, http://advocacyforum.org/downloads/pdf/press-statement/letter-to-attorney-general-reena-english.pdf (accessed July 23, 2020).

[१३०] गीता रसाइलीसँग एड्भोकेसी फोरमले गरेको अन्तर्वार्ता ।

बस्नेतलाई चार वर्षको कारावास सजाय दिइएको र तीन वर्षका लागि बढुवा रोक्का गरिएको थियो भने एकजना सेनानीलाई एक वर्षका लागि निलम्बन गरिएको थियो ।[१३१]

## अन्य मुद्दाको अद्यावधिक जानकारी

एड्भोकेसी फोरमको सहायतामा दायर गरिएका ६२ मुद्दामा भएका प्रगतिको विश्लेषण गर्दा न्यायमा निरन्तर अवरोध तथा विगतका गम्भीर अपराधमा सार्थक अनुसन्धान तथा अभियोजन आरम्भ गर्न अधिकारीहरूले देखाएको अनिच्छा स्पष्ट हुन्छ । सबै ६२ मुद्दा प्रहरीसमक्ष दायर गरिएका ४९ जाहेरीमा आधारित थिए र छन् ।[१३२] लगभग सबै मुद्दाका पीडित परिवारहरूले संक्रमणकालीन न्यायका संयन्त्रहरूमा पनि उजुरी दिएको बताए तर यो प्रतिवेदन तयार पार्दाको मितिसम्म उनीहरूले कुनै प्रगति भएको जानकारी प्राप्त गरेका छैनन् ।[१३३]

दुईवटा मुद्दामा परिवारहरूले न्यायका लागि थप कोशिश नगर्ने बताएका छन् । सेप्टेम्बर २००६ मा माओवादी लडाकूहरूले हत्या गरेका मानबहादुर कार्कीका परिवारले अन्तरिम राहत लिनका लागि जाहेरी फिर्ता लिनुपर्छ भनी कसैले बताएकाले फिर्ता लिएको बताए । माओवादी कार्यकर्ता चन्द्रबहादुर बस्नेत ("मनोज बस्नेत") लाई सशस्त्र प्रहरी बलले साउन २०६२ मा मारेको भनिएको छ । उनका परिवारले पनि आर्थिक क्षतिपूर्ति र बस्नेतकी पत्नीलाई जागिर दिने वाचा गरिएकोले मुद्दा अगाडि बढाउन नचाहेको बताए ।

अन्य मुद्दामा अद्यावधिक जानकारी लिनका लागि एड्भोकेसी फोरमले प्रहरीसमक्ष अनुरोध गर्दा द्वन्द्वकालीन मुद्दाहरू संक्रमणकालीन न्याय आयोगहरूले हेर्ने भएकोले ति मुद्दाहरुमा अनुसन्धान नगरिएको बताइयो । त्यसमाथि आतंकवादसँग सम्बन्धित कानून आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत दायर गरिएका द्वन्द्वकालीन मुद्दालाई सरकारले फिर्ता लिएको पत्र गृह मन्त्रालयले पठाएको भनी प्रहरीले जानकारी दियो ।[१३४] यस्ता मुद्दाहरू प्रायः जसो माओवादी लडाकू तथा तिनका समर्थक भनिएका व्यक्तिविरुद्ध लगाइएको थियो । मूलधारको राजनीतिमा आएपछि माओवादीहरूले यी मुद्दा फिर्ता लिन अभियान चलाइरहेका थिए । माओवादी नेतृत्वको सरकारले असोज २०६५ मा ३४९ वटा मुद्दा सोलोडोलो फिर्ता लिइएको घोषणा गऱ्यो । वि.सं. २०६६ मंसिर २ मा माधवकुमार नेपाल नेतृत्वको सरकारले २८२ वटा मुद्दा फिर्ता लिएको थियो ।

एड्भोकेसी फोरमले संकलन गरेको विवरणअनुसार, असोज २०६५ मा फिर्ता लिने भनी स्वीकृति दिइएका मुद्दा विभिन्न प्रकृतिका थिए भने कार्तिक २०६६ मा फिर्ता लिनका लागि स्वीकृति दिइएका मुद्दा हत्या र आगजनीसँग सम्बन्धित थिए ।[१३५]

---

१३१ राष्ट्रिय मानवअधिकार आयोग, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Inner_20_Years_Book_2077_Final_CTP_NHRC.pdf (accessed October 27, 2020)

१३२ ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, https://www.hrw.org/reports/nepal0908web.pdf; https://www.hrw.org/sites/default/files/reports/nepal1009webwcover.pdf;https://www.hrw.org/report/2010/12/14/indifference-duty/impunity-crimes-committed-nepal.

१३३ हेर्नुस् अनुसूची ।

१३४ एड्भोकेसी फोरममा सुरक्षित आदेशको प्रति ।

१३५ एड्भोकेसी फोरम, अकेजनल ब्रीफ, http://advocacyforum.org/downloads/pdf/publications/evading-accountability-by-hook-or-by-crook.pdf

सुरक्षाबलहरू संलग्न रहेका मुद्दामा प्रहरीले अदालतका निर्देशनहरूको बेवास्ता गर्दै आएका छन् । सर्वोच्च अदालतको परमादेश समेत उनीहरूले बेवास्ता गरेका छन् । यस्ता विभिन्न मुद्दामा सर्वोच्च अदालतले अदालतको आदेशलाई प्रहरीले सम्मान नगरेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेको छ । उदाहरणका लागि, दाजुभाइ नरबहादुर बुढामगर र रतनबहादुर बुढामगरलाई सुरक्षाबलहरूले हत्या गरेको मुद्दामा सर्वोच्च अदालतले वैशाख २०७४ मा निर्देशनात्मक आदेश जारी गर्दै भनेको थियो, "अनुसन्धान तथा अभियोजन गर्ने कर्तव्यप्रतिको यस्तो उदासीनताले विधिको शासनमा जनताको विश्वास डगमगाउन योगदान गर्छ" ।[१३६] आदेशका बावजूद मुद्दामा कुनै प्रगति भएको छैन ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिले नेपाललाई जबर्जस्ती बेपत्ता, बलात्कार, यातना तथा अन्य मानवअधिकार उल्लंघनका घटनाको पूर्ण अनसन्धान गर्न र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखअन्तर्गत रही समितिसमक्ष दायर गरिएका २० वटा उजुरीमा अपराधका लागि जिम्मेवार भनी आरोप लगाइएका व्यक्तिविरुद्ध अभियोजन गर्न बारम्बार आह्वान गरेको भए पनि सरकारले त्यसलाई बेवास्ता गर्दै आएको छ ।[१३७]

उजुरी दायर गर्नेहरूले देशमै प्राप्त हुने कानूनी उपचारका प्रक्रियाहरू पूरा नगरेको र यी उजुरीहरूलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगले अनुसन्धान गर्ने भनी सरकारले तर्क गर्ने गरेको छ । एड्भोकेसी फोरमले पीडितहरूलाई सहायता गरेका सबै आठवटा उजुरीमा मानवअधिकार समितिले देशभित्रकै कानूनी उपचार प्रक्रिया पूरा नगरेको भन्ने सरकारको जिकिरलाई खारेज गरेको छ र संक्रमणकालीन न्याय आयोगहरूको नटुंगिसकेको अनुसन्धान तथा प्रक्रिया कानूनी उपचारका लागि पर्याप्त नभएको अनि तिनले गम्भीर ज्यादतीहरूमा फौजदारी अभियोजनलाई प्रतिस्थापन गर्न नसक्ने विषयमा जोड दिएको छ ।[१३८]

---

[१३६] नन्दकली बुढामगर तथा अन्य विरुद्ध माधव प्रसाद ओझा, प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर तथा अन्य, ०८८-सीआर-००५८

[१३७] सबै केसका विस्तृत विवरणका लागि हेर्नुस्, ओएचसीएचआरको डेटाबेस, https://juris.ohchr.org/search/results/1?typeOfDecisionFilter=0&countryFilter=0&treatyFilter=0. यसमा एड्भोकेसी फोरमले पहिला सहयोग गरेका परिवारका दुईवटा केस पनि परेका छन् र अघिल्ला प्रतिवेदनहरूमा उल्लेख गरिएका ६२ केसहरूमध्येकै हुन् । उनीहरू हुन् हरि प्रसाद बोलखे, https://juris.ohchr.org/Search/Details/2530) र सुभद्रा चौलागाईं https://juris.ohchr.org/Search/Details/1899).

[१३८] उदाहरणका लागि हेर्नुस्, ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत समितिले ग्रहण गरेको धारणा, सञ्चार नम्बर २५५६/२०१५, सीसीपीआर/सी/१२५/डी/२५५६/२०१५, फूलमती न्याय विरुद्ध नेपाल, जुन ११, २०१९ । समितिले भन्यो : "एकातिर निवेदकको परमादेश रिट सर्वोच्च अदालतसमक्ष विचाराधीन छ भने अर्कातिर उनले सत्यनिरूपण तथा मेलमिलाप आयोगसमक्ष उजुरी दिने सम्भावना अझै पनि कायम छ त्यसैले देशमै कानूनी उपचार पूर्ण उपयोग नगरिएको भन्ने राज्यपक्षको दाबीलाई समितिले विचार गरेको छ । तर समितिले धारणा दिएअनुसार, निवेदकले (क) जिल्ला प्रहरी कार्यालयसमक्ष बलात्कार तथा अन्य अमानवीय र अपमानजनक अपराधको दुईवटा जाहेरी दिएकोमा बलात्कारको अपराधका लागि ३५ दिने हदम्यादका आधारमा उक्त जाहेरी लिन अस्वीकार गरियो, (ख) यातना क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत क्षतिपूर्तिका लागि निवेदन दिइन् र त्यसलाई पनि अस्वीकार गरियो र (ग) द्वन्द्वकालमा भएका अपराधको व्यक्तिगत उजुरीमा ३५ दिने हदम्याद लागू नहुने भनी सर्वोच्च अदालतमा परमादेशको रिट दायर गरेकोमा त्यो अझै विचाराधीन छ । उनी कानूनी सहायतामा पहुँचबाट वञ्चित हुने गरी स्वेच्छाचारी थुनामा राखिएकाले कानूनबमोजिमको ३५ दिने हदम्यादभित्र जाहेरी दिन असमर्थ रहेको भन्ने निवेदकको अखण्डित आरोपलाई पनि समितिले विचार गरेको छ । यौन हिंसाका पीडितहरूसँग जोडिएको सामाजिक कलंकका कारण थुनामुक्त भएपछि पनि उनले समुदाय र परिवारबाट सहायता पाउन नसकेको भनेर समेत निवेदकले तर्क गरेकी छन् । अप्रिल २०१४ मा निवेदकले सर्वोच्च अदालतसमक्ष दायर गरेको परमादेशका प्रक्रियाहरू आरोप लगाइएको अपराधको गाम्भीर्यलाई विचार गर्दा अनावश्यक रूपमा लम्ब्याइएको पनि समितिले विचार गर्छ । सर्वोच्च अदालतले यस विषयमा बनाएको विधिशास्त्रलाई मद्देनजर गर्दा यस्ता प्रक्रियाले राहत दिने सम्भावना नरहेको भनी निवेदकले गरेको तर्कलाई पनि समितिले विचार गरेको छ । त्यसैले राज्यपक्षमा बलात्कारको जाहेरी दर्ता गर्नका लागि कानूनी तथा व्यावहारिक सीमितता रहेको, सर्वोच्च अदालतमा कानूनी प्रक्रिया

एड्भोकेसी फोरमले दायर गरेका सबै आठ उजुरीमा समितिले उल्लंघनको अपराध भएको धारणा राख्यो र यसमा फौजदारी कारवाही शुरू गर्न, अपराधका लागि जिम्मेवार रहेकालाई न्यायको कठघरामा उभ्याउन, सबै जघन्य उल्लंघनलाई फौजदारी अपराध बनाउने कानून पारित गर्न र अपराधमा हदम्याद हटाउन सरकारलाई सिफारिश गऱ्यो ।[१३९] यी उजुरीहरूमा संक्रमणकालीन न्यायका आयोगहरूले अनुसन्धान गर्ने भनी सरकारले गरेको दाबीमा प्रतिक्रिया दिँदै समितिले यस्ता अर्धन्यायिक निकायका प्रक्रियाले मानवअधिकारको गम्भीर उल्लंघनका घटनाको अनुसन्धान, अभियोजन तथा सजाय गर्ने राज्यको कर्तव्यलाई प्रतिस्थापन नगर्ने भनी नेपाललाई स्मरण गरायो ।[१४०]

यी उजुरीहरूमा अनुसन्धान तथा अभियोजनका लागि समितिले गरेको सिफारिशलाई सरकारले बेवास्ता गरेको छ । केही उजुरीमा सरकारले आर्थिक राहत उपलब्ध गराएको छ तर त्यो पनि स्वेच्छाचारी ढंगबाट भएको छ। उदाहरणका लागि, बलात्कार र यातनाका पीडितहरूलाई धेरैजसो अवस्थामा अन्तरिम राहतबाट वञ्चित गरिएको छ । यसरी राहतसम्बन्धी यी नीतिहरूलाई असंगत रूपमा अवलम्बन गरिएको छ ।[१४१]

## विश्वव्यापी क्षेत्राधिकार

नेपाली सेना र पूर्व माओवादी बलहरूको प्रभाव अझैसम्म पनि कायम रहेको छ। सेना र माओवादी सहित नेपालका राजनीतिक दलका पदाधिकारीले अनुसन्धानमा सहयोग गर्दैनन् भन्ने कुरा प्रहरीले स्वीकार गरेकाले नेपालमा दण्डहीनता कायम रहनुमा यसले योगदान गरेको छ। सबै दलका राजनीतिक नेताहरू न्यायको प्रक्रियामा खुलमखुला हस्तक्षेप गर्छन् । २०६३ सालमा विस्तृत शान्ति सम्झौता हुँदाको बखत प्रधानमन्त्री रहेका गिरिजाप्रसाद कोइरालाले त्यसको एक वर्षपछि राजनीतिक दलहरूबीच “विगतलाई बिर्सने र दण्डहीनतालाई समर्थन गर्ने” अलिखित सहमति बनेको भनी मानवअधिकारकर्मीहरूको एक समूहसमक्ष स्वीकार गरेका थिए ।[१४२]

---

अनावश्यक रूपमा लम्बिरहेको तथा सफल परिणामको सम्भावना नरहेको कुरालाई दृष्टिगत गर्दै निवेदकको हकमा फौजदारी न्याय प्रणालीका उपचारहरू अप्रभावकारी र अनुपलब्ध रहेको भनी समिति विचार गर्छ। संक्रमणकालीन न्यायका सन्दर्भमा सत्यनिरूपण तथा मेलमिलाप आयोगसमक्ष उनले दिएको उजुरी प्रभावकारी उपचार हैन किनकि आयोग अर्धन्यायिक प्रकृतिको हो भनी निवेदकले दिएको तर्कलाई समितिले विचार गरेको छ। ऐच्छिक आलेखको धारा ५(२) (ख) को आवश्यकता पूरा गर्नका लागि अर्धन्यायिक निकायहरूमा कानूनी प्रक्रिया पूरा गर्नु अपरिहार्य छैन तथा मानवअधिकारका गम्भीर उल्लंघनमा फौजदारी अभियोजनका लागि संक्रमणकालीन न्याय संयन्त्रहरू सक्षम छैनन् भन्ने विधिशास्त्रलाई समिति स्मरण गर्न चाहन्छ । त्यसैले सत्यनिरूपण तथा मेलमिलाप आयोगको हवाला दिनुलाई निवेदकका लागि प्रभावकारी उपचार उपलब्ध गराएको भन्न नमिल्ने समितिको धारणा छ।”

[१३९] गिरी विरुद्ध नेपाल, शर्मा विरुद्ध नेपाल, देवबशादुर महर्जनविरुद्ध नेपाल, https://juris.ohchr.org/Search/Details/1238

[१४०] पूर्णमाया विरुद्ध नेपाल, https://juris.ohchr.org/Search/Details/2238

[१४१] पूर्णमाया विरुद्ध नेपाल, https://juris.ohchr.org/Search/Details/2238; फूलमती न्याय विरुद्ध नेपाल, https://juris.ohchr.org/Search/Details/2568, हिमाल शर्मा विरुद्ध नेपाल पनि हेर्नुस्। हिमाल शर्माले सरकारको अन्तरिम राहत योजनाअन्तर्गत घाइतेको वर्गमा रही एक लाख रुपैयाँको अन्तरिम राहत पाएका थिए तर मानवअधिकार समितिले सन् २०१३ मा उनको पक्षमा धारणा दिएको भए पनि यातना र जबर्जस्ती बेपत्ताको पीडाका लागि क्षतिपूर्ति पाएका छैनन् । उनकी बहिनी सरिता शर्माले चाहिँ बेपत्ता पारिएकोमा अन्तरिम राहतका रूपमा २५ हजार रुपैयाँ पाइन् र घाइतेको वर्गमा रही थप ५० हजार रुपैयाँ पाइन् ।

[१४२] मन्दिरा शर्मा, “नेपालमा संक्रमणकालीन न्याय : कम प्राथमिकता, आंशिक शान्ति”, https://www.politicalsettlements.org/wp-content/uploads/2018/09/2017_CRAccord_Nepal.pdf

दण्डहीनतालाई अनेकौं नेताहरूले समर्थन गरेका छन् । उदाहरणका लागि, द्वन्द्वको समयमा तीनपटक सरकारको नेतृत्व गरेका शेरबहादुर देउवाले जबर्जस्ती बेपत्ताका लागि जिम्मेवारी लिन मानेका छैनन् ।[१४३] उनी वि.सं. २०७३ देखि २०७४ सम्म प्रधानमन्त्री रहँदा सुरक्षाकर्मीहरूलाई प्रतिआतंकवादी कारवाहीका लागि अभियोजन गर्न नहुने सार्वजनिक अभिव्यक्ति दिएका थिए ।[१४४] माओवादी लडाकूको कमान्डर हुँदा पुष्पकमल दाहाल प्रचण्ड आफ्ना लडाकूविरुद्धका सबै द्वन्द्वकालीन मुद्दा खारेज गराउन चाहन्छन् । आफूलाई ३७ वटा मुद्दामा नाम किटिएको पाएको उनले वि.सं. २०७३ मा बताए ।[१४५]

द्वन्द्वका क्रममा मारिएका सबै १७ हजार व्यक्तिको मृत्युका लागि माओवादीहरूलाई अन्यायपूर्वक दोषारोपण गरिएको भनी माघ २०७६ मा दाहालले गुनासो गरे । आफूले पाँच हजारको मात्र जिम्मेवारी लिने उनको भनाइ छ । "मेरो नाम किटेर धेरै कुराहरू भनिने गरेका छन् । म १७ हजार मानिस मारेर यहाँ आइपुगेको हैन," उनले भने । "राज्यका सुरक्षाफौजले १२ हजार मानिस मारेको सत्य हो । म पाँच हजार हत्याको मात्र जिम्मेवारी लिन्छु र विगतका 'राजाहरू'ले १२ हजारजनाको जिम्मेवारी लिनुपर्छ । राज्यले मारेका व्यक्तिलाई पनि मैले मारेको भन्नु गलत हुन्छ । मैले नगरेको कामको जिम्मेवारी म लिन्नँ ।"[१४६]

तर दाहाल, नेपाली सेनाका कमान्डरहरू र अन्यलाई अन्तर्राष्ट्रिय अपराधलाई बेवास्ता गर्न सकिन्न र नेपालमा न्यायबाट वञ्चित गरिएमा पीडितहरू विदेशका अदालतमा आफ्ना मुद्दा लैजान बाध्य हुनेछन् भन्ने कुरा थाहा छ ।[१४७] संसारभरिका देशका न्यायिक अधिकारीहरूले "विश्वव्यापी क्षेत्राधिकार" अन्तर्गत गम्भीर अन्तर्राष्ट्रिय अपराधमा संलग्न रहेका भनिएका व्यक्तिको अनुसन्धान र अभियोजन गर्न सक्छन् । यस सिद्धान्तले तेस्रो मुलुकका अधिकारीहरूलाई अन्य देशमा अपराध भएको भए पनि र आरोपित र पीडित दुवै उक्त देशका नागरिक नभएको भए पनि गम्भीर अन्तर्राष्ट्रिय अपराधका लागि जिम्मेवार भनिएका व्यक्तिमाथि मुद्दा चलाउने अनुमति दिन्छ ।[१४८]

विगत दुई दशकमा अनेकौं देशका अदालतले विदेशमा भएका युद्ध अपराध, मानवताविरुद्धको अपराध, नरसंहार, यातना, जबर्जस्ती बेपत्ता र गैरन्यायिक हत्या लगायतका गम्भीर अन्तर्राष्ट्रिय अपराधका मुद्दालाई अघि बढाएका छन् । विशेषगरी जर्मनी, स्विडेन र फ्रान्स लगायतका युरोपेली मुलुकहरूले सिरिया र इराकमा गम्भीर अपराध गरेको

---

[१४३] देउवा द्वन्द्वकालमा तीनपटक प्रधानमन्त्री बने । डिसेम्बर १०, २००४ मा राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसमा आयोजना गरेको समारोहमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बेपत्ता पार्ने काममा सुरक्षाकर्मीहरूको जिम्मेवारीका विषयमा लागेको आरोपको खण्डन गर्दै भने : "थाहा छ, माओवादीहरू सही नामले चिनिँदैनन् ... एउटा माओवादी पक्राउ पर्दा अर्को नाम बताउँदै थुनाबाट छुट्न सक्छ । केही माओवादी युद्धमा मारिए होलान् । अरू खुला सीमा पार गरेर भारत गए होलान् । सरकारलाई यसका लागि कसरी दोष लगाउन मिल्छ ?" https://www.hrw.org/reports/2005/nepal0205/nepal0205.pdf.

[१४४] रामकुमार भण्डारी, "नेपाल : संक्रमणकालीन अनिश्चितता", https://www.justiceinfo.net/en/justiceinfo-comment-and-debate/opinion/33628-nepal-transitional-uncertainty.html

[१४५] द राइजिङ नेपाल, http://therisingnepal.org.np/news/11288

[१४६] शिरीष ब. प्रधान, https://www.outlookindia.com/newsscroll/nepals-prachanda-says-he-can-be-blamed-for-only-5000-deaths-during-civil-war/1709296.

[१४७] उदाहरणका लागि, जुन २०१६ मा प्रचण्डले युद्धअपराधका लागि पक्राउ परिने डरले अस्ट्रेलियाको भ्रमण रद्द गरे । https://www.business-standard.com/article/news-ians/fearing-arrest-prachanda-cancels-australia-visit-116062400344_1.html

[१४८] क्लाइभ बाल्डविन, द काठमाडौं पोस्ट, १४६, https://kathmandupost.com/opinion/2018/09/10/catch-them-or-else.

आरोप लागेका व्यक्तिविरुद्ध ऐतिहासिक अनुसन्धान तथा अभियोजन गरिरहेका छन् । युरोपमा पीडित, प्रत्यक्षदर्शी तथा यसअघि उपलब्ध नभएको प्रमाण आइपुगेपछि यी मुद्दा अघि बढाउन सम्भव भएका हुन् ।

ज्यादती गर्ने पीडकहरूलाई जवाफदेही बनाउने, कतै पनि साथ नपाएका पीडितहरूलाई न्याय दिने, भविष्यमा हुनसक्ने अपराधलाई निवारण गर्ने र मानवअधिकार उल्लंघनकर्ताका लागि कुनै पनि देश सुरक्षित क्षेत्र नबनोस् भनी सुनिश्चित गर्नका लागि सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय प्रयासहरूको महत्त्वपूर्ण पाटो यी मुद्दाहरू पनि हुन् । विभिन्न देशका राष्ट्रिय अनुभवले उपयुक्त कानून, पर्याप्त स्रोतसाधन, संस्थागत प्रतिबद्धता र राजनीतिक इच्छाशक्तिको सही संयोजन भएमा विश्वव्यापी क्षेत्राधिकारको समुचित तथा प्रभावकारी अभ्यास सम्भव रहेको सिद्ध गरेको छ ।

नेपालमा विद्यमान दण्डहीनतालाई सम्बोधन गर्नका लागि यस सिद्धान्तले पारेको प्रभाव वि.सं. २०७० मा स्पष्ट भयो । त्यो वर्ष बेलायती अधिकारीहरूले नेपाली सेनाका तत्कालीन महासेनानी कुमार लामालाई पक्राउ गरे । उनलाई जनक बहादुर राउत सहितका पीडितलाई यातना दिएको दुईवटा आरोपमा पक्राउ गरिएको थियो ।[१४९] लामो पुर्पक्षपछि भदौ २०७३ मा उनलाई (करम हुसेनलाई यातना दिइएको) आरोपमा सफाइ दिइयो भने जनक बहादुर राउतको मुद्दामा जुरीले कुनै निर्णय दिन सकेन ।[१५०] बेलायती अभियोजन पक्ष क्राउन प्रोसिक्युसन सर्भिसले असोज २०७३ मा यस दोस्रो आरोपमा पुनः पुर्पक्ष नगर्ने भनी अदालतलाई जानकारी दियो ।[१५१]

लामाले अन्ततोगत्वमा सफाइ पाएको भए पनि गम्भीर अपराधको आरोप लागेका व्यक्तिलाई अन्य मुलुकमा पक्राउ तथा अभियोजन गरिने र पीडितहरूले देशमा न्याय पाइने सम्भावना नदेखेमा संसारभरि जहाँसुकै पनि न्यायका लागि प्रक्रिया चालिरहनेछन् भन्ने तथ्य उनको मुद्दाले साबित गरेको छ ।[१५२] यातना जस्ता अन्तर्राष्ट्रिय अपराधको आरोपमा अभियोजनकर्ताहरूले अन्य देशमा वर्षौंअघि भएका घटना भए पनि मुद्दा चलाउन सक्छन् भन्ने पनि यसले प्रमाणित गरेको छ । यस मुद्दाले नेपालको राजनीति र सञ्चार क्षेत्रको ध्यान राम्रैसँग खिचेको थियो । पीडित समूह तथा अधिकार अभियन्ताहरू द्वन्द्वकालीन ज्यादतीको आरोप लागेका नेपाली पीडकले विदेशमा पुर्पक्षको सामना गर्नुपरेको उदाहरणबाट उत्प्रेरित भए भने नेपालमा न्याय दिइएन भने पीडकहरूका लागि अन्तर्राष्ट्रिय न्यायको तरवार सधैं झुण्डिरहने भन्ने यथार्थ नेपाली अधिकारीहरूले महसूस गरेका छन् ।[१५३]

---

[१४९] यातनाका लागि विश्वव्यापी क्षेत्राधिकारको व्यवस्था गर्ने बेलायतको फौजदारी न्याय ऐनको दफा १३४ अन्तर्गत कुमार लामालाई आरोप लगाइएको थियो । बेलायतमा जेनभा महासन्धि ऐन पनि छ जसले युद्धअपराधमा विश्वव्यापी क्षेत्राधिकार दिन्छ अनि अन्तर्राष्ट्रिय फौजदारी अदालत ऐन छ जसले युद्धअपराध, नरसंहार र मानवताविरुद्धको अपराधमा विश्वव्यापी क्षेत्राधिकारको व्यवस्था गरेको छ (दफा ५१) । हेर्नुस्, इन्ग्रिड मसाजे र मन्दिरा शर्मा, "रेगिना विरुद्ध लामा : विश्वव्यापी क्षेत्राधिकार मुद्दा तयार पार्दा सिकिएका पाठ", https://doi.org/10.1093/jhuman/huy020.

[१५०] ओवेन बोकट, द गार्डियन पत्रिका, https://www.theguardian.com/law/2016/sep/06/nepalese-officer-col-kumar-lama-cleared-torturing-maoist-detainees.

[१५१] इन्ग्रिड मसाजे र मन्दिरा शर्मा, "रेगिना विरुद्ध लामा : विश्वव्यापी क्षेत्राधिकार मुद्दा तयार पार्दा सिकिएका पाठ", https://doi.org/10.1093/jhuman/huy020.

[१५२] ह्युमन राइट्स वाच, महान्यायाधिवक्तलाई लेखेको पत्र, https://www.hrw.org/news/2018/08/29/letter-attorney-general-nepal.

[१५३] उदाहरणका लागि हेर्नुस्, स्नेहा श्रेष्ठ, "कर्नेल कुमार लामाको अनौठो मुद्दा : यसको उत्पत्ति र नेपाल तथा बेलायतमा यसले पारेको प्रभाव तथा विश्वव्यापी क्षेत्राधिकारको बहसमा यसको योगदान", https://papers.ssrn.com/sol3/papers.cfm?abstract_id=310572.

# सिफारिशहरू

**नेपाल सरकारलाई**

***संक्रमणकालीन न्याय कानून तथा कार्यान्वयनको सवालमा***

- मानवअधिकारको गम्भीर उल्लंघन तथा अन्तर्राष्ट्रिय अपराधमा कुनै क्षमादान नहुने सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतका आदेश तथा संयुक्त राष्ट्रसंघका सिफारिशलाई कार्यान्वयन गर्नका लागि संक्रमणकालीन न्याय कानूनमा संशोधन गर्ने ।
- द्वन्द्वकालका मानवअधिकार मुद्दामा प्रक्रिया अघि बढाउने क्रममा प्रहरी र अभियोजनकर्ताहरूमाथि लगाइएका सबै अवरोध सार्वजनिक तथा स्पष्ट रूपमा हटाउने ।
- संक्रमणकालीन न्याय कानूनले अपराधका परिभाषा तथा दण्डविधान लगायत संक्रमणकालीन न्यायका सबै पक्षहरूको कानूनी आधार प्रदान गर्नका लागि सुनिश्चित गर्ने । यसो गर्न सम्भव नभएमा संक्रमणकालीन न्याय कानूनबाट दण्ड जरिवानाका सबै प्रावधानहरू हटाइनुपर्छ र त्यसको साटो विद्यमान फौजदारीष संहिता लागू गरिनुपर्छ । तर पहिला द्वन्द्वमा भएका युद्धअपराध तथा मानवताविरुद्धको अपराध सहित गम्भीर अपराधहरूको अभियोजनलाई हदम्यादले नरोक्ने र आदेश दिने अधिकारीको जिम्मेवारीको सिद्धान्त अनुसार माथिल्ला अधिकारीहरूविरुद्ध पनि अभियोजनकर्ताहरूले मुद्दा चलाउने सुनिश्चितताका लागि फौजदारी संहिताका सबै सान्दर्भिक प्रावधानहरूमा संशोधन गर्नुपर्छ ।
- कुनै पनि सजाय कसूरको गम्भीरता अनुरूपकै हुने सुनिश्चित गर्ने । नेपालका अदालतहरूले कसूरको सजायका लागि अन्तर्राष्ट्रिय मापदण्डलाई विचार गर्नुपर्ने भनी कानूनले तोक्नुपर्छ र अन्तर्राष्ट्रिय अपराध तथा मानवअधिकारको गम्भीर उल्लंघनका लागि कारावास सजाय मानक हो भनी स्पष्ट पार्नुपर्छ ।
- फौजदारी कानूनमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको आदेश दिने अधिकारीको जिम्मेवारीको सिद्धान्तलाई स्थापित गर्ने कानून कार्यान्वयन गर्नुपर्छ । पीडितहरूले प्रत्येक पीडकलाई पहिचान गर्न प्रायः जसो नसक्ने हुँदा यस सिद्धान्तको बढी महत्त्व छ र यस्ता घटनामा अनुसन्धान गर्ने अधिकारीहरूले उल्लंघनका लागि जिम्मेवार इकाइका आदेश दिने अधिकारी पत्ता लगाउनुपर्छ ।
- संक्रमणकालीन न्याय तथा फौजदारी न्याय प्रणालीको स्वतन्त्रताका लागि अभियोजनका विषयमा निर्णय लिँदा, अभियोजन प्रक्रिया टुंग्याउँदा वा फिर्ता लिँदा वा मुद्दामा प्रभाव पार्नेगरी कुनै अन्य जिम्मेवारीका लागि मन्त्री वा मन्त्रालयको कुनै भूमिका नरहने कुरा सुनिश्चित गर्ने ।

- आयोगहरूले परामर्श लगायतका प्रक्रियालाई कसरी अगाडि बढाउँछन् भन्ने विषयमा स्पष्ट हुने गरी समयरेखा सहितको कार्यसञ्चालन योजना र सक्रमणकालीन न्यायका सबै अवयवहरूले प्रभावकारी काम गर्ने सुनिश्चितताका लागि विस्तृत कार्ययोजना सार्वजनिक गर्ने । यस्तो संरचनाले अभियोजनहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने सुनिश्चित गर्नका लागि विस्तृत विवरण सहितको कानूनी संरचनालाई समावेश गर्नुपर्छ जसमा समुचित परिपूरण र दण्डविधान सम्बन्धी निर्देशिका समावेश गरिएको हुनुपर्छ ।
- यथाशीघ्र रोम विधानको पक्षराष्ट्र बन्ने र अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारलाई सन् २००२ सम्मका लागि विस्तार गर्ने ।

## *बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको सवालमा*

- सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका कार्यसञ्चालन तथा विधिशास्त्रीय मापदण्डहरूले अन्तर्राष्ट्रिय सत्यनिरूपण तथा मेलमिलाप आयोग र छानबिन आयोगका असल अभ्यासको अवलम्बन गर्ने तथा दुवै आयोगले सर्वोच्च अदालतका निर्देशनहरूको पालन गर्ने कुरालाई सुनिश्चित गर्ने ।
- आयुक्तहरूको नियुक्ति प्रक्रियालाई सार्वजनिक तथा पारदर्शी बनाउने सुनिश्चित गर्ने । नागरिक समाज, पीडित तथा पीडितका नातेदार लगायतका सरोकारवालासँगको पूर्ण र पर्याप्त परामर्श यस प्रक्रियामा अनिवार्य गर्ने ।
- अभियोजनको निर्णयमा पश्चात्ताप, मेलमिलाप तथा कसूर दोहोरिने जोखिमका कुरामा विचार नहुने भनी सुनिश्चित गर्ने यद्यपि कसूर ठहर भएपछि सजायको हकमा यसको सान्दर्भिकता हुन सक्छ ।
- पीडित तथा नागरिक समाज संगठनहरूसँग परामर्श गर्ने, उनीहरूले औपचारिक परामर्श कार्यक्रममा सुसूचित भई सहभागी हुनका लागि परामर्शपूर्वको छलफलको अवसर दिने ।
- सत्यनिरूपण तथा मेलमिलाप आयोग वा अन्य कुनै स्वतन्त्र आयोगलाई द्वन्द्वकालमा भएको बलात्कार तथा अन्य प्रकृतिका यौनजन्य हिंसासम्बन्धी आरोपको अनुसन्धान गर्ने विशेष दायित्व सुनिश्चित गर्ने । यस्तो आयोगसँग पीडितहरूको गोपनीयता तथा मर्यादाको सम्मान गर्ने, लैंगिक संवेदनशील प्रक्रिया अपनाउनका लागि पर्याप्त शक्ति तथा स्रोतसाधन हुनुपर्छ; पुनराघातलाई न्यूनीकरण गर्नका लागि परामर्शदाता, अनुवादक वा विशेष शिक्षाप्रदायकको सहयोग लिने अनि अपांगता भएका व्यक्तिलाई सबै प्रक्रियामा सहज पहुँच हुने सुनिश्चित गर्ने र पीडित तथा तिनका परिवारलाई मनोसामाजिक परामर्श तथा अन्य सहायताका लागि सिफारिश गर्ने क्षमता पनि आयोगसँग हुनुपर्छ ।
- दण्डको सम्पूर्ण विधानका बारेमा नागरिक समाज र पीडितहरूलाई समुचित व्याख्या र छलफल गर्ने र अपराधको गम्भीरताकै अनुपातमा दण्ड दिने कुरालाई सुनिश्चित गर्ने ।

- पीडितहरूले नियमित अदालतीय प्रणालीमार्फत न्याय पाउनका लागि प्रक्रिया चाल्न सक्ने तथा तिनलाई सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका कामकारवाहीले अवरोध नगर्ने सुनिश्चितता प्रदान गर्ने । गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता वा अन्य मानवअधिकार उल्लंघनका गम्भीर अपराधका सबै घटनाको विश्वसनीय अनुसन्धान तथा अभियोजन गर्ने र यसक्रममा सेना, प्रहरी वा माओवादी बलका सदस्य रहेका आरोपितहरूलाई प्रश्न गर्ने ।

- युद्ध अपराध, मानवताविरुद्धको अपराध तथा यातना, जबर्जस्ती बेपत्ता, बलात्कार र यौन हिंसा कानूनविपरीत तथा गैरन्यायिक हत्या जस्ता मानवअधिकारका गम्भीर उल्लंघन लगायतका अन्तर्राष्ट्रिय अपराधलाई देशको कानूनले कसूर ठहर गर्ने गरी कानून निर्माण तथा कार्यान्वयन गर्ने, यस्ता कसूरलाई अन्तर्राष्ट्रिय परिभाषा अनुरूप हुने गरी देशको कानूनमा व्याख्या गर्ने, पीडितलाई जाहेरी दर्ताका लागि सहज बनाउन सबै किसिमका हदम्याद हटाउने र नेपालले यातनाविरुद्धको महासन्धिमा हस्ताक्षर गरेको मिति वि.सं. २०४८ असोज ३१ पछि भएका सबै यातनाका अपराधमा अभियोजन सुनिश्चित गर्ने ।

- न्यायपालिका, अभियोजनकर्ता वा महान्यायाधिवक्ताको स्वतन्त्रतामा कुनै पनि हस्तक्षेप हुन नदिने । विशिष्ट मुद्दामा अभियोजनलाई प्रभावित पार्ने, त्यस्ता मुद्दामा न्यायिक निर्णयप्रक्रियालाई असर पार्ने, व्यक्तिलाई न्यायको दण्डविधानबाट संरक्षण गर्ने वा प्रमाण प्रस्तुत नगर्ने वा नष्ट गर्ने अनुचित प्रयास यसमा पर्दछन् ।

- महान्यायाधिवक्ता तथा अदालतहरूले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट हुने सिफारिशभन्दा अतिरिक्त समेत अन्तर्राष्ट्रिय अपराधमा अनुसन्धान तथा अभियोजन गर्न पाउने कुरालाई सुनिश्चित गर्ने ।

- नियमित अदालतले दिएको आदेशलाई नेपालमा सबै व्यक्ति र संस्थाले पालन गर्ने सुनिश्चितता दिने र पालन नगर्नुलाई कसूर ठहऱ्याउने ।

- यातना तथा जबर्जस्ती बेपत्ताविरुद्धका कानूनहरूलाई संशोधन गरेर अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने र त्यसक्रममा आदेश दिने अधिकारीको जिम्मेवारीको सिद्धान्तलाई कानूनमा समावेश गर्ने ।

- बढुवा, विदेशमा राष्ट्रसंघीय शान्ति मिसन वा विदेशमा हुने विशिष्ट तालिमका लागि छनोट भएका सुरक्षाबलका सदस्यहरूको पीडक परीक्षण (भेटिङ) प्रक्रियालाई सुधार गर्ने जसले गर्दा मानवअधिकार उल्लंघनकर्ताहरूको पहिचान होस् । राष्ट्रिय मानवअधिकार आयोगले गरेका अनुसन्धान लगायतले गम्भीर मानवअधिकार उल्लंघनमा संलग्न भनी विश्वसनीय आधारमा आरोप लगाइएका व्यक्तिलाई बिदामा पठाएर अनुसन्धान पूरा नहुन्जेलसम्म विदेशयात्रा गर्न प्रतिबन्ध लगाउने ।

- जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धि र यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखको पक्षराष्ट्र बन्ने ।

- अदालतको आदेशलाई सम्मान गर्दै द्वन्द्वकालका घटनाको जाहेरी दर्ता गर्न तथा शीघ्र अनुसन्धान थाल्न प्रहरी तथा सरकारी वकिलहरूलाई स्पष्ट निर्देशन दिने । जाहेरी दर्ता गर्न अस्वीकार गर्ने प्रहरीविरुद्ध र अदालतको आदेश पालन गर्न वा घटनाको विश्वसनीय अनुसन्धान गर्न तदारुकता नदेखाउने प्रहरी वा सरकारी वकिलविरुद्ध अनुशासनात्मक कारवाही गर्ने ।

- अदालतको आदेश अवज्ञा गर्ने नेपाल प्रहरी, नेपाली सेना र माओवादी दलका सदस्यलाई जवाफदेही बनाउने ।
- राष्ट्रिय मानवअधिकार आयोगलाई सुदृढ बनाउने र आयोगका सिफारिशलाई तालुकदार निकायले शीघ्र कार्यान्वयन गर्ने कुरालाई सुनिश्चित गर्ने ।
- तराईमा २०७२ सालमा भएको हिंसाको छानबिन गर्ने लाल आयोगको प्रतिवेदन तथा २०६२/६३ को जनआन्दोलनका क्रममा भएको दमनको छानबिन गर्ने रायमाझी आयोगको प्रतिवेदन लगायत अघिल्ला सबै छानबिन आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्ने र ती प्रतिवेदनले दिएका सिफारिशको पूर्ण कार्यान्वयन गर्ने ।

## संयुक्त राष्ट्रसंघ, दातृनिकाय तथा विदेशी सरकारहरूलाई

- नेपालमा मानवअधिकारका गम्भीर उल्लंघनहरूमा दण्डहीनताले जरा गाडेर बसेको छ र यसले विकास तथा सुशासनका कार्यक्रम र परियोजनामा सफल परिणाम ल्याउन रोकिरहेको छ भनी स्वीकार गर्ने । सार्वजनिक हितका लागि जवाफदेही सरकारको अभ्यासलाई समर्थन गर्न विश्वसनीय न्याय प्रक्रियामार्फत शक्तिशाली व्यक्तिहरूले गरेको फौजदारी अपराधको गम्भीर आरोपलाई सम्बोधन गर्नु आवश्यक कदम हो ।
- अन्तर्राष्ट्रिय अपराधमा न्यायका लागि अन्तर्राष्ट्रिय मापदण्ड तथा सर्वोच्च अदालतका आदेश अनुकूल हुने विश्वसनीय तथा पीडितकेन्द्रित संक्रमणकालीन न्याय प्रक्रिया र नियमित फौजदारी न्याय प्रक्रियाका लागि सार्वजनिक आह्वान गर्ने ।
- काठमाडौंमा रहेका कूटनीतिक नियोगहरूले संक्रमणकालीन न्यायको "समाधान" का लागि मध्यस्थता गर्ने लक्ष्यका साथ गर्ने हस्तक्षेप मानवअधिकार उच्चायुक्तको कार्यालयले निर्धारण गरेको अन्तर्राष्ट्रिय मापदण्ड तथा सर्वोच्च अदालतले स्थापित गरेको विधिशास्त्र अनुकूल हुने कुरालाई सुनिश्चित गर्ने ।
- नेपाल सरकार, वरिष्ठ राजनीतिकर्मी, प्रहरी अधिकृत तथा सेनाको शीर्ष अधिकृतहरूसँगका सबै सार्वजनिक तथा निजी बैठकमा जवाफदेहिता र संक्रमणकालीन न्यायका लागि आह्वान गर्ने ।
- प्रहरीको कार्यसञ्चालन तथा विधिको शासनलाई सुदृढ बनाउनका लागि ल्याइएको कुनै पनि कार्यक्रमले द्वन्द्वकालमा गरिएका ज्यादती तथा त्यसपछि पनि भइरहेका ज्यादतीमा दण्डहीनता अन्त्यका लागि ठोस कार्यको सार्वजनिक समर्थनलाई सुनिश्चित गर्ने ।
- संक्रमणकालीन न्याय प्रक्रियामा जवाफदेहिताको पर्याप्त व्यवस्था वा पीडितबाट समर्थनको अभाव रहेको राजनीतिक हस्तक्षेपकारी दृष्टिकोण अन्त्यका लागि आह्वान गर्ने ।
- लाल आयोगको प्रतिवेदन प्रकाशन गर्न तथा अधिकारको गम्भीर उल्लंघनमा व्यक्तिहरूलाई जवाफदेही ठहऱ्याउने लगायतका आयोगका सिफारिशको कार्यान्वयनतर्फ ठोस प्रगतिका लागि आह्वान गर्ने ।
- नेपालले विश्वव्यापी आवधिक समीक्षामा स्वीकार गरेको सिफारिश लागू गर्न नसकेको कुरा पहिचान गर्ने । आगामी समीक्षामा सदस्य राष्ट्रहरूले यस विफलताका विषयमा चिन्ता व्यक्त गर्नुपर्छ ।

- द्वन्द्वकालका जघन्य अपराधमा मुछिएका व्यक्तिहरूका विरुद्ध मुद्दा दायर गर्नका लागि राष्ट्रिय अदालतहरूमा विश्वव्यापी क्षेत्राधिकार लागू गर्नका लागि विचार गर्ने ।
- नेपाली सेनाले संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा निरन्तर सहभागिताका लागि अदालतका सबै आदेश तथा संक्रमणकालीन न्याय प्रक्रियाको पालना गर्ने शर्तमा जोड दिने ।
- पीडित भनिएका व्यक्तिको पहिचान खुलाउनका लागि कठोर पीडक परीक्षण प्रक्रिया अपनाउने र त्यस्ता पीडकलाई संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा सहभागी हुन नदिनका लागि आह्वान गर्ने ।
- संयुक्त राष्ट्रसंघका मिसनहरूमा सहभागी हुने नेपाली सुरक्षाबलहरूको पीडक परीक्षण गर्दा राष्ट्रिय मानवअधिकार आयोगको तथ्यांक हेर्ने र नेपालले मानवअधिकार उल्लंघनको आरोप लागेका व्यक्तिलाई समेत शान्ति मिसनमा सहभागी हुनका लागि अनुमति दिएको छ कि छैन भन्ने विषयमा मूल्यांकन गर्ने किनकि विगतमा यसरी अनुमति दिने काम गरिएको थियो ।

## संयुक्त अधिराज्य (बेलायत) लाई

- नेपाल प्रहरीलाई आर्थिक सहायता दिनका लागि बेलायतको चालू सम्झौता अन्तर्गत मानवअधिकार संरक्षण र सुरक्षा क्षेत्रको सुधारका सम्बन्धमा स्पष्ट मापदण्ड आवश्यक बनाउने । बेलायतको सैन्य तालिम लिने नेपाली सेनाका सबै सदस्यहरूलाई व्यवस्थित रूपमा पीडक परीक्षण गर्ने ।
- लाल आयोगको प्रतिवेदन प्रकाशन गर्न तथा बेलायतले आर्थिक सहायता उपलब्ध गराएकै समयमा गम्भीर उल्लंघनका घटनामा संलग्न प्रहरीलाई जवाफदेही ठहऱ्याउने लगायतका आयोगका सिफारिशको कार्यान्वयनतर्फ ठोस प्रगतिका लागि आह्वान गर्ने ।
- न्यायमा हस्तक्षेप गरेको वा गैरन्यायिक हत्या वा जबर्जस्ती बेपत्तामा मतियार रहने लगायतका जारी मानवअधिकार उल्लंघनमा संलग्न रहेको आरोप लागेका व्यक्तिको सम्पत्ति रोक्का लगायतका प्रतिबन्धमा विचार गर्ने ।

## संयुक्त राज्य अमेरिकालाई

- सैनिक सम्पर्क, तालिम तथा सहायतामा नियन्त्रण कायम राख्ने तथा द्वन्द्वकालमा गरिएका उल्लंघन र अहिले भइरहेका ज्यादतीमा जवाफदेहिताको प्रगति भए मात्र भविष्यमा सहायता दिने शर्त राख्ने ।
- मानवअधिकारको जघन्य उल्लंघनमा वा जवाफदेहिताको प्रयासमा अवरोध गर्ने विषयमा संलग्न रहेको भनी विश्वसनीय आरोप लागेका सबै नेपाली अधिकारीहरूलाई यात्रा प्रतिबन्ध, सम्पत्ति रोक्का तथा अन्य आर्थिक प्रतिबन्ध लगायत ग्लोबल म्याग्नित्स्की याक्ट (मानवअधिकार उल्लंघनका घटनामा संलग्न विदेशी अधिकारीलाई समेत जवाफदेही बनाउनका लागि अमेरिकी संसद्ले वि.सं. २०७३ मा पारित गरेको कानून) र अन्य सान्दर्भिक

अमेरिकी कानून अन्तर्गतका परिलक्षित प्रतिबन्धमा विचार गर्न परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

- मानवअधिकारको गम्भीर उल्लंघनमा मुछिएका इकाइ र व्यक्तिलाई माथि उल्लेख गरिएका प्रतिबन्धको सामना गराउने विषयमा विचार गर्नका लागि र अमेरिकाको लेही कानूनअन्तर्गत सैन्य सहायताका उपलब्ध गराउनुपूर्व स्थानीय नागरिक समाज तथा मानवअधिकार समूहहरूसँग त्यस्ता इकाइ र व्यक्तिको पहिचानका लागि परामर्श गर्ने ।

# अनुसूची : घटनाको अद्यावधिक जानकारी

| मुद्दा नं. | नाम | जिल्ला | मुद्दाको संक्षिप्त विवरण | जाहेरी पेश भएको मिति | जाहेरी दर्ता भए/नभएको | २०६६ साल सम्मको विकासक्रम | २०७७ साल सम्मको प्रगति विवरण | राष्ट्रिय मानव अधिकार आयोगको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | राजु विश्वकर्मा | बागलुङ | गैह्रन्यायिक हत्या<br><br>राजु विश्वकर्मालाई २०५८ साल फागुन १७ गते शाही नेपाली सेनाको टोलीले पक्राउ गरेको थियो ।* फागुन २० गते निजको परिवारलाई निज भाग्न खोज्दा निजको ज्यान लिइएको खबर दिइएको थियो । परिवारलाई तुरुन्त शव जलाउन दबाब दिइएको र निजको अन्त्येष्टिमा सेनाहरुको समेत उपस्थित रहेको थियो । | २०६३ साल चैत्र ४ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br><br>२०६६ साल असार ४ गते छिटोछरितो रुपमा अनुसन्धान गराइपाऊँ भन्दै रिट दायर भएको थियो । | २०६६ साल कार्तिक २५ गते उच्च अदालत, बागलुङले मुद्दाको अनुसन्धान तत्काल शुरु गर्न प्रहरीलाई आदेश दिएको थियो । अदालतले आदेश गरेको भएतापनि एड्भोकेसी फोरमका वकीलहरुले प्रहरीको मिसिलमा कुनै प्रगति भएको प्रमाण फेला पार्न सकेका छैनन् ।<br><br>अद्यावधिक : २०७७ साल वैशाख सम्म समेत मुद्दामा कुनै प्रगति भएको छैन ।<br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर त्यहाँ कुनै प्रगति भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले राजु विश्वकर्मा गैह्रन्यायिक हत्याको सिकार भएको निष्कर्ष निकालेको थियो । आयोगले घटनामा संलग्न कमान्डर र सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सरकारलाई सिफारिस गरेको थियो । आयोगले पीडित परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति र निजका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिसकिएको छ । |

* संबैधानिक राजतन्त्रको अन्त्य भएपछि शाही नेपाली सेनाको नाम नेपाली सेनामा परिणत भएको थियो ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. र ३. | गंगा गौचन र (पहल सिंह भन्ने) पहलवीर विश्वकर्मा | बागलुङ | गैह्रन्यायिक हत्या<br><br>२०६१ साल असार २७ गते खड्गदल ब्यारेकका चार जना सैनिकहरुले गंगा गौचन र पहलवीर विश्वकर्मालाई कुटपिट गरेका थिए । साक्षीहरुका अनुसार सैनिकहरुले उनीहरुलाई कुटपिट पश्चात् गोली हानी हत्या गरेका थिए । दुवै पीडितका परिवारका सदस्यहरुलाई सैनिकहरुले मृत शरिरको तुरुन्तै व्यवस्थापन गर्न धम्की दिएका थिए । | २०६३ साल फागुन ३ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br>२०६६ साल असार ४ गते पीडितका परिवारले पुनरावेदन अदालत, बागलुङमा परमादेशको भिन्ना-भिन्नै निवेदन दायर गरेका थिए । | २०६६ साल कार्तिक २५ गते पुनरावेदन अदालत, बागलुङले प्रहरीलाई तत्काल अनुसन्धान थाल्न एकै किसिमका आदेशहरु जारी गरेको थियो ।<br>अद्यावधिक : अदालतले आदेश गरेको भएतापनि, एड्भोकेसी फोरमका वकीलहरुले २०७७ साल वैशाख सम्म कुनै प्रगति भएको प्रमाण फेला पार्न सकेका छैनन् ।<br>२०६३ साल जेठ २९ गते गृह मन्त्रालयले जारी गरेको परिपत्रमा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश र आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत दायर भएका सबै मुद्दा फिर्ता लिने सरकारको निर्णयको जानकारी गराएको थियो ।**<br><br>यी मुद्दाहरु उक्त अध्यादेश वा ऐन अन्तर्गत नपर्ने भएतापनि जिल्ला प्रहरी कार्यालय, बागलुङले उक्त परिपत्रलाई द्वन्द्वकालका कुनैपनि मुद्दाहरुमा अनुसन्धान र अभियोजन नगर्नु भन्ने राजनीतिक निर्णयको रुपमा व्याख्या गरेको पाइएको छ ।*** | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध कानूनी कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितका परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति र पहलवीर विश्वकर्माका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिसकिएको छ । |
| ४. | डिल्ली प्रसाद सापकोटा | बागलुङ | यातना पश्चात् गैह्रन्यायिक हत्या<br><br>२०६१ साल माघ २९ गते सुरक्षाकर्मीहरुको ठुलो समुहले डिल्लीप्रसाद सापकोटालाई पक्राउ गरेको थियो । प्रत्यक्षदर्शीहरुका अनुसार डिल्लीप्रसाद सापकोटालाई रुखमा बाँधेर कठोर यातना दिई अन्त्यमा गोली हानी हत्या गरिएको थियो । | २०६४ साल फागुन | नभएको | निजका परिवारले जिल्ला प्रहरी कार्यालय, बागलुङमा जाहेरी दर्ता गर्न प्रयास गरेको भएतापनि प्रहरीले जाहेरी दर्ता गर्नुको सट्टा परिवारलाई नै उल्टै मार्ने धम्की दिएको थियो । | पीडित परिवारले आफ्नो सबै आशा मरिसकेको भनी मुद्दालाई अगाडि नबढाउने निर्णय गरेको छ ।<br>अद्यावधिक : निजका परिवारका अनुसार उनीहरु मुद्दा गरेको परिणाम स्वरुप पुनःपीडित बन्न नचाहेको र त्यस्तो मुद्दाले कुनै परिणाम दिने आशा मरिसकेका छन् । | राष्ट्रिय मानव अधिकार आयोगले सापकोटा गैह्रन्यायिक हत्याको सिकार भएको निष्कर्ष निकालेको थियो । आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गर्न र उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति र पीडितका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिसकिएको छ । |

** *एड्भोकेसी फोरमसंग प्रतिलिपि फाइल सुरक्षित रहेको ।*

*** *यस्तै घटनाक्रम तलका विभिन्न मुद्दाहरुमा देखिन्छ ।*

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. र ६. | दल बहादुर थापा र पार्वती थापा | बाँके | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०५९ साल भदौ २५ गते बेलुकी करिब ८:४० बजे उनीहरुको घर घेरेर बसेका सुरक्षाकर्मीहरुको ठुलो समूहले पड्काएको बन्दुकको आवाजले दलबहादुर र उनका परिवार बिउँझिएका थिए। घरभित्र माओवादीहरु लुकेर बसेको शंका लागेका कारण सुरक्षाकर्मीहरुले लगातार १५ मिनेट सम्म गोली वर्षाएका थिए। दलबहादुर र पार्वती थापालाई गोली हानी हत्या गरी उनीहरुको शव सुरक्षाकर्मीले नै लगेको र हालसम्म पनि परिवारलाई फिर्ता दिइएको छैन। | २०६४ साल असार ३१ गते | भएको | २०६५ साल जेठबाट अनुसन्धान शुरु भएको थियो। २०६६ साल असार ४ गते पुनरावेदन अदालत, नेपालगंजमा दलबहादुरकी आमाले परमादेशको निवेदन दायर गरेकी थिइन्। | २०६६ साल फागुन १२ गते पुनरावेदन अदालत, नेपालगंजले जिल्ला प्रहरी कार्यालय, बाँकेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन परमादेश जारी गरेको थियो।<br>एड्भोकेसी फोरमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेश पालना गर्न बारम्बार आग्रह गरेकोमा सेनाले पत्रको जवाफ नफर्काउने गरेको बताउँदै आएका छन्।<br>अद्यावधिक : जिल्ला सरकारी वकील कार्यालयले २०६७ साल भदौ १३ गते क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुर र जिल्ला प्रहरी कार्यालय, बाँकेलाई कानूनले तोकेको हदम्यादभित्र अनुसन्धान अघि बढाउन निर्देशन दिएको थियो।<br><br>२०६७ साल कार्तिक २८ गते क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरले श्री खड्ग दल बटालियन, चिसापानीलाई संकास्पद व्यक्तिहरुलाई उपस्थित गराउन पत्र लेखेको भएतापनि त्यसको कुनै जवाफ आएको थिएन। प्रहरीले घटना विवरण कागज बनाएको भएतापनि उचित अनुसन्धान भने भएको छैन।<br><br>सो मुद्दा क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरमा दर्ता भएको थियो। घटना विवरणसंग सम्बन्धित केही बयानहरु लिइएको थियो। सो बाहेक कुनै प्रगति भएको छैन र अनुसन्धान "बाँकी" नै छ।<br><br>२०७७ साल जेठ २ गते एड्भोकेसी फोरमले मुद्दाको सम्बन्धमा जानकारी संकलन गर्न क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरका प्रहरी नायब उपरीक्षक कुलदिप चन्दसंग सम्पर्क गरेको थियो। उनले मुद्दासंग सम्बन्धित कुनै जानकारी नभएको बताएका थिए।<br><br>यद्दपी, सोही कार्यालयका प्रहरी सहायक निरीक्षक रन्धिर सिहंका अनुसार, २०६६ सालमा "केन्द्र" (अर्थात्, प्रहरी प्रधान कार्यालय) बाट यस प्रकृतिका घटनाहरुको अनुसन्धान "बाँकी राख्नुपर्ने" आदेश प्राप्त भएको थियो। सोही आदेशको पालना गरी क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरले यो मुद्दा जिल्ला प्रहरी कार्यालय, कोहलपुरलाई हस्तान्तरण गरेको थियो। | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो। आयोगले पीडितको परिवारलाई रु. २,००,०००/- (अमेरिकी डलर १,७००/-) क्षतिपूर्ति र पीडितका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न समेत सिफारिस गरेको थियो।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार गृह मन्त्रालयले घटनामा संलग्न सुरक्षाकर्मीहरु विरुद्ध कारवाही चलाउन निर्देशन दिएको, पीडितका परिवारलाई क्षतिपूर्ति दिन मन्जुर गरेको र घाइते बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न शिक्षा मन्त्रालयलाई अनुरोध गरेको थियो। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७७ साल जेठ २ गते जिल्ला सरकारी वकील कार्यालय, बाँकेका उप-न्यायाधिवक्ता निराजन शर्माले उनको कार्यालयमा सो मुद्दाको कुनै मिसिल नरहेको जानकारी दिनुभएको थियो ।<br><br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर कुनै प्रगति भएको छैन । | |
| ७. र ८. | धनीराम चौधरी र जोरीलाल चौधरी | बाँके | गैह्रन्यायिक हत्या<br><br>२०६१ साल आश्विन १३ गते सुरक्षाकर्मीले खसकुस्मा गा.वि.स. वडा नं. ४ को प्रेमनगर गाउँमा गरिएको कारवाहीमा दाजुभाइ धनीराम थारू र जोरीलाल थारूलाई पक्राउ गरी हिरासतमा नै . गोली हानी हत्या गरेको आरोप लगाइएको छ । पीडितहरुका पत्नीहरुले शव प्राप्त गर्न प्रयत्न गर्दा उनीहरुलाई सुरक्षाकर्मीहरुले धम्की दिएका थिए । | २०६४ साल कार्तिक १२ गते | भएको | जाहेरी दरखास्त दर्ता भएको भएतापनि कुनै अनुसन्धाननभएको ।<br><br>२०६६ साल असार ४ गते पुनरावेदन अदालत, नेपालगंजमा पीडित परिवारले परमादेशको निवेदन दायर गरेका थिए । | २०६६ साल पौष २९ गते पुनरावदेन अदालत, नेपालगंजले जिल्ला प्रहरी कार्यालय, बाँकेलाइ छिटा छरितो अनुसन्धान अगाडि बढाउन परमादेश जारी गरेको थियो ।<br>एड्भोकेसी फारेमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेशको पालना गर्न बारम्बार आग्रह गर्दै आइरहेको छ ।<br>अद्यावधिक : क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरमा मुद्दा दर्तासम्म भएको थियो । घटना विवरण कागज बाहेक अन्य कुनै प्रभावकारी अनुसन्धान भएको छैन ।<br>माथि उल्लेख गरे अनुसार, २०७७ साल जेठ २ गते सोही कार्यालयका प्रहरी सहायक निरीक्षक रन्धिर सिहंका अनुसार, २०६६ सालमा "केन्द्र" (अर्थात प्रहरी प्रधान कार्यालय) बाट यस प्रकृतिका घटनाहरुको अनुसन्धान "बाँकी राख्नुपर्ने" आदेश प्राप्त भएको थियो । सोही आदेशको पालना गरी क्षेत्रीय प्रहरी कार्यालय, कोहलपुरले सो मुद्दा जिल्ला प्रहरी कार्यालय, कोहलपुरलाई हस्तान्तरण गरेको थियो ।<br><br>२०७७ साल जेठ २ गते जिल्ला सरकारी वकील कार्यालय, बाँकेका उप-न्यायाधिवक्ता निराजन शर्माले उनको कार्यालयमा सो मुद्दाको कुनै मिसिल नरहेको जानकारी दिनुभएको थियो ।<br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर त्यहाँ कुनै प्रगति भएकोएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा पीडितहरुको थर थारु प्रयोग गरिएको छ । उक्त प्रतिवेदनमा दुई पीडितहरु खेतमा काम गरिरहेको बेला मारिएको उल्लेख गरिएको छ । धनीराम थारु र जोरीलाल थारुको बागेश्वरी सशस्त्र प्रहरी आधारशिविर, कुसुम, बाँकेमा तैनाथ सशस्त्र प्रहरी बलले गैह्रन्यायिक हत्या गरेको निष्कर्ष राष्ट्रिय मानव अधिकार आयोगले निकालेको थियो । आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो ।<br>दुवै मुद्दाको सिफारिसहरु कार्यान्वयनको अवस्था : विचाराधीन ।<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार घटनामा संलग्न सुरक्षाकर्मीहरु विरुद्ध कारवाही चलाउन निर्देशन सहित गृह मन्त्रालयलाई पत्राचार गरिएको छ र सिफारिसहरुको कार्यान्वयन गर्ने सम्बन्धमा रक्षा मन्त्रालयलाई पत्राचार गरिएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | केशर बहादुर बस्नेत | बर्दिया | <u>बलपूर्वक बेपत्ता र गैह्रन्यायिक हत्या</u><br><br>२०५८ साल फागुन २७ गते केशर बहादुर बस्नेतलाई नेपाली सेनाले निज कार्यरत कार्यालयमा नै कुटपिट गरी पक्राउ गरी कथित रुपमा निजलाई ठाकुरद्वारा स्थित सैनिक ब्यारेकमा लगिएको थियो । निजका परिवारलाई निजसंग भेट्न समेत दिइएको थिएन । अर्का कैदीले बस्नेतका नातेदारलाई भने अनुसार निजलाई गैरकानूनी थुनामा राखिएको एक महिना पछि २०५९साल वैशाख ३ गते गाडीमा हालेर लगेको देखेका थिए । निज अझै बेपत्ता छन् र निजको मृत्यु भइसकेको अनुमान गरिएको छ । | २०६३ साल फागुन २ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br><br>पीडितको परिवारले २०६६ साल असार ४ गते पुनरावेदन अदालत, नेपालगंजमा रिट निवेदन दायर गरेका थिए । | २०६६ साल मंसिर ३ गते पुनरावेदन अदालत, नेपालगंजले जिल्ला प्रहरी कार्यालय, बाँके र अन्य निकायहरुलाई छिटोछरितो अनुसन्धान अगाडि बढाउन परमादेश जारी गरेको थियो ।<br>यद्दपी, यस मुद्दामा कुनै प्रगति भएको छैन । प्रहरी अधिकारीहरुले अनौपचारिक रुपमा पीडित परिवारलाई जानकारी गराए अनुसार प्रहरी प्रधान कार्यालयको आदेश बमोजिम यो लगायत यस्तै किसिमका अन्य मुद्दाहरु सत्य निरुपण तथा मेलमिलाप आयोगको मातहतमा पर्दछ जसका कारण यस्ता मुद्दाहरुलाई थाती राखिएको छ ।<br>अद्यावधिक : प्रतिवादीको पुनरावेदन म्याद समाप्त भएपश्चात् २०६७ साल असार १२ गते वादीले जिल्ला प्रहरी कार्यालय, बर्दियामा अदालतको आदेश बमोजिम अनुसन्धान अगाडि बढाउन अनुरोध गर्दै निवेदन गरेका थिए । उक्त निवेदनकासाथ उक्त आदेश समेत समावेश थियो । तथापी, अनुसन्धानको कार्यमा कुनै प्रगति नभएको जानकारी रहेको छ ।<br>एड्भोकेसी फोरमले मुद्दाको जानकारी माग गरेको चिठिमा सेनाले कुनै प्रतिक्रिया दिएको छैन ।<br>जिल्ला प्रहरी कार्यालय,  बर्दियामा जाहेरी दर्ता भएतापनि थप अनुसन्धान गरिएको छैन । एड्भोकेसी फोरमसंग भएको अनौपचारिक कुराकानीमा उच्च प्रहरी अधिकारीहरुले  द्वन्द्वसंग सम्बन्धित मुद्दाहरु राजनैतिक विषयसंग जोडिएको हुनाले हालको अवस्थामा अनुसन्धान गर्न कठिन रहेको बताएका थिए ।<br>२०७७ साल जेठ २ गते बर्दियाका जिल्ला सरकारी वकीलले एड्भोकेसी फोरमलाई बताए अनुसार सरकारी वकील कार्यालयले प्रहरीबाट मुद्दाको मिसिल हालसम्म प्राप्त गरेको छैन ।<br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर हालसम्म कुनै प्रगति भएको  छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न कमान्डर र सुरक्षाकर्मीहरुको पहिचान गर्न र उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो ।  आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सरकारलाई सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको  अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिसकिएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | भौना थारु (भौना चौधरी) | बर्दिया | गैह्रन्यायिक हत्या<br><br>२०५९ साल जेठ १७ गते दुईजना सैनिकहरुले भौना थारुको घरभित्र प्रवेश गरी निज माओवादी भएको आरोप लगाई गोली प्रहार गरी हत्या गरेका थिए । | २०६३ साल श्रावण ८ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br>पीडितका परिवारले २०६६ असार ४ गते पुनरावेदन अदालत, नेपालगंजमा परमादेशको निवेदन दायर गरेका थिए । | २०६६ साल मंसिर ३ गते पुनरावेदन अदालत, नेपालगंजले प्रहरीलाई तत्काल अनुसन्धान अगाडि बढाउन परमादेश जारी गरेको थियो ।<br><br>अद्यावधिक : जिल्ला प्रहरी कार्यालय, बर्दियामा जाहेरी दरखास्त दर्ता भएको भएतापनि, थप अनुसन्धानको कार्य भएको छैन ।<br>माथि उल्लेख भएजस्तै बर्दियाका उच्च प्रहरी अधिकारीले एड्भोकेसी फोरमलाई यस्ता मुद्दाहरु "राजनैतिक" प्रकृतिका भएकाले सत्य निरुपण तथा मेलमिलाप आयोगको मातहतमा पर्ने बताएका थिए ।<br>बर्दियाका जिल्ला न्यायाधिवक्ताले एड्भोकेसी फोरमलाई २०७७ साल जेठमा जानकारी गराए अनुसार सो कार्यालयले प्रहरीबाट हालसम्म मुद्दाको मिसिल प्राप्त गरेको छैन ।<br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर त्यहाँ कुनै प्रगति भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त गस्तीको नेतृत्व गर्ने वर्दल कम्पनीका कमान्डर र गोली हान्न आदेश दिने सुरक्षाकर्मीको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न सरकारलाई सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह मन्त्रालय र तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई सिफरिसको कार्यान्वयन गर्ने सम्बन्धमा पत्राचार गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्राचारमा गृह मन्त्रालयले सिफारिस बमोजिमको क्षतिपूर्ति रकम पीडितका परिवारलाई दिन निर्णय गरेको उल्लेख गरिएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | जय लाल धामी | डडेल्धुरा | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६१ साल फागनु १ गते सुरक्षाकर्मीले जयलाल धामीको हत्या गरेका थिए । पछि गाउँलेहरुले बताए अनुसार सेनाले जय लाल र अन्य तीन जनालाई घटनास्थलसम्म हिँडाएर हत्या गरेका थिए । जयलालका मामा/काका ले भगतपुर सैनिक व्यारेकमा सम्पर्क गर्दा कथित आतंकवादीहरुसंगको मुठभेडमा जयलाल “भवितव्य” मा मारिएको जानकारी दिइयो । | २०६४ साल भदौ २४ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br>पीडितका परिवारले २०६६ साल असार ४ गते पुनरावेदन अदालत, महेन्द्रनगरमा अनुसन्धान गराई पाउँ भनी परमादेशको निवेदन दायर गरेका थिए ।<br><br>२०६६ साल भदौ ७ मा अदालतले जाहेरी परिसकेको र अनुसन्धान भइरहेको भन्ने प्रहरीको जानकारीको आधारमा रिट निवेदन खारेज गरेको थियो । | प्रहरीले अनुसन्धान जारी राखेको भन्ने दाबीको आधारमा पुनरावेदन अदालत, महेन्द्रनगरले मुद्दा खारेज गरेको निर्णयलाई चुनौती दिँदै सो दाबी बमोजिम अनुसन्धान नभएको भनी पीडित परिवारले २०६६ साल माघ ५ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए ।<br>अद्यावधिक : २०७१ सालको माघको अन्तिममा सबै पक्षको कुरा सुनी सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय, कन्चनपुरलाई अनुसन्धान अगाडि बढाउन आदेश दिएको थियो ।<br>पछिल्लो समयमा जाहेरी दर्ता भएको भएतापनि त्यसपछिको प्रगतिको बारेमा कुनै प्रमाण भेटिएको छैन ।<br>पीडितकी श्रीमतीले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा  दर्ता गरेकी छिन् तर त्यहाँ कुनै प्रगति भएको छैन । | उपलब्ध नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. र १३. | नर बहादुर बुढामगर र रतन बहादुर बुढामगर | डडेल्धुरा | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६१ साल भदौ १ गते सैनिकहरुले दाजुभाइ नर बहादुर बुढामगर र रतन बहादुर बुढामगरलाई निजहरुकै घरबाट पक्राउ गरी केही समयपछि कथित रुपमा गोली हानी घरनजिकै हत्या गरेका थिए। दुई जना सैनिकहरुले रतनकी श्रीमतीलाई नजिकैको गाई-गोठमा लगि पटक-पटक बलात्कार गरेका थिए। अर्का भाइ मानबहादुर बुढामगरलाई पनि उनीहरुले हिरासतमा लिई सेनाले भाउजुलाई बलात्कार गरेको होइन भन्ने कागजमा सहिछाप नगरुन्जेलसम्म १७ दिन गैरकानूनी थुनामा यातना दिई राखेका थिए। | २०६४ साल असार ४ गते | भएको | परमादेशको आदेशको आधारमा परेको जाहेरी पश्चात् समेत कुनै अनुसन्धान नभएको। २०६५ साल जेठ २३ मा पीडितका परिवारले सम्बन्धित निकायलाई अनुसन्धान अगाडि बढाउन दबाब दिनका लागि दोस्रो परमादेशको निवेदन र अदालतको अवहेलना मुद्दा दर्ता गरेका थिए।<br><br>२०६५ साल माघ २६ गते प्रहरीले प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा पेश गरेको भन्ने जानकारीको आधारमा अदालतको अवहेलना मुद्दा खारेज गरिएको थियो। | पुनरावेदन अदालतले खारेज गरेको अदालतको अवहेलनाको मुद्दालाई चुनौती दिँदै पीडित परिवारले २०६६ साल भाद्र २ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए।<br><br>अद्यावधिक : २०७४ साल वैशाख १० गते दुबै पक्षको कुरा सुनी सर्वोच्च अदालतले अनुसन्धान कार्य इमानदारीताका साथ शिघ्र सम्पन्न गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो। उक्त आदेशले कानूनको शासनमा विश्वास पुनर्स्थापित गर्नका लागि शिघ्र अनुसन्धानको महत्वलाई जोड दिएको थियो।<br><br>२०७६ साल पौषमा एड्भोकेसी फोरमले जिल्ला प्रहरी कार्यालय, कन्चनपुरसंग मुद्दाको बारेमा जानकारी माग गरेको थियो। प्रहरी नायब निरीक्षक नरेन्द्र भण्डारीका अनुसार करिब २६ वटा द्वन्द्व सम्बन्धित जाहेरीहरु रहेका र यी जाहेरीहरुको हदम्याद २० वर्ष रहेको बताएका थिए। उनले ती मुद्दाहरुको अनुसन्धान शुरु नभएको र २०८४ पछि हदम्याद समाप्त भएपश्चात् केही अनुसन्धान शुरु हुने बताएका थिए।<br><br>जिल्ला सरकारी वकील कार्यालयका अनुसार प्रहरीले मिसिल नपठाएसम्म मुद्दा प्रहरीको क्षेत्राधिकार भित्र पर्ने र त्यस कार्यालयले प्रहरीबाट कुनै मिसिल प्राप्त नगरेको जानकारी दिइएको थियो।<br><br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर त्यहाँ कुनै प्रगति भएको छैन। | उपलब्ध नभएको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४. | सरला सापकोटा | धादिङ्ग | गैह्रन्यायिक मृत्युदण्ड<br><br>२०६१ साल असार ३१ गते सेनाको समूहले १५ वर्षिया सरला सापकोटालाई निजको हजुरबुबाको घरबाट पक्राऊ गरेको थियो । तर, पछि निजका आफन्तहरु बैरेनी ब्यारेक र जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा जाँदा निजलाई पक्राउ गरेको कुरा अस्विकार गरिएको थियो । २०६२ साल पौष २७ गते राष्ट्रिय मानव अधिकार आयोगको समुहले निजको अवशेष निजको गाउँ नजिकै उत्खनन गरेको थियो । | २०६३ साल असार १४ गते | भएको | २०६३ साल जेठमा सरलाका पिताले जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा जाहेरी दर्ता गरेका थिए ।<br>जाहेरी दर्ता भएको भएतापनि कुनै अनुसन्धान नभएको ।<br>२०६४ साल कार्तिकमा सरलाका पिताले सर्वोच्च अदालतमा परमादेशको निवेदन दर्ता गरेका थिए । | २०६७ साल जेठ १७ गते सर्वोच्च अदालतले विपक्षी जिल्ला प्रहरी कार्यालय, धादिङ्गलाई तत्काल अनुसन्धान थाल्न परमादेशको आदेश जारी गरेको थियो । अदालतले आदेश गरेको भएतापनि प्रहरीले कुनै कारवाही अगाडि बढाएको छैन ।<br>२०६५ साल असार ३० गते राष्ट्रिय मानवअधिकार आयोगले पीडित परिवारलाई रु ३,००,००० उपलब्ध गराउन सरकारलाई सिफारिस गरेको थियो ।<br>२०६६ साल कार्तिक १० गते राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्रीको कार्यालयबाट गृह मन्त्रालयको २०६५ साल भदौ २६ गतेको निर्णय अनुसार सिफारिस बमोजिमको रकम भुक्तान गरिएको पत्र प्राप्त गरेको थियो ।<br>अद्यावधिक : जिल्ला प्रहरी कार्यालय, धादिङ्गका प्रहरी निरिक्षक सरोज राईसंग एड्भोकेसी फोरमले मुद्दाको प्रगतिको बारेमा जानकारी लिन सम्पर्क गर्दा अनुसन्धानमा कुनै प्रगति नभएको जानकारी दिइएको थियो ।<br><br>निजको परिवारका सदस्यहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरेका छन् तर कुनै प्रगति भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई जिल्ला प्रहरी कार्यालय धादिङ्गमा दर्ता भएको जाहेरीमा कानूनी कारवाही अगाडि बढाउन त्यस कार्यालयलाई आदेश दिन सिफारिस गरेको थियो । आयोगले त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगंजको विधि विज्ञान विभागले प्रहरीले अनुमति माग गरेमा १५ दिन भित्र सापकोटाको अवशेषहरुमा पहुँच दिन सक्ने उल्लेख गरेको थियो । प्रहरीले समयमा त्यस्तो अनुमति माग नगरेमा विभागले सापकोटाको शव निजका परिवारलाई बुझाउन सक्नेछ भनि उल्लेख गरिएको थियो । आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सरकारलाई सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार गृह मन्त्रालयले सिफारिस बमोजिमको क्षतिपूर्ति रकम पीडितका परिवारलाई दिने निर्णय गरेको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५. १६. १७. १८. र १९. | सञ्जीव कुमार कर्ण, दुर्गेश कुमार लव, जितेन्द्र झा, शैलेन्द्र यादव तथा प्रमोद नारायण मण्डल | धनुषा | बलपूर्वक बेपत्ता र गैह्रन्यायिक हत्या<br><br>यी पाँच विद्यार्थीहरु सुरक्षाकर्मीले २०६० साल आश्विन २१ गते पक्राउ गरेका ११ व्यक्तिहरु मध्येका थिए । उनीहरुलाई क्षेत्रीय प्रहरी कार्यालय, जनकपुरमा लगिएको थियो । भोलिपल्ट उनीहरुका परिवारहरुले राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरेका थिए, जसका कारण अनुसन्धान शुरु भएको थियो । दुई वर्ष पश्चात् राष्ट्रिय मानव अधिकार आयोगले नेपाली सेनाको मानव अधिकार इकाईबाट पाँच जना व्यक्तिहरु "प्रहरी कारवाही" मा मारिएको भन्ने पत्र प्राप्त गरेको थियो । | २०६५ साल फागुन | भएको (सर्वोच्च अदालतको आदेश पछि) | २०६३ साल असारमा पीडित परिवारहरुले प्रहरीलाई पाँच व्यक्तिहरुको शव गाडिएको भनिएको ठाउँ देखाएका थिए । २०६५ साल फागुनमा सर्वोच्च अदालतले प्रहरीलाई जाहेरी दर्ता गरी अनुसन्धान थाल्नु भन्ने आदेश जारी गरेको थियो । | राष्ट्रिय तथा अन्तराष्ट्रिय दबाब पश्चात् राष्ट्रिय मानव अधिकार आयोगले पीडितहरुको शव उत्खनन कार्यको नेतृत्व लिएको थियो ।<br>अद्यावधिक : ४ जना पीडितको अवशेष २०६७ साल आश्विनको पहिलो सातामा र पाँचौं शव २०६७ साल फागुनमा उत्खनन गरिएको थियो ।<br>उत्खनन गरिएका पाँच शवहरुको पहिचान काठमाण्डौंको शिक्षण अस्पतालमा गरिएको थियो भने गहन विधि विज्ञान अनुसन्धान फिनल्याण्डको हेलसिंकी विश्वविद्यालयमा गरिएको थियो ।<br><br>राष्ट्रिय मानव अधिकार आयोगले कुवेर सिंह राणालाई उक्त हत्याको सम्बन्धमा कारवाही गर्नुपर्ने सिफारिस दिएको भएतापनि राणालाई २०६८ साल असार ९ गते सहायक महानिरिक्षक पदमा पदोन्नती गरिएको थियो ।<br><br>२०६८ साल असार १३ गते मानव अधिकारकर्मीहरुको टोलीले राणाको नियुक्तिको निर्णयलाई चुनौती दिँदै सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको निवेदन दर्ता गरेका थिए ।<br>२०६८ साल असार १३ गतेको अन्तरिम आदेशमा सर्वोच्च अदालतले फौजदारी अनुसन्धानको निस्कर्ष नआउँदै राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस मात्रले राणाको पदोन्नतीलाई प्रभाव पार्न नसक्ने आदेश गरेको थियो ।<br>यद्दपी, सर्वोच्च अदालतले सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम ४ को उपनियम (१) बमोजिम मुद्दाको प्रक्रिया अगाडि बढाउन प्रहरी नायब उपरीक्षक सरहको अधिकारी नियुक्त गर्न सरकारलाई आदेश दिएको थियो ।<br><br>सर्वोच्च अदालतले सरकारलाई कुबेर सिंह राणाले अनुसन्धान प्रकृयामा अवरोध र प्रभाव पार्न नसक्ने कुरा सुनिश्चित गर्न निर्देशन दिएको थियो । अदालतले प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्री र प्रहरी प्रधान कार्यालयलाई मासिक रुपमा मुद्दाको प्रगति विवरण अदालत र राष्ट्रिय मानव अधिकार आयोगमा पेश गर्न आदेश दिएको थियो । | राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो प्रतिवेदनमा घटनामा संलग्न विभिन्न व्यक्तिहरुको पहिचान गरेको थियो र सरकारलाई आवश्यक अनुसन्धान गरी उनीहरु विरुद्ध कानूनी कारवाही गर्न र प्रत्येक पीडितका परिवारलाई रु. ३,००,००० (अमेरिकी डलर २,५००) प्रदान गर्न सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार हरेक पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरिएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रहरी नायब उपरीक्षक सरहको अधिकार भएको प्रहरी अधिकारीलाई अनुसन्धानको नेतृत्व गर्न दिएतापनि उक्त अधिकारीले अदालतलाई बुझाउन भनिएको प्रगति विवरण बुझाएका छैनन् ।<br><br>विधि विज्ञान जाँचले शवहरुको सनाखत गरेको थियो । पीडित परिवारलाई २०७१ साल श्रावण ७ गते अवशेष हस्तान्तरण गरिएको थियो ।<br><br>शवहरुको अन्त्येष्टि २०७१ साल श्रावण ८ गते पाँच पीडितहरुका परिवारको उपस्थितमा जनकपुरमा गरिएको थियो ।<br><br>२०७२ साल श्रावण ८ गते राष्ट्रिय मानव अधिकार आयोगले प्रेस विज्ञप्ति जारी गर्दै सम्बन्धित निकायहरुलाई दोषीमाथि तत्काल कारवाही गर्न र नगरेमा उनीहरुको भविष्यमा हुनसक्ने सार्वजनिक नियुक्तिलाई असर पर्नेगरी कालोसूचीमा राख्ने चेतावनी दिएको थियो ।# | |

*# ७. नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने :-*

*(१) आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्नेछ ।*

*(२) आयोगले उपदफा (१) बमोजिम नाम सार्वजनिक गर्नु अघि आयोगबाट भएको सिफारिस, आदेश वा निर्देशन पालना वा कार्यान्वयन नगरेको कुरा उल्लेख गरी त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायलाई सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिई लेखी पठाउनु पर्नेछ ।*

*(३) उपदफा (२) बमोजिम लेखी पठाएकोमा म्यादभित्रै सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सफाइ पेश नगरेमा वा पेश गरेको सफाई मनासिव नदेखिएमा त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम आयोगले उपदफा (१) बमोजिम सार्वजनिक गर्नेछ ।*

*(४) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरेपछि आयोगले त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम अभिलेख गरी राख्नु पर्नेछ ।*

*(५) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरिएको व्यक्तिलाई कुनै सार्वजनिक पदमा नयाँ नियुक्ति, बढुवा र वृत्ति विकासका लागि सिफारिस गर्दा सम्बन्धित निकायले उपदफा (४) बमोजिम राखिएको अभिलेखलाई समेत आधार लिन सक्नेछ ।*

*(६) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरिएको पदाधिकारीलाई नयाँ जिम्मेवारी दिँदा निजको कार्यक्षमताको सम्बन्धमा सम्बन्धित निकायले उपदफा (४) बमोजिम राखिएको अभिलेखलाई समेत आधार लिन सक्नेछ ।*

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | यद्दपी, सर्वोच्च अदालतले सो मुद्दासंग सम्बन्धित कुनै प्रगति विवरण प्राप्त गरेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले भने ती अभियुक्तहरुको नाम २०७७ साल असोजको प्रतिवेदनमा सार्वजनिक गरेको थियो । पीडित परिवारले संयुक्त रुपमा सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेका छन् । तर सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएपश्चात् प्रहरीको अनुसन्धान ओभ्रेलमा परेको आरोप लगाइएको छ । प्रहरीले समेत यस किसिमका मुद्दाहरु अब सत्य निरुपण तथा मेलमिलाप आयोगले हेर्छ भन्दै अनुसन्धानलाई निरन्तरता दिन इन्कार गरिरहेका छन् । | |
| २०. र २१. | रामचन्द्र लाल कर्ण र मनोज कुमार दत्त | धनुषा | बलपूर्वक बेपत्ता र गैह्रन्यायिक हत्या<br><br>सुरक्षाकर्मीले २०६० साल आश्विन २५ गते राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्तलाई पक्राउ गरी मनोजलाई निर्घात कुटपिट गरेका थिए । दुवैलाई जिल्ला प्रहरी कार्यालय, धनुषा लगिएको थियो । पीडितका परिवारहरु उजुरी लिएर धेरै प्रहरी चौकी र संस्थाहरुमा धाएका थिए तर उनीहरुको गुनासो कतै सुनुवाइ भएको थिएन । २०६२ साल जेठ २५ गते नेपाली सेनाको मानव अधिकार इकाईले राष्ट्रिय मानवअधिकार आयोगलाई दुई व्यक्तिहरु "सशस्त्र मुठभेड" मा मारिएको जानकारी दिएको थियो । | २०६३ साल कार्तिक २ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको ।<br>२०६६ साल असार ४ गते पुनरावेदन अदालत, जनकपुरमा पीडित परिवारले छुट्टाछुट्टै परमादेशको निवेदन दायर गरेको थिए ।<br><br>२०६४ साल पौषमा जिल्ला प्रहरी कार्यालय, धनुषाले एड्भोकेसी फोरमलाई द्वन्द्व सम्बन्धी कुनैपनि मुद्दाको जाहेरीहरुमा कारवाही नगर्ने बताएको थियो । | २०६६ साल मंसिर १६ गते पुनरावेदन अदालत, जनकपुरले जिल्ला प्रहरी कार्यालय, धनुषालाई जाहेरी दर्ता गरी छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गरेको थियो ।<br>अद्यावधिक : जिल्ला प्रहरी कार्यालय, धनुषाले जाहेरी दर्ता गरेपनि अनुसन्धानमा भने कुनै प्रगति भएको छैन ।<br>सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता भएपनि कुनै प्रगति भएको छैन । | उपलब्ध नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२.<br>२३.<br>२४.<br>२५.<br>२६. | लप्टन यादव, रामनाथ यादव, शत्रुघन यादव, राजगीर यादव र रामपुकार यादव | धनुषा | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६१ साल आश्विन १५ गते सुरक्षाकर्मीहरुले यी पाँच व्यक्तिहरुलाई निजहरुको घरबाटै पक्राउ गरेको थियो । प्रत्यक्षदर्शीका अनुसार उनीहरुलाई पहिले कुटपिट गरियो र विहानको करिब ५:०० बजे उनीहरुलाई गोली हानी हत्या गरेका थिए ।<br>आफुलाई सुरक्षाकर्मी भनी बताउने सादा पोशाकमा आएका व्यक्तिहरुले पीडित परिवारलाई निजहरु आफु माओवादी भएको गलत सुचना दिएको कारण मारिएको बताएका थिए । | २०६४ साल कार्तिक | भएको | परिवारले जाहेरी दर्ता गर्न खोज्दा प्रहरीले अस्वीकार गरेको थियो । | पीडित परिवारले २०६७ साल मंसिरमा जिल्ला प्रहरी कार्यालय, धनुषालाई छिटोछरितो अनुसन्धान थाल्नका लागि पुनरावेदन अदालत, जनकपुरमा परमादेशको निवेदन दर्ता गरेका थिए ।<br>अद्यावधिक : २०६८ साल वैशाख २७ गते अदालतले जिल्ला प्रहरी कार्यालय, धनुषालाई तुरुन्त प्रभावकारी अनुसन्धान गर्न आदेश दिएको थियो ।<br><br>जाहेरी दर्ता भएको भएतापनि अभियोजन प्रक्रिया शुरु गर्न कुनै सफलता हासिल भएको छैन ।<br><br>२०७७ साल वैशाख २१ गते एड्भोकेसी फोरमले जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रहरी अधिकृत रमेश बस्नेतसंग भेट गरी मुद्दाको प्रगतिको बारेमा सोधपुछ गरेको थियो ।<br><br>निजले आफु सो पदमा पाँच महिना अघिमात्र नियुक्त भएको र यस प्रकृतिका मुद्दाको बारेमा थाहा नभएको जानकारी दिएका थिए । साथै निजले द्वन्दकालिन मुद्दाहरुलाई राष्ट्रिय तहमा नीति निर्माण नभएसम्म टुंगो लगाउन सम्भव नभएको समेत जानकारी दिएका थिए ।<br><br>सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता भएको छ तर कुनै प्रगति भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा लप्टन यादवलाई विल्टु यादव भनी उल्लेख गरिएको छ । आयोगले सरकारलाई उक्त घटनामा संलग्न सुरक्षा अधिकारीहरुलाई अभियोजन गरी प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले प्रत्येक पीडितका परिवारलाई रु. १,५०,०००/- (अमेरिकी डलर १,२६०/-) क्षतिपूर्ति प्रदान गर्न समेत सरकारलाई सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>राष्ट्रिय मानव अधिकार आयोगले प्राप्त गरेको पत्र अनुसार हरेक पीडित परिवारका लागि रु. १,००,०००/- (अमेरिकी डलर ८४०) निकासा गरिसकिएको छ । तर, उक्त क्षतिपूर्ति सम्बन्धि पत्राचारमा विल्टु यादव र विरेन्जी यादवको नाम उल्लेख गरिएको छैन । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७. | रमादेवी अधिकारी | झापा | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६२ साल असार १९ गते सुरक्षाकर्मीहरुले रमादेवी अधिकारी र निजको श्रीमानलाई निजहरुको घरबाट पक्राउ गरेको थियो । पछि रमादेवी अधिकारीको गोली हानी हत्या गरिएको थियो । सुरक्षाकर्मीले शवलाई परिक्षणका लागि समेत लैजान दिएका थिएनन् । | २०६३ साल कार्तिक २३ गते | भएको | पीडित परिवारले जाहेरी दर्ता गर्न खोज्दा प्रहरीद्वारा अस्वीकार गरिएको थियो । | २०६६ साल आश्विन २६ गते पुनरावेदन अदालत, इलाममा जाहेरी दर्ता गर्न आदेश गरी पाउँ भनी दर्ता भएको परमादेशको निवेदनलाई शवपरिक्षण प्रतिवेदन संलग्न नभएको र हदम्यादसमेत नाघिसकेको कारणले खारेज गरिएको थियो ।<br>२०६६ साल माघ २७ गते पुनरावेदन अदालतको निर्णयलाई चुनौती दिँदै सर्वोच्च अदालतमा परमादेशको निवेदन दर्ता गरिएको थियो ।<br>अद्यावधिक : सर्वोच्च अदालतले असार २ गते प्रहरीले जाहेरी दर्ता गरी तत्काल अनुसन्धान शुरु गर्नुपर्ने भनी परमादेशको आदेश जारी गरेको थियो । यद्दपी, मुद्दामा कुनै प्रगति भएको छैन ।<br>पीडितका पतिले सत्य निरुपण तथा मेलमिलाप आयोगमा २०७३ साल असारमा उजुरी दर्ता गराएका थिए । कथित अभियुक्तहरुको नाम समेत उल्लेख गरेका कारण उनी भएविह्वल छन् । उनका अनुसार यदि निष्पक्ष अनुसन्धान भयो र अभियुक्तहरुलाई जिम्मेवार बनाइयो भने उनलाई खतरा रहनेछ । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गरेको थियो ।आयोगले पीडितको परिवारलाई रु. १,००,०००/- (अमेरिकी डलर ८४०/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>नेपाली सेनाको जंगी अड्डाले## दिएको जानकारी अनुसार एक सहायक सेनानीले अत्यधिक बल प्रयोग गरेको पाइएकाले निजलाई तीन महिना कैद र एक वर्ष सम्म पदोन्नती रोक्का हुनेगरी कारवाही गरिने र पीडित परिवारले रु. २५,०००/- (अमेरिकी डलर २१०) क्षतिपूर्ति प्राप्त गर्ने निर्णय गरिएको थियो ।<br>राष्ट्रिय मानव अधिकार आयोगले प्राप्त गरेको पत्राचार अनुसार पीडितका परिवारलाई रु. १,००,००० (अमेरिकी डलर ८४०) समेत प्रदान गरिएको छ । |

## *जंगी अड्डा भन्नाले "सैनिक प्रधान कार्यालय" वा "कोर्ट मार्सल" बुझिन्छ ।*

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८. | हरि प्रसाद बोलखे | काभ्रे | गैह्रन्यायिक हत्या<br><br>२०६० साल पौष १२ गते बिहान हरि प्रसाद बोलखेलाई प्रहरीले बस बिसौनीमा पक्राउ गरेको थियो । निजका बुबा जिल्ला प्रहरी कार्यालयमा उजुरी लिएर जाँदा निजलाई पक्राउ गरेको कुरा प्रहरीले अस्विकार गरेको थियो । महिनौं सम्म खोजतलास गरेपछि निजका बुबाले राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरेका थिए । राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानका अनुसार हरि प्रसादलाई मारिएको थियो । सोही अनुसन्धानको आधारमा निजको शव उत्खनन गरियो र शव परिक्षण प्रतिवेदनले मृत्युको कारण "गोली लागेको चोट" देखाएको थियो । | २०६३ साल कार्तिक २१ गते | भएको (सर्वोच्च अदालतको आदेश पछि) | जाहेरी दर्ता गराइपाउँ भनी निजको परिवारले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । | सर्वोच्च अदालतले २०६६ साल कार्तिक २९ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले जाहेरी दर्ता भइसकेको र अनुसन्धान भइरहेको भन्ने लिखित जवाफ पेश गरेको आधारमा उक्त रिट खारेज गरिएको थियो ।<br>अद्यावधिक : २०६८ साल श्रावण ५ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले श्यामपति प्रहरी चौकी, काभ्रेलाई उजुरीकर्ता उपस्थित गराउनु भनी पत्र लेखेको थियो ।<br><br>२०६८ साल भदौ २५ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले जिल्ला प्रशासन कार्यालय, काभ्रेलाई उजुरीकर्तालाई अन्तिरिम राहत दिए वा नदिएको सम्बन्धमा पत्र लेखेको थियो । त्यसपश्चात्, फौजदारी न्याय सम्बन्धी निकायहरु बिच केही समन्वय भएको भएतापनि उचित अनुसन्धान हुन सकेको छैन ।<br><br>२०७१ साल कार्तिक २८ गते ज्ञान देवी बोलखेले संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिमा पत्राचार गरेका थिए ।<br><br>२०७३ साल वैशाख २० गते नेपाल सरकारले उक्त पत्राचारको स्वीकार्यता र योग्यता सम्बन्धमा आफ्नो जवाफ प्रस्तुत गरी पक्षले सबै आन्तरिक उपचारका उपायहरु अवलम्बन नगरेको र मुद्दा अझैपनि अनुसन्धानको क्रममा रहेको जानकारी गराएको थियो । त्यसका साथै उक्त उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार भित्रपर्ने र परिवारलाई "अन्तरिम राहत" को रुपमा रु. ५,००,००० प्रदान गरिएको समेत भनिएको थियो ।<br><br>२०७३ साल भदौ ९ गते ज्ञान देवी बोलखेले नेपाल सरकारले पेश गरेको जवाफमा आफ्नो जवाफ पेश गरेकी थिइन् ।<br><br>२०७५ साल भदौ १९ गते संयुक्त राष्ट्रसंघले उक्त सम्पर्कका सम्बन्धमा आफ्नो धारणा प्रकाशन गरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध अन्तर्गतका धेरै उल्लंघनहरु भएको देखाउँदै प्रभावकारी अनुसन्धान र दोषी माथि अभियोजन शुरु गर्न सिफारिस गरेको थियो । | राष्ट्रिय मानव अधिकार आयोगले बोलखे गैह्रन्यायिक हत्याको सिकार भएको निष्कर्ष निकालेको थियो । आयोगले सरकारलाई घटनामा संलग्न तीन सुरक्षाकर्मीहरुको नाम उल्लेख गरी उनीहरु लगायत अन्य संलग्नहरु विरुद्ध अभियोजन गरी प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो, जुन रकम अन्य मानव अधिकार उल्लंघनका पीडितहरुलाई सरकारद्वारा प्रदान गरिने क्षतिपूर्ति रकम बराबर हुनुपर्ने भनिएको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार गृह मन्त्रालयले क्षतिपूर्ति रकम रु. १,००,०००/- (अमेरिकी डलर ८४०/-) पीडितका परिवारलाई प्रदान गर्ने निर्णय गरेको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथापी, २०७७ साल जेठसम्म मुद्दामा कुनै प्रगति भएको छैन ।<br><br>परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेका छन् तर त्यहाँबाट कुनै प्रगति विवरण प्राप्त भएको छैन । | |
| २९. | रिना रसाईली | काभ्रे | जवरजस्ती करणी र गैह्रन्यायिक हत्या<br><br>२०६० साल माघ २ ९ गते सशस्त्र सैनिक समूहले १८ वर्षिया रिना रसाईलीलाई निजको परिवारको घरमै बलात्कार गरी हत्या गरेका थिए । परिवारले तिन पटक गोली चलेको आवाज सुनेको र टाउको, आँखा र छातीमा गोलीको चोट रहेको र निजको शव घर नजिकै फेला पारेको थियो । | २०६३ साल जेठ ११ गते | भएको | जाहेरी दर्ता भएपछि अनुसन्धानमा केही प्रगति भएका छ । | २०६६ साल मंसिर २९ गतेको परमादेशको रिटमा सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय, काभ्रे र सरकारी वकील कार्यालयलाई अनुसन्धान अगाडि बढाउन आदेश दिएको थियो ।<br>सर्वोच्च अदालतले अनसुन्धानमा लापरवाही देखाएको, चाल्नुपर्ने आवश्यक कदम नचालेको र आफ्नो दायित्वप्रति निरन्तर बेवास्ता गरेको भनी प्रहरी र सरकारी वकीलको आलोचना गरेको थियो ।<br>उक्त आदेशको पालना गर्दै, २०६७ साल वैशाख ८ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले उजुरीकर्ता र अन्य चार जना साक्षीको बयान लिएको थियो ।<br>जिल्ला प्रहरी कार्यालय, काभ्रेले भू.पु. सैनिक (भगौडा) काजी कार्कीलाई पत्ता लगाइ पक्राउ गर्न र भेटिएमा काभ्रे प्रहरीलाई बुझाउन अन्य प्रहरी कार्यालयलाई पत्राचार गरेको थियो ।<br>अद्यावधिक : २०६७ साल भाद्र २४ गते जिल्ला प्रहरी कार्यालय, कास्कीले भू.पु. सैनिक काजी बहादुर कार्कीलाई पक्राउ गरी काभ्रे प्रहरीलाई बुझाएको थियो ।<br>२०६७ साल आश्विन १ गते कार्की विरुद्ध काभ्रे जिल्ला अदालतमा ज्यान मुद्दा दर्ता भएको थियो र २०७७ साल आश्विन ३ गते काभ्रे जिल्ला अदालतले निजलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।<br>तत्कालिन उप-सेनानी सरोज बस्नेतलाई पनि हत्या गरेको अभियोगमा फरार अभियुक्त कायम गरी काभ्रे जिल्ला अदालतले निज विरुद्ध २०६७ साल कार्तिक ११ गते पक्राउ पूर्जी जारी गरेको थियो । नेपाली सेनामा कार्यरत रहिरहेको अवस्थामा समेत निजलाई हालसम्म पनि पक्राउ गरिएको छैन । उक्त घटना पश्चात् निजको पदोन्नती समेत भएको अपुष्ट जानकारी एड्भोकेसी फोरमले प्राप्त गरेको थियो । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. १,५०,०००/- (अमेरिकी डलर १,२६०/-) क्षतिपूर्ति समेत प्रदान गर्न सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>नेपाली सेनाले पीडितको मृत्युको कारण "अत्यधिक बल प्रयोग" रहेको निर्धारण गरेको थियो । दुई अधिकारीहरुलाई कोर्ट मार्सल गरी चार महिना कैद गरिएको थियो । तीमध्ये एक सेनानीको एक महिनाको लागि पदोन्नती रोक्का भएको थियो र अर्का उप-सेनानीको पदोन्नती तीन वर्षका लागि रोक्का गरिएको थियो ।<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई भनी क्षतिपूर्ति रकम रु. १,००,००० (अमेरिकी डलर ८४०) जिल्लामा पठाइएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०६७ साल कार्तिकमा काजी बहादुर कार्कीले काभ्रे जिल्ला अदालतको आदेशलाई चुनौती दिँदै पुनरावेदन अदालत, पाटनमा निवेदन दर्ता गरेका थिए ।<br>२०६७ साल पौषमा पुनरावेदन अदालतले निजलाई पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालतको आदेश सदर गरेको थियो ।<br>२०६७ साल माघमा कार्कीले पुनरावेदन अदालतको आदेशलाई चुनौती दिँदै सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेका थिए । यसका साथै निजले २०६७ साल फागुनमा आफ्नो मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारभित्र रहेको जिकिर लिएर सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेका थिए । २०६८ साल श्रावण महिनामा सर्वोच्च अदालतले सो रिट निवेदन खारेज गरेको थियो ।<br>काभ्रे जिल्ला अदालतले अभियुक्त समेत अन्य साक्षीहरुको बयान लिने कार्य गरेको थियो ।<br>सेनाका अन्य अधिकारीले कुनै प्रमाण प्रदान गरेका थिएनन् र कोर्ट मार्सलको कुनै कागजातहरु अदालतलाई प्रदान गरिएको थिएन ।<br>कुनै तल्लो तहको व्यक्तिले माथिको आदेश नभइकन गोली प्रहार नगर्ने र यदि त्यसो गरेको भएतापनि सेनाले नै कोर्ट मार्सल गर्ने थियो भन्ने आधार लिई अदालतले अभियुक्तलाई २०७० पौषमा सफाई दिएको थियो । अदालतले (गलत रुपमा) कोर्ट मार्सलको जिकिर नै नभएको कुरा उल्लेख गरेको थियो । अभियोजन पक्षका कुनै पनि साक्षीले काजी कार्कीले रिनालाई गोली प्रहार गरेको देखेको भन्ने जिकिर लिन नसकेको कारणले शंकारहित तवरले निजले नै सो अपराध गरेको भन्न नसकिने  फैसला गरेको थियो ।<br>अभियोजन पक्षले पुनरावेदन गरेतापनि पुनरावेदन अदालतले जिल्ला अदालतकै फैसला सदर गरेको थियो ।<br>२०७२ साल मंसिर २४ गते पीडित परिवारले मानव अधिकार समितिमा उजुरी गरेको थियो ।<br>२०७४ साल असारमा नेपाल सरकारले समितिमा द्वन्द्वकालीन मुद्दाहरु बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अर्न्तगत स्थापित द्वन्द्वकालीन न्यायको संयन्त्रबाट हेरिने जवाफ प्रस्तुत गरेको थियो | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७७ साल वैशाखसम्म मानव अधिकार समितिले जवाफ फर्काएको छैन ।<br>परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेका छन् तर त्यहाँबाट कुनै प्रगति विवरण प्राप्त भएको छैन । | |
| ३०. | सुभद्रा चौलागाईं | काभ्रे | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६० साल फागुन १ गते १७ वर्षिया सुभद्रा चौलागाईंलाई माओवादी भएको आरोप लगाई सैनिकले घरैमा गोली हानी हत्या गरेका थिए । निजका बुबालाई समेत निर्घात कुटपिट गरिएको थियो । | २०६३ साल जेठ २३ गते | भएको | जाहेरी दरखास्त दर्ता भएपछि समेत कुनै अनुसन्धान नभएको । २०६४ साल आश्विनमा पीडित परिवारले काभ्रेका निकायहरुबाट छिटोछरितो अनुसन्धान गराइपाउँ भनी सर्वोच्च अदालतमा परमादेश निवेदन दायर गरेका थिए । | २०६६ साल मंसिर २९ गते सर्वोच्च अदालतले प्रहरी कार्यालय तथा सरकारी वकील कार्यालयलाई छिटो छरितो अनसुन्धान अगाडि बढाउन आदेश दिएको थियो । अदालतले अनुसन्धानमा उचित र प्रभावकारी कदमहरु नचालेको भन्दै प्रहरी र सरकारी वकीलको आलेचना समेत गरेको थियो । यसबाहेक, जिल्ला सरकारी वकीललाई अनुसन्धान प्रकृयालाई दिशानिर्देश गर्न सकृय भुमिका खेल्न निर्देशन समेत दिइएको थियो ।<br>२०६६ साल चैतमा जिल्ला प्रहरी कार्यालय, काभ्रेमा तीन जना साक्षीहरुको बयान लिइएको थियो । २०६७ साल भदौमा प्रहरीले सुभद्राकी आमा पुतली चौलागाईंको समेत बयान लिएको थियो ।<br>प्रहरीको दस्तावेजमा विभिन्न निकायहरुलाई गरिएका पत्राचारहरु रहेको भएतापनि अनुसन्धानमा उल्लेख्य प्रगति नभएको भेटिएको थियो ।<br>अद्यावधिक : करिब १ वर्ष पछि, २०६८ साल असारमा जिल्ला प्रहरी कार्यालय, काभ्रेले जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई अभियुक्तको विवरण माग गरी पत्राचार गरेको थियो । त्यहाँबाट प्रहरी प्रधान कार्यालय, नक्सालमा राय माग गरी जाहेरी पठाइएको थियो । यसका साथै वाग्मती अञ्चल प्रहरी कार्यालयलाई समेत तेश्रो प्रतिवादीको विवरण माग गरी पत्राचार गरिएको थियो ।<br>२०६७ साल मंसिर २१ गते केदार चौलागाईंले मानव अधिकार समितिमा पत्राचार पेश गरेका थिए ।<br>२०६७ साल फागुन २१ गते नेपाल सरकारले आन्तरिक उपचारका उपायहरु अवलम्बन नगरेको भनी जवाफ प्रस्तुत गरेको थियो । समितिले २०७१ साल मंसिर २९ गते दुवै पक्ष निवेदकको (प्र्रतिनधित्व गरेको एड्भोकेसी फोरम) र सरकारले विभिन्न मितिमा पेश गरेका जिकिरको मुल्यांकन गरी आफ्नो राय अंगिकार गरेको थियो । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. १,५०,०००/- (अमेरिकी डलर १,२६०/-) क्षतिपूर्ति प्रदान गर्न सिफारिस गरेको थियो । सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>नेपाली सेनाले पीडितको मृत्युको कारण "अत्यधिक बल प्रयोग" रहेको निर्धारण गरेको थियो । दुई अधिकारीहरुलाई कोर्ट मार्सल गरिएको थियो र चार महिना कैद गरिएको थियो । तीमध्ये, एक सेनानीको एक महिनाको लागि पदोन्नती रोक्का भएको थियो र अर्का उप-सेनानीको पदोन्नती तीन वर्षका लागि रोक्का गरिएको थियो ।<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई भनी क्षतिपूर्ति रकम रु. १,००,००० (अमेरिकी डलर ८४०) जिल्लामा पठाइएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | समितिले पूर्ण अनुसन्धान, संलग्न सबैको अभियोजन र सजाय, परिपूरण र "सन्तुष्टिका उचित उपचारहरु" सहितको प्रभावकारी उपाय अवलम्बन गर्न सरकारलाई सिफारिस गरेको थियो ।<br>यद्दपी, यी सबै प्रयासहरु भएको भएतापनि मुद्दामा संलग्नहरुको अभियोजनको प्रक्रिया अगाडि बढ्न सकेको छैन ।<br>सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता भएपनि कुनै प्रगति विवरण प्राप्त भएको छैन । | |
| ३१. | मैना सुनुवार | काभ्रे | गैह्रन्यायिक हत्या<br><br>२०६० साल फागुन ७ गते बिहान सैनिकहरुले १५ वर्षिया मैना सुनुवारलाई घरबाट लगेका थिए । भोलिपल्ट जब निजका साथी र आफन्त लामीडाँडा ब्यारेकमा गई निजलाई छोड्न भने, सेनाले निजलाई पक्राउ गरेको कुरा इन्कार गरेको थियो। २०६१ वैशाखमा, सेनाले मैनाकी आमा देवी सुनुवारलाई छोरी मारिएको जानकारी दिएको थियो । मैनाको शव पाँचखालको सैनिक ब्यारेकबाट २०६३ साल चैतमा उत्खनन् गरिएको थियो । | २०६२ साल कार्तिक २७ गते | भएको (सर्वोच्च अदालतको आदेश पछि) | २०६५ साल चैतदेखि २०६६ साल श्रावणको बीचमा अदालतले प्रतिवादीहरुलाई अदालतमा हाजिर हुने आदेश दिंदै उनीहरुको वतनमा चिठी पठाएको थियो । २०६५ साल फागुनमा अदालतले निरञ्जन बस्नेतलाई अदालतमा हाजिर हुन पुन: आदेश जारी गरेको थियो जुन २०६६ साल वैशाख १४ गते विधिवत रुपमा तामेल भएको थियो ।<br>२०६६ साल भदौ २८ गते जिल्ला अदालतले नेपाली सेनाको जङ्गी अड्डालाई सेनानी निरञ्जन बस्नेतलाई तत्काल निलम्बन गर्नू भनी आदेश दिनुका साथै सैनिक अदालतले लिएका सबै व्यक्तिहरुको बयान सहितको मिसिल जिल्ला अदालतमा पेश गर्नू भनी पत्राचार गरेको थियो । | जङ्गी अड्डाले जिल्ला अदालत, काभ्रेलाई फैसलाको प्रति र चारै अभियुक्तको कोर्ट मार्सल बयान उपलब्ध गराएको थियो तर कोर्ट मार्सल फैसलामा उल्लेख भएको अन्य ३४ वटा कागजात भने उपलब्ध गराएको थिएन ।<br>२०६६ साल मंसिरमा जिल्ला अदालत, काभ्रेमा वादीका साक्षीहरुको बयान लिइएको थियो ।<br>२०६६ को पौष महिनामा एक अभियुक्त सह-सेनानी निरञ्जन बस्नेतलाई चाड स्थित संयुक्त राष्ट्रसंघको शान्तिसेना मिसनबाट फिर्ता बोलाइएको थियो ।<br>प्रधानमन्त्रीले निरञ्जन बस्नेतलाई अदालतसमक्ष पेश गर्नू भनी सेनालाई आदेश दिएतापनि सेनाले सो समेतलाई बेवास्ता गरी विमानस्थलबाट ओर्लने बित्तिकै सैनिक प्रहरीले उनलाई जङ्गी अड्डा पुऱ्याएको थियो ।<br>२०६७ साल भदौमा काभ्रे जिल्ला अदालतले दोलखा जिल्ला अदालतलाई निरन्जन बस्नेतको सबै सम्पत्ति रोक्का राख्न पत्राचार गरेको थियो । अन्य अभियुक्तहरुको हकमा समेत सोही किसिमको पत्राचार गरिएको थियो ।<br>अद्यावधिक : २०६८ सालको शुरुवात सम्म काभ्रे जिल्ला अदालतले विभिन्न निकायहरु तथा अदालतलाई विवरण तथा कागजातहरु माग गरी सम्पत्ति रोक्का गर्नका लागि पत्राचार गरेको थियो ।<br>१३ सैनिकहरुको कोर्ट मार्सलको बयानहरु काभ्रे जिल्ला अदालतमा बुझाइएको थियो ।<br>२०७० साल भदौमा काभ्रे जिल्ला अदालतले कुनै अभियुक्त पक्राउ गर्न नसकेको भनि मुद्दा मुल्तबीमा राखेको थियो । | राष्ट्रिय मानव अधिकार आयोगको अध्ययन अनुसार तीन सुरक्षाकर्मीहरुलाई "अनुसन्धानको क्रममा उचित प्रकृया अवलम्बन नगरेको" र "नियम अनुसार शव हस्तान्तरण नगरेको" भनी कोर्ट मार्सल गरिएको थियो, जसको फलस्वरुप एक सेनानीको दुई वर्षका लागि पदोन्नती रोकिनुका साथै छ महिना कैद र रु. ५०,०००/- (अमेरिकी डलर ४२०/-) जरिवाना गरिएको थियो । दुई सह-सेनानीहरुको पदोन्नती एक वर्षका लागि रोकिएको थियो र जनही छ महिना कैद र रु. २५,०००/- (अमेरिकी डलर २१०) जरिवाना गरिएको थियो ।<br>राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २,५००) क्षतिपूर्ति प्रदान गर्न सिफारिस गरेको थियो । आयोगले सरकारलाई गम्भीर मानव अधिकार उल्लंघनका अभियुक्तहरुलाई पक्राउ गर्ने र उनीहरु विरुद्ध साधारण अदालतमा कानूनी कारवाही चलाउने आफ्ना पहिलेका सिफारिसहरुको कार्यान्वयन गर्न र सर्वोच्च अदालतले आदेश दिइसकेका गम्भीर मानव अधिकार उल्लंघनका मुद्दाहरुको कारवाही अगाडि बढाउन समेत सिफारिस गरेको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | दबाबका कारण सेनाले तीन जना अभियुक्तहरुलाई सैनिक अदालतमा अभियोजन चलाई सजाय गरेको थियो । कसुर प्रमाणित भएतापनि उनीहरुलाई जम्मा ६ महिना कैद सजाय गरिएकोमा सो अवधिका लागि उनीहरु अनुसन्धानको क्रममा ब्यारेकमा नै भएकाले सो कैद भुक्तान समेत गर्नु परेको थिएन ।<br>२०६३ साल पौष २६ गते पीडित परिवारले प्रहरीलाई तुरुन्त अनुसन्धान गर्न आदेश दिन सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए । २०६४ साल आश्विन १ गते सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय, काभ्रेलाई तीन महिनाभित्र अनुसन्धान टुङ्ग्याउन आदेश दिएको थियो ।<br>२०६४ साल माघ २० गते काभ्रे जिल्ला अदालतमा ज्यान मुद्दा दर्ता भई चार जना प्रतिवादीहरुलाई पक्राउ गर्न पक्राउपुर्जी जारी भएको थियो । | | | | २०७२ साल पौष २८ गते देवी सुनुवारले काभ्रे जिल्ला अदालतमा मुल्तबी जगाउनका लागि निवेदन दिइन् र अदालतले सोही दिन माग बमोजिमको आदेश जारी गरेको थियो ।<br>तर, मुद्दाको पेशी बारम्बार स्थगित भइरहेको थियो । यसैबीच २०७३ साल कार्तिक ५ गते माननीय न्यायाधीश श्री लेखनाथ ढकालको इजलासबाट कोर्ट मार्सलको सक्कल मिसिल अदालतसमक्ष पेश गर्न आदेश भएको थियो ।<br>२०७३ साल मंसिर १८ गते महान्यायाधिवक्ताको कार्यालयले कोर्ट मार्सलको फैसलाको प्रति र सक्कल मिसिल अदालतलाई अर्को पेशीमा पेश गर्ने प्रतिवद्धता जाहेर गरेको थियो ।<br>२०७४ साल वैशाख ३ गते काभ्रे जिल्ला अदालतले बबी खत्री, सुनिल प्रसाद अधिकारी र अमित पुन गरी तीनजना सैन्य अधिकारीहरुलाई मैना सुनुवारको हत्याको कसुरदार ठहर गरेको थियो ।<br>अदालतको वेबसाइटमा शुरुको फैसलामा चारै अभियुक्तलाई कसुरदार ठहर गरेको भनी उल्लेख गरिएको भएतापनि, सो समयमा कार्यरत सेनाका अधिकारी निरञ्जन बस्नेतलाई भने सफाई दिनेगरी उक्त फैसला सच्याइएको थियो ।<br>एड्भोकेसी फोरमले प्राप्त गरेको जानकारी अनुसार चारै जना अभियुक्तलाई कसुरदार ठहर गर्ने गरी भएको फैसला गर्ने बित्तिकै न्यायाधीश र अदालतका अधिकारीहरुको "आकस्मीक बैठक" बसेको थियो ।<br>सोही दिन अदालतले गरेको फैसला लिखित रुपमा सार्वजनिक हुँदा तीन जना प्रतिवादीहरुलाई जनही २० वर्ष कैद भएकोमा न्यायधीशले मुलुकी ऐन, २०२० को अ.वं.म. १८८ बमोजिमको स्वविवेकिय अधिकार प्रयोग गरी द्वन्द्वको समयको घटना भएको कारणले उनीहरुको सजाय ५ वर्ष कायम गरेका थिए ।<br>२०७४ साल वैशाख १७ गते काभ्रे जिल्ला अदालतले सरकारी वकील कार्यालय, काभ्रेलाई फैसलामा चित्त नबुझे ७० दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन दर्ता गर्न जानु भनी सुचना जारी गरेको थियो । | काभ्रे जिल्ला अदालतले मैना सुनुवारको गैह्रन्यायिक हत्या सम्बन्धमा पक्राउ पूर्जी जारी गरिसकेको भएतापनि राष्ट्रिय मानव अधिकार आयोगले सेनानी निरञ्जन बस्नेतको विषयमा "जाँचबुझ अदालत" गठन गरिएको जानकारी प्राप्त गरेको थियो । आयोगले सम्बन्धित निकायले सर्वोच्च अदालतको आदेश र काभ्रे जिल्ला अदालतको निर्णय र रा.मा.अ.आको सिफारिसको कदर गरी अभियुक्तलाई साधारण अदालतमा पेश गर्न सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था :<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार गृह मन्त्रालयले पीडितका परिवारलाई क्षतिपूर्ति रकम रु. ३,००,००० (अमेरिकी डलर २,५००) प्रदान गर्ने निर्णय गरेको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७४ साल वैशाख २५ गते जिल्ला सरकारी वकील कार्यालय, काभ्रेले पुनरावेदन गरेतापनि त्यसमा सफलता नमिल्ने भनी पुनरावेदन दर्ता नगर्ने निर्णय गरी पुनरावेदन तहको पाटन सरकारी वकील कार्यालयमा निर्णयार्थ पठाएको थियो ।<br>२०७४ साल जेठ ३ गते पुनरावेदन तहको सरकारी वकील कार्यालयले पुनरावेदन नगर्ने निर्णय गरी र महान्याधिवक्ताको कार्यालयमा निर्णयार्थ पठाएको थियो ।<br>निरञ्जन बस्नेतलाई सफाई दिनेगरी भएको फैसलाको विरुद्धमा हुने पुनरावेदन रोक्ने अथक प्रयास भएको कारणले गर्दा देवी सुनुवारले २०७४ साल जेठ ४ गते जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताको निर्णयको प्रतिलिपी माग गर्दै निवेदन दिइन् । तर सरकारी वकील कार्यालयले उनको निवेदन अस्विकार गरी निर्णयको प्रतिलिपी दिएको थिएन ।<br>सोही मितिमा पुनरावेदन सरकारी वकील कार्यालयले समेत सो मुद्दामा पुनरावेदन नगर्ने निर्णय गरेको जानकारी देवी सुनुवारलाई दिएको थियो तर निर्णयको प्रतिलिपी दिनभने त्यहाँपनि अस्विकार गरिएको थियो ।<br>२०७४ साल जेठ ४ गते देवी सुनुवारले जिल्ला र पुनरावेदन सरकारी वकील कार्यालयको बस्नेतलाई सफाई दिनेगरी भएको फैसलामा पुनरावेदन नगर्ने निर्णय गलत भएको भनी महान्याधिवक्ताको कार्यालयमा निवेदन पेश गरेकी थिइन् तर महान्यायाधिवक्ताको कार्यालयले कुनै प्रतिक्रिया दिएको थिएन ।<br>२०७४ साल जेठ १० गते देवीले कारवाही तुरुन्त अघि बढाउन माग गर्दै अर्को निवेदन पेश गरेकी थिइन् तर त्यसको समेत कुनै प्रतिक्रिया आएको थिएन ।<br>तर, महान्याधिवक्ताको कार्यालयले समेत उक्त मुद्दाको पुनरावेदन नगर्ने निर्णय गरेको जानकारी उनले २०७४ साल असार १४ गते पाएकी थिइन् । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७४ साल श्रावण २७ गते देवीले सरकारी वकीलको कार्यालयले पुनरावेदन नगर्ने भनी गरेको निर्णय बदर गरी पुनरावेदन गराई पाउँ भनी उत्प्रेषण/परमादेशको रिट दर्ता गरेकी थिइन्। यसै सिलसिलामा २०७४ साल भदौ १६ गते नेपाली सेनाले महान्यायाधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा जिल्ला अदालतको तीन जना अधिकारीहरुलाई सजाय गर्नेगरी भएको फैसला खारेज गर्न उत्प्रेषण र निषेधाज्ञाको रिट दर्ता गरको थियो।<br>सो रिट बमोजिम : (१) सेनाले उनीहरुलाई पहिलेनै अभियोजन गरी कारवाही गरिसकेको हुनाले दोहोरो जोखिमको सिद्धान्तको उल्लंघन भएको, (२) यो मुद्दा संक्रमणकालिन न्याय प्रणालीसंग सम्बन्धित भएकाले फौजदारी न्याय प्रणालीसंग सम्बन्धित नभएको, र (३) यो घटना सैनिक कारवाहीको क्रममा भएकोले सैनिक नियम लागु हुनुपर्ने, साथै द्वन्द्वकालका कद्रनै मद्दालाई सार्वजनिक अदालतको क्षेत्राधिकारभित्र राख्न नहुने उक्त निवेदनको जिकिर थियो।<br>धेरैपटक स्थगित भएपश्चात् हालसम्म पनि उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ। कसुर ठहर भएतापनि कसैलाई पक्राउ गरिएको छैन।<br>२०७४ साल चैत २० गते पुनरावेदन अदालत, पाटनले देवी सुनुवारको उत्प्रेषण/परमादेशको रिट निवेदनमा पुनरावेदन दर्ता गर्ने वा नगर्ने सम्बन्धी निर्णयको अधिकार अभियोजन पक्ष र महान्यायाधिवक्तको स्वविवेकिय अधिकार रहेको भनी खारेज गरेको थियो। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२. | अर्जुन बहादुर लामा | काभ्रे | अपहरण र गैह्रन्यायिक हत्या (ए-माओवादी)<br><br>२०६२ साल वैशाख ६ गते माओवादीहरुले माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन बहादुरलाई निजकै विद्यालयबाट अपहरण गरेका थिए । साक्षीहरुका अनुसार अपहरणकारीहरुले अर्जुन बहादुरलाई मार्नु अगाडि विभिन्न गाउँहरु डुलाएका थिए । निजको पत्नीले प्रतिरोध गरेपछि ए-माओवादीले अर्जुन नेपाली सेनाको हवाइ कारवाहीको क्रममा मारिएको बताएको थियो । | २०६५ साल श्रावण २७ गते | भएको | निजको परिवारले २०६४ साल असारमा जाहेरी दर्ता गर्न प्रयास गरेतापनि प्रहरीले इनकार गरेको थियो । सर्वोच्च अदालतको आदेश पश्चात् २०६५ साल भदौमा अन्ततः जाहेरी दर्ता भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानले अर्जुनलाई नियोजित रुपमा हिरासतमा लिई मारिएको निस्कर्ष निकालेको थियो ।<br>२०६५ साल माघ १९ गते काभ्रे प्रहरीले एड्भोकेसी फोरमलाई दिएको जानकारी अनुसार उनीहरुले जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकसंग २०६५ साल असार ५ गते उक्त जिल्लाबाट अभियुक्तहरुलाई पक्राउ गर्न समन्वयका लागि पत्राचार भएको जानकारी दिएको थियो । प्रहरीका अनुसार उनीहरुले जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकबाट श्रावण १० मा एक जना संकास्पद व्यक्ति अग्नी सापकोटा उनीहरुको जिल्लामा फेला नपरेको जानकारी सहितको पत्र पठाएको बताएका थिए । अग्नी सापकोटा २०६५ साल वैशाखमा संविधानसभाको चुनावबाट सदस्य निर्वाचित भएका थिए । २०६६ साल वैशाख १५ गते काभ्रे प्रहरीले | जाहेरी पश्चात् विभिन्न प्रहरी कार्यालयबीच पत्राचार बाहेक कुनै ठोस अनुसन्धान भएको छैन ।<br>२०६६ साल माघ ८ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले इलाका प्रहरी कार्यालय, फोक्सिङटारलाई मुद्दाको अनुसन्धान गर्ने र आवश्यक भएसम्म अर्जुन बहादुर लामालाई गैरकानूनी रुपमा गाडिएको भनी अनुमान गरिएको क्षेत्रलाई सुरक्षा दिन भनी पत्राचार गरेको थियो ।<br>२०६७ साल वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेमा जाहेरवालाको बयान गराइएको थियो ।<br>२०६७ साल जेठमा जिल्ला प्रहरी कार्यालय, काभ्रेले श्यामपति देउपुर प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकलाई प्रतिवादीहरुलाई पक्राउ गर्नका लागि पत्राचार गरेको थियो ।<br>अद्यावधिक : २०६८ साल वैशाख २१ गते अग्नी सापकोटा सूचना तथा संचार मन्त्रीका रुपमा नियुक्त भएका थिए ।<br>२०६८ साल जेठ १३ गते मानवअधिकारकर्मीहरुको एक समुहले निजको नियुक्तिलाई चुनौति दिँदै सो नियुक्तिको निलम्बनका लागि अन्तरिम आदेशको माग राखी सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट दर्ता गरेका थिए ।<br>२०६८ साल श्रावणमा सो रिटको जवाफमा सर्वोच्च अदालतले अग्नी सापकोटाको मन्त्री पदमा नियुक्ति निलम्बन गर्ने अन्तरिम आदेश जारी गरेन । यद्पी, अदालतले प्रहरी र सरकारी वकीललाई हत्याको निष्पक्ष अनुसन्धान गर्न र हरेक १५ दिनमा महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रगति विवरण बुझाउन आदेश दिएको थियो । अदालतका अनुसार सापकोटालाई निलम्बन गर्न कुनै कानूनी आधार नभएको र अभियोग लागि मुद्दा विचाराधीन भएको अवस्थामा पदमा बस्ने वा नबस्ने भन्ने कुरा निजको स्वविवेकको विषय भएको भन्ने आदेश जारी गरेको थियो ।<br>२०६९ साल श्रावण १२ गते मन्त्रिपरिषद्ले अग्नी सापकोटा र अर्का माओवादी सुर्यमान दोङ्ग विरुद्ध परेको जाहेरीमा कारवाही नगर्ने निर्णय गरेको थियो ।<br>२०६९ साल मंसिर ७ गते पूर्णमाया लामाले, मुद्दाको | राष्ट्रिय मानव अधिकार आयोगका अनुसार उक्त हत्या जेनेभा महासन्धि, १९४९ को धारा ३ को उल्लंघन थियो । आयोगले अभियुक्तको पहिचान गरी निज विरुद्ध फौजदारी कारवाही गरी आयोगलाई निष्कर्षको जानकारी प्रदान गर्न सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई क्षतिपूर्ति प्रदान गर्न समेत सुझाव दिएको थियो, जुन रकम अन्य मानव अधिकार उल्लंघनका पीडितहरुलाई सरकारद्वारा प्रदान गरिने क्षतिपूर्ति रकम बराबर हुनुपर्ने भनिएको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>गृह मन्त्रालयका अनुसार पुर्णीमाया लामालाई सिफारिस बमोजिमको क्षतिपूर्ति रकम प्रदान गरिएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | एड्भोकेसी फोरम, मानव अधिकार उच्च आयुक्तको कार्यालय र पीडितको परिवारका एक सदस्यलाई कुनै थप कारवाही नभएको बताएका थिए, तर दुई घण्टाको छलफल पश्चात् उनीहरुले राष्ट्रिय मानव अधिकार आयोगमा अर्जुन लामाको शव गाडिएको स्थान र साक्षीहरुको पहिचान गर्न सहयोगका लागि पत्र लेख्ने र आवश्यक परे ओ.एच.सि.एच.आरको प्राविधिक सहयोग लिने निस्कर्ष निकालिएको थियो । प्रहरीले २०६६ साल वैशाखमा साक्षीहरुलाई सोधपुछ गरेको थियो । २०६६ साल वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेले फोक्सिङटार प्रहरी चौकीलाई घटनाको प्रतिवेदन तयार गर्न पत्राचार गरेको थियो । | सबै अनुसन्धान कार्य प्रभावकारी रुपले रोकिने भएकाले सरकारको निर्णय उल्टाउन सर्वोच्च अदालतमा रिट दर्ता गरेकी थिइन् ।<br>२०६९ साल मंसिर ११ गते सर्वोच्च अदालतले उक्त जाहेरीमा कारवाही नगर्ने निर्णयलाई कार्यान्वयन नगर्न अन्तिरिम आदेश जारी गरेको थियो । त्यसपछि उक्त मुद्दा दर्जन भन्दा धेरै पटक स्थगित भइसकेको छ ।<br>२०७२ साल चैत २२ गते अदालतले उक्त मुद्दा संवैधानिक इजलासले हेर्ने भनी निर्णय गरेको थियो । तर त्यसपछि पुनः धेरै पटक स्थगित भइसकेको छ ।<br>२०७६ साल माघ १३ गते अग्नी सापकोटालाई प्रतिनिधि सभाको सभामुखका रुपमा निर्वाचित गरिएको थियो ।<br>२०७६ साल माघ १४ गते माननीय न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले उक्त रिटमा अन्तरिम आदेश जारी गर्न इन्कार गरेको थियो । तर ३० दिनभित्र अनुसन्धानको विवरण बुझाउन सरकारलाई आदेश गरेको थियो ।<br>२०७६ साल फागुन ३० गते सुनुवाई स्थगित भएको थियो । अर्को पेशी २०७७ साल वैशाख ५ गते तोकिएको तर सो समेत कोभिड-१९ को कारण भएको बन्दाबन्दीका कारण स्थगित भएको थियो । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३३. र ३४. | चोतनाथ घिमिरे र शेखरनाथ घिमिरे | लमजुङ्ग | <u>गैह्रन्यायिक हत्या</u><br><br>सैनिकहरुले चोतनाथ घिमिरेलाई २०५८ साल माघ २० गते भोर्लेटार युनिफाईड कमाण्ड बेस क्याम्पमा हिरासतमा लिएका थिए । उनको नाताका भाई शेखरनाथ घिमिरेलाई २०५८ साल माघ २५ गते उक्त क्याम्पमा बोलाई निजलाई पनि हिरासतमा लिइएको थियो । अन्य बन्दीहरु मार्फत आएको जानकारीका आधारमा चोतनाथका परिवारले निजलाई भोर्लेटार सैनिक क्याम्पमा हिरासतमा लिइएको थाहा पाएका थिए । २०६३ साल कार्तिकमा राष्ट्रिय मानव अधिकार आयोगले दुवै व्यक्तिहरुको शव उत्खनन् गरेको थियो । | २०६३ साल मंसिर ३ गते | भएको | जाहेरी दरखास्त परेको भएतापनि अनुसन्धान नभएको । | २०६६ साल असार ४ गते दुबै पीडितका परिवारले छिटोछरितो अनुसन्धान गराइपाउँ भनी जिल्ला प्रहरी कार्यालय र सरकारी वकील कार्यालय विरुद्ध पुनरावेदन अदालत, पोखरामा छुट्टाछुट्टै परमादेश निवेदन दायर गरेका थिए ।<br>२०६६ साल कार्तिक ११ गते प्रहरीले अनुसन्धान जारी रहेको भनी पेश गरेको लिखित जवाफको आधारमा पुनरावेदन अदालतले सो रिट खारेज गरेको थियो । अनुसन्धानमा कुनै प्रगति नभएकाले पुनरावेदन अदालतको आदेशलाई चुनौती दिँदै पीडितले जिल्ला प्रहरी कार्यालय र सरकारी वकील कार्यालय विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।<br>अद्यावधिक : २०६८ साल मंसिर २९ गते सर्वोच्च अदालतले विपक्षी विरुद्ध निवेदकको माग बमोजिम परमादेश जारी गरी जिल्ला प्रहरी कार्यालय, लम्जुङ्गलाई तुरुन्त अनुसन्धान शुरु गर्न निर्देशन दिएको थियो ।<br><br>२०७६ साल माघमा जब एड्भोकेसी फोरमले जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक बसन्त बहादुर राना मगरलाई सम्पर्क गऱ्यो, तब अनुसन्धानमा थप विकास त परै जाओस् उनले उक्त मुद्दाको कुनै रेकर्ड नै नभेटेको बताएका थिए । जिल्ला प्रहरी कार्यालयलाई जिल्ला सरकारी वकील कार्यालयले मुद्दा अगाडि नबढाउनु भनेको कारण अनुसन्धान अगाडि नबढेको भनिएको थियो ।<br><br>यसै क्रममा २०६८ साल असार ३१ गते राष्ट्रिय मानव अधिकार आयोगले बाँच्न पाउने अधिकार हनन् भएको भन्दै अभियोजन र पीडितका परिवारलाई रु. ३,००,०००/- क्षतिपूर्ति लगायत उनीहरुका बच्चालाई निःशुल्क शिक्षाको लागि सिफारिस गरेको थियो ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि कुनै प्रगतिको जानकारी प्राप्त भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई नाम उल्लेख गरिएका उच्च अहोदाका सैन्य अधिकारी विरुद्ध फौजदारी अभियोगमा कारवाही शुरु गर्न सिफारिस गरेको थियो । आयोगले पीडितका परिवारलाई रु. ३,००,००० (अमेरिकी डलर २,५००) र उनीहरुका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न समेत सिफारिस गरेको थियो । सिफारिसहरु कार्यान्वयनको  अवस्था : आंशिक<br><br>राहत तथा पुनस्थापन इकाईका अनुसार हरेक पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिएको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५. | प्रेम बहादुर सुस्लिङ मगर | मोरङ्ग | <u>गैह्रन्यायिक हत्या</u><br><br>सुरक्षाकर्मीले ए-माओवादीमा सम्बद्ध प्रेम बहादुर सुस्लिङ मगरलाई २०५९ साल असार १५ गते पक्राउ गरी कथित रुपमा त्यसको भोलिपल्ट निजको हत्या गरेको थियो । निजका परिवारले रेडियो मार्फत निजको मृत्यु भएको थाहापाई केही दिनपछि निजको कुहिँदै गरेको शव बाटोमा फेला पारेका थिए । | २०६४ साल असार २२ गते | नभएको | जिल्ला प्रशासन कार्यालयका कर्मचारीका अनुसार प्रमुख जिल्ला अधिकारी समक्ष पेश भएको जाहेरीको प्रति गायब भएको छ । | अद्यावधिक : पीडितका छोराले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेका छन् तर परिवारले कुनै जानकारी पाएको छैन ।<br><br>एड्भोकेसी फोरमले जिल्ला सरकारी वकील कार्यालयलाई २०७७ साल जेठमा सम्पर्क गर्दा उनीहरुसंग मुद्दाको कुनै जानकारी नभएको बताएका थिए । | उपलब्ध नभएको । |
| ३६. | दाताराम तिम्सिना | मोरङ्ग | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०६० साल आश्विन ११ गते नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी र जिल्ला प्रहरी कार्यालय, मोरंगबाट खटिएका प्रहरीहरूले विद्यालय शिक्षक दाताराम तिम्सिनालाई पक्राउ गरेका थिए । एक प्रत्यक्षदर्शीले निजलाई कुटपिट गर्दै मुख्यालयबाट निकाल्दै गरेको देखेको र निजको हत्या गर्न लागिएको भन्ने समेत सुनेका थिए । नेपाली सेनाको मानव अधिकार इकाईले | २०६४ साल जेठ २४ गते | नभएको | जिल्ला प्रहरी कार्यालय तथा प्रमुख जिल्ला अधिकारीले जाहेरी दर्ता गर्न नमानेपछि पीडित परिवारले २०६४ साल श्रावण २२ गते पुनरावेदन अदालत, विराटनगरमा मुद्दा दायर गरेका थिए । अदालतद्वारा यस्ता प्रकृतिका मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगको मातहतमा पर्छ भन्ने प्रहरीको तर्कलाई आधार मान्दै मुद्दा खारेज गरेको थियो । पीडित परिवारले पुनरावेदन अदालत विराटनगरको निर्णय विरुद्ध सर्वोच्च अदालतमा लगत्तै पुनरावेदन दायर गरेको थियो । | २०६७ साल असार १० गते सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय, मोरङ्गलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गरेको थियो । अद्यावधिक : अदालतले आदेश गरेको भएतापनि कुनै अनुसन्धान भएको छैन ।<br><br>लामो समयसम्म जिल्ला प्रहरी कार्यालयले सर्वोच्च अदालतको आदेश प्राप्त नगरेको भन्ने जिकिर लिइरहेको थियो । पछि, उक्त मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगले हेर्छ भन्ने तर्क गरेको थियो ।<br><br>पीडित परिवारले स्थानीय शान्ति समिति मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेका छन् । तर त्यहाँबाट कुनै जानकारी प्राप्त भएको छैन ।<br><br>पीडित परिवारले न्याय पाउने आशा छोडिसकेका छन् । २०६६ साल फागुनमा उनीहरुले निजको मृत्यु भइसकेको अनुमान गर्दै मृत आत्मालाई शान्ति मिलोस् भनी दाहसंस्कार गरेका थिए । | उपलब्ध नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पछि "मोरङ जिल्लाको केराबारी गाविस वडा नं. ५ आसपासमा २०६० साल आश्विन १६ गते भएको सुरक्षा कारवाहीमा दाताराम मारिएको" भनी जानकारी दिएको थियो । तथापी, निजका परिवारले अन्त्येष्टिका लागि निजको शव प्राप्त गरेका छैनन् । | | | | एड्भोकेसी फोरमले जिल्ला सरकारी वकील कार्यालयलाई २०७७ साल जेठमा सम्पर्क गर्दा उनीहरुसंग मुद्दाको कुनै जानकारी नभएको बताएका थिए । | |
| ३७. ३८. र ३९. | विश्वनाथ पराजुली, टोमनाथ पौडेल र धन बहादुर तामाङ्ग | मोरङ्ग | यातना र गैह्रन्यायिक हत्या<br><br>२०६१ साल आश्विन ११ गते ५० जना सुरक्षाकर्मीको टोलीले टोमनाथ पौडेल, विश्वनाथ पराजुली र धन बहादुर तामाङ्गलाई भाटेगौंडाबाट पक्राउ गरेको थियो । उनीहरुलाई नजिकैको एउटा विद्यालयको प्राङ्गणमा रातभर हिरासतमा राखिएको थियो । उक्त हिरासतमा राखिएका अन्य व्यक्तिहरुले बिहानको करिब ४:४५ बजे बन्दुक पड्केको आवाज सुनेको बताएका थिए । पीडितका परिवार उक्त विद्यालयमा जाँदा | २०६१ साल कार्तिक १६ गते | १ जनाको भएको, २ जनाको नभएको | २०६५ साल आश्विन २९ गते पीडित परिवारहरुले जाहेरी दर्ता गर्न गएको भएतापनि सो दिन धन बहादुर तामाङ्गको हत्यासंग सम्बन्धित जाहेरी मात्र दर्ता भएको थियो । २०६६ साल असार ४ गते धन बहादुर तामाङ्गको परिवारले जाहेरीमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पुनरावेदन अदालत, विराटनगरमा परमादेश निवेदन दायर गरेका थिए । | २०६६ साल कार्तिक ९ गते पुनरावेदन अदालत, विराटनगरले धन बहादुर तामाङ्गको मुद्दाको सम्बन्धमा परमादेशको आदेश जारी गरेको थियो । आदेशले जिल्ला प्रहरी कार्यालय, मोरङ्गलाई जाहेरीमा यथाशीघ्र अनुसन्धान गरी आफ्नो दायित्वप्रति सचेत रहन समेत उल्लेख गरेको थियो । अदालतले आदेश दिएको भएतापनि कुनै कारवाही अगाडि बढाएको पाइएको छैन ।<br>अद्यावधिक : विश्वनाथ पराजुली र टोमनाथ पौडेलका परिवारहरुले समेत जाहेरी दर्ता गर्न प्रयत्न गर्दा प्रहरीले सत्य निरुपण तथा मेलमिलाप आयोगले हेर्छ भनी जाहेरी दर्ता गर्न अस्विकार गरेको थियो ।<br><br>पीडितका परिवार र द्वन्द्व पीडित संगठनहरुले जिल्ला प्रहरी कार्यालयसंग विभिन्न बैठक बसी अनुसन्धानको प्रगतिका बारेमा जानकारी माग गरेका थिए तर कुनै जानकारी प्राप्त भएको छैन ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि कुनै प्रगतिको जानकारी प्राप्त भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा विश्वनाथ पराजुलीको नाम नगेन्द्र पराजुली देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न सुरक्षाकर्मीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. १,५०,०००/- (अमेरिकी डलर १,२५०/-) क्षतिपूर्ति प्रदान गर्न सिफारिस गरेको थियो । सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति रकम प्रदान गरिएको र अभियुक्तहरु विरुद्ध कानूनी कारवाही अगाडि बढाउन निर्देशन समेत दिइएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | निजहरुलाई गोली हानी हत्या गरिएको भेटेका थिए । राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानले उनीहरु गैह्रन्यायिक रुपमा मारिएको देखाएको थियो । | | | | | |
| ४०. ४१. ४२. र ४३. | जग प्रसाद राई, धनञ्जय गिरी, माधुराम गौतम र रत्न बहादुर कार्की | मोरङ्ग | गैह्रन्यायिक हत्या<br><br>साक्षीहरुका अनुसार २०६१ साल पौष ३ गते सुरक्षाकर्मीहरुले यी चार पीडितहरुलाई मोरङ्ग जिल्लामा पक्राउ गरी छुट्टाछुट्टै घटनामा गोली हानी हत्या गरेका थिए । क्षेत्रीय प्रहरी कार्यालय, उर्लाबारीले पीडितका परिवारलाई उनीहरुको मृत्यु भएको जानकारी दिएको थियो । पीडितका परिवारले शवमा कुटपिट र यातनाका चिन्हहरु भेटेका थिए । पीडितका साथमा भएका सामानहरु समेत हराएका थिए । | २०६४ साल जेठ २२ गते | २ जनाको भएको (सर्वोच्च अदालतको आदेश पछि), २ जनाको नभएको | सबै पीडित परिवारले जाहेरी दर्ता गराइपाउँ भनी पनुरावदेन अदालत, विराटनगरमा परमादेश निवेदन दायर गरेतापनि अदालतले माधुरामको हकमा मात्र जाहेरी दर्ता गर्नु भनी आदेश गरेको थियो । अन्य तीन जनाको हकमा भने यस्ता प्रकृतिका मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगले हेर्ने भनी खारेज गरेको थियो । २०६५ साल आश्विनमा अदालतको आदेश पछि मधुराम गौतमको जाहेरी लिइएको थियो । २०६६ साल जेठमा माधुरामका परिवारले अदालतमा छिटाछरितो अनुसन्धान गराइपाउँ भनी अर्को परमादेश निवेदन दायर गरेका थिए । धनञ्जय गिरीका परिवारले पनुरावदेन अदालत, विराटनगरको फैसलालाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । | २०६६ कार्तिक २३ गते मधुराम गौतमको मुद्दामा पुनरावेदन अदालत विराटनगरले जिल्ला प्रहरी कार्यालय, मोरङ्गलाई यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गरेको थियो । अद्यावधिक : धनञ्जय गिरीको मुद्दामा सर्वोच्च अदालतले २०६७ साल वैशाखमा परमादेशको आदेश जारी गरेको थियो । तर २०७३ सालसम्म पनि सर्वोच्च अदालतको आदेशको प्रति प्राप्त नभएको भनी जिल्ला प्रहरी कार्यालय, मोरङ्गले जाहेरी दर्ता गर्न मानेको थिएन । पछि, उक्त मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगले हेर्छ भनेको थियो । जगप्रसाद राईका परिवारले जाहेरी दर्ता गर्नका लागि परमादेशको निवेदन हाल्ने सोच बनाएको भएतापनि अन्य मुद्दाहरुमा परमादेश जारी भएपछि पनि जाहेरी दर्ता नभएको देखेर उनीहरुले हालसम्म सो दर्ता गरेका छैनन् । रत्नबहादुर कार्कीका परिवारले २०६७ माघ ४ मा पुनरावेदन अदालत, विराटनगरमा परमादेशको निवेदन दर्ता गरेका थिए । २०६७ साल चैत २९ गते अदालतले जिल्ला प्रहरी कार्यालय मोरङ्गलाई जाहेरी दर्ता गर्नु भनी आदेश दिएको थियो । २०६९ साल असार २६ गते जिल्ला प्रहरी कार्यालय, मोरङ्गले जाहेरी दर्ता गरेपनि हालसम्म अनुसन्धानमा कुनै प्रगति भएको छैन । सबै पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि कुनै प्रगतिको जानकारी प्राप्त भएको छैन । | उपलब्ध नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४४. | चन्द्र बहादुर बस्नेत ("मनोज बस्नेत") | मोरङ्ग | गैह्रन्यायिक हत्या<br><br>२०६२ साल भदौ ६ गते सशस्त्र प्रहरीको एक टोलीले चन्द्र बहादुर बस्नेतलाई धनकुटे होटलबाट पक्राउ गरेको थियो । भोलिपल्ट बिहान जिल्ला प्रहरी कार्यालय, मोरङ्गले मनोजको परिवारलाई "सुरक्षा घेरा तोडी" भाग्ने क्रममा सुरक्षाकर्मीहरूद्वारा मनोजको हत्या भएको भन्ने जानकारी दिएका थिए । निजको साथमा रहेका सबै चिजहरु निकालिएको निजको शव भोलीपल्ट परिवारलाई बुझाइएको थियो । शव परिक्षण प्रतिवेदनका अनुसार निजलाई छाती र घाँटीमा गोली प्रहार गरिएको पाइएको थियो । | २०६२ साल भदौ १४ गते | भएको | एड्भोकेसी फोरमले सार्वजनिक हितका लागि मुद्दा फिर्ता बदर गराइपाउँ भनी सर्वोच्च अदालतमा दायर गरेको निवेदन २०६६ साल वैशाख २१ गते अदालतले खारेज गरेको थियो । | सर्वोच्च अदालतले एड्भोकेसी फोरमको मुद्दा खारेज गरेपछि कुनै प्रगति भएको छैन । पीडित परिवार मुद्दा अगाडि बढाउन चाहँदैनन् । परिवारलाई भेटेपछि ओ.एच.सि.एच.आर.ले फाइल बन्द गरेको थियो ।<br>अद्यावधिक : पीडितकी पत्नी गोमा बस्नेतले स्थानीय शान्ति समिति मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेकी छिन् तर उनलाई कुनै प्रगतिको बारेमा जानकारी गराइएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध कानूनी कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडित पविारलाई रु. १,००,०००/- (अमेरिकी डलर ८४०/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>गृह मन्त्रालयका अनुसार पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति रकम प्रदान गरिएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४५. र ४६. | पूर्ण श्रेष्ठ र विदुर भट्टराई | मोरङ्ग | यातना र गैह्रन्यायिक हत्या<br><br>२०६२ साल आश्विन २९ गते नेपाली सेनाले पूर्ण श्रेष्ठ र विदुर भट्टराईलाई छल गरी आफुहरुसंग भेट्न बोलाई पक्राउ गरेका थिए । त्यसपछि उनीहरुलाई यातना दिई बिहान करिब ९:३० बजे गोली हानी हत्या गरेका थिए । पीडितका परिवारलाई निजहरु सैनिक कारवाहीमा मारिएको बताइएको थियो । परिवार र गाउँलेले निजहरुका शवमा यातना दिइएका चोटहरु फेला पारेतापनि शव परिक्षण प्रतिवेदन प्राप्त गर्न सकेनन् । | २०६४ साल जेठ/असार | १ जनाको भएको (अदालतको आदेश पछि) १ जनाको नभएको | २०६४ सालको शुरुमा पुनरावेदन अदालत, विराटनगरले जिल्ला प्रहरी कार्यालयलाई श्रेष्ठको मुद्दामा जाहेरी दर्ता गर्न आदेश दिएको थियो तर भट्टराईको हकमा भने निवेदन अस्विकार भएको थियो । प्रहरीले शुरुमा श्रेष्ठकै मुद्दामा पनि जाहेरी लिन इन्कार गरेको थियो । २०६५ साल आश्विन २९ गते पीडित परिवारले पुन: १ पटक जाहेरी दर्ता गर्न प्रयत्न गरेको थियो । प्रहरीले श्रेष्ठको मुद्दा सम्बन्धी जाहेरी मात्र दर्ता गरेको थियो । २०६६ साल असार ४ गते छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पीडित परिवारले पुनरावेदन अदालत, विराटनगरमा परमादेशको निवेदन दायर गरेका थिए । विदुर भट्टराईको परिवारले पुनरावेदन अदालतको फैसलालाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । | पूर्ण श्रेष्ठको मुद्दामा पुनरावेदन अदालत, विराटनगरले २०६६ साल कार्तिक २३ गते जिल्ला प्रहरी कार्यालय, मोरङ्गलाई यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गरेको थियो ।<br>अद्यावधिक : प्रहरीले कुनै अनुसन्धान शुरु गरेको छैन । पीडितका परिवार र एड्भोकेसी फोरमका कानून व्यवसायीहरुले मुद्दामा भएको प्रगतिको बारेमा सोधपुछ गर्दा कुनै अद्यावधिक प्राप्त हुन सकेन ।<br>विदुर भट्टराईको मुद्दामा सर्वोच्च अदालतले पुनरावेदन अदालत, विराटनगरको निर्णय उल्टी गरी जिल्ला प्रहरी कार्यालय, मोरङ्गलाई तुरुन्त जाहेरी दर्ता गरी मुद्दाको अनुसन्धान अगाडि बढाउन आदेश गरेको थियो ।<br>अद्यावधिक : २०७३ सालको कार्तिक सम्म जिल्ला प्रहरी कार्यालयले अदालतको आदेश प्राप्त नभएको जिकिर लिइरहेको थियो ।<br>२०७७ साल जेठमा एड्भोकेसी फोरमले मुद्दाको प्रगतिको बारेमा सोधपुछ गर्दा जिल्ला सरकारी वकील कार्यालयले सो सम्बन्धमा कुनै जानकारी नभएको जनाएको थियो । प्रहरीले मुद्दा सरकारी वकील कार्यालयमा पेश गरेको छैन ।<br>दुवै परिवारले आफ्ना उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता गरेका छन् तर कुनै प्रगति विवरण प्राप्त गरेका छैनन् । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध कानूनी कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडित पविारलाई रु. १,५०,०००/- (अमेरिकी डलर १,२५०/-) क्षतिपूर्ति प्रदान गर्न सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति रकम प्रदान गरिएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४७. | सपना गुरुङ्ग | मोरङ्ग | <u>जवरजस्ती करणी र हत्या</u><br><br>सह-सेनानी प्रल्हाद थापा मगरको कमाण्डमा रहेका पन्ध्र जना सुरक्षाकर्मीहरूले २२ वर्षिया सपना गुरुङ्गलाई २०६३ साल वैशाख १२ गते घरबाटै पक्राउ गरेका थिए। ती व्यक्तिहरुले निजलाई नजिकैको दुरसञ्चार कार्यालयमा लगी बलात्कार गरेका थिए। पक्राउ गरेको करिब १ घण्टा पछि गाउँलेहरूले बन्दुक पड्केको आवाज सुनेका थिए। पछि सपनाको शव भेटिएको थियो। मेडिकल रिपोर्टका अनुसार निजलाई बलात्कार गरि हत्या गरिएको भनिएको थियो। मुद्दालाई संसदीय छानबिन समितिले अनुसन्धान गरी अपराध अनुसन्धान गर्नुपर्ने सिफारिस गरेको थियो। साथै समितिले पीडित परिवारलाई रु. १०,००,०००/- क्षतिपूर्ति दिने निर्णय गरेको थियो। | २०६३ साल जेठ १ गते | भएको | | मुद्दामा केही प्रगति भएको छैन। २०६७ साल जेठमा प्रहरीले संसदीय छानविन समितिमा पेश गरिएको मिसिल अझै फिर्ता नपाएको भन्ने दावी लिएको थियो।<br>अद्यावधिक : सपना गुरुङ्गकी आमाले एड्भोकेसी फोरमलाई रु. १०,००,०००/- अन्तरिम राहत पाएको बताएकी थिइन्।<br>उनले मुद्दालाई स्थानीय शान्ति समितिमा बुझाएकी छिन् र सत्य निरुपण तथा मेलमिलाप आयोगमा पुग्छ भन्ने आशा राखेकी छिन्। तथापी, परिवारले २०७७ साल जेठसम्म मुद्दामा कुनै प्रगति भएको जानकारी प्राप्त गरेका छैनन्। | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त घटनामा संलग्न सुरक्षाकर्मीहरुको पहिचान गर्न र उनीहरु विरुद्ध कानूनी कारवाही गर्न सिफारिस गरेको थियो। अन्तरिम व्यवस्थापिका संसदको विधायिका समितिले पीडित परिवारलाई रु. १०,००,०००/- (अमेरिकी डलर ८,४००/-) क्षतिपूर्ति प्रदान गर्ने सिफारिस दिइसकेको कुरा आयोगलाई जानकारी भएकाले क्षतिपूर्तिका लागि थप सिफरिस लिइएको थिएन।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : विचाराधीन<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति रकम प्रदान गरिएको छ। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४८. ४९. ५०. ५१. ५२. र ५३. | छत्र बहादुर परियार, फुर्वा शेर्पा, प्रभुनाथ भट्टराई, प्रसाद गुरुङ्ग, टंक लाल चौधरी र सुनिता ऋषिदेव | मोरङ्ग | गैह्रन्यायिक हत्या<br><br>२०६४ साल वैशाख १३ गते सुरक्षाकर्मीहरुको एक समुहले मोरङ्ग जिल्लाको बेलबारीमा सपना गुरुङ्गको हत्या (माथि विवरण उल्लेख गरिएको) विरुद्ध प्रदर्शन गरिरहेका व्यक्तिहरु उपर गोली चलाएको थियो । यी ६ व्यक्तिहरु मारिनुका साथै अन्य दर्जनौं घाइते भएका थिए ।<br>माथि सपना गुरुङ्गको मुद्दामा उल्लेख भएजस्तै यी हत्याहरुको समेत संसदीय छानविन समितिले अनुसन्धान गरेको थियो । जसमा २८ जना सुरक्षा अधिकारीहरु र प्र.जि.अ. उपर समेत कारवाहीको सिफारिस गरिएको थियो । समितिले हरेक पीडित परिवारलाई रु. १०,००,०००/- क्षतिपूर्ति समेत दिएको थियो । | २०६३ साल जेठ २८ गते | भएको | | मुद्दामा प्रगति भएको छैन । २०६७ साल जेठमा प्रहरीले संसदीय छानविन समितिमा पेश गरिएको मिसिल अझै फिर्ता नपाएको भन्ने दावी लिएको थियो ।<br>अद्यावधिक : सुनिता ऋषिदेवका दाजु सुरजालाल मुसहरले एड्भोकेसी फोरमलाई बताए अनुसार पीडितका परिवारहरुले मोरङ्गको स्थानीय शान्ति समितिमा सत्य निरुपण तथा मेलमिलाप आयोग वा अन्य कुनै सम्वन्धित निकायमा मुद्दा पठाउन उजुरी दिएका छन् । निजका अनुसार बेलबारी घटनाका सबै पीडितहरुले उजुरी दर्ता गराएका छन् । उनीहरु कसैलाई पनि कुनै जानकारी वा प्रमाणका लागि न त सम्पर्क नै गरिएको छ न अनुसन्धानमा भएको प्रगतिका बारेमा जानकारी प्रदान गरिएको छ ।<br>उनीहरुले अन्तरिम राहत वापत रु. १०,००,०००/- र दाहसंस्कार खर्च वापत रु. ६०,०००/- प्राप्त गरेका छन् । | एड्भोकेसी फोरमको कागजातहरुमा छत्र बहादुर परियार भनी नाम उल्लेख भएकोमा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा धन बहादुर परियार भन्ने नाम प्रयोग भएका देखिन्छ ।<br>राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई संलग्न दोषीहरुको पहिचान गरी उनीहरु विरुद्ध फौजदारी कानून अन्तर्गत कारवाही गर्न सिफारिस गरेको थियो । आयोगले पीडित पविारहरुलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पीडितका परिवारलाई रु. १,००,०००/- (अमेरिकी डलर ८४०) क्षतिपूर्ति रकम प्रदान गरिएको र बाँकी रकम प्रदान गर्ने प्रकृया चलिरहेको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५४. | खगेन्द्र बुढाथोकी | म्याग्दी | <u>गैह्रन्यायिक हत्या</u><br><br>२०५८ साल पौष २२ गते गस्ती गरिरहेका सैनिकहरूले तातोपानी जलकुनी पुलमा खगेन्द्र बुढाथोकीलाई पक्राउ गरेका थिए । गाउँलेहरुका अनुसार खगेन्द्रलाई उनीहरुले अल्काचौरको अस्थायी शिविरमा लगी भोलिपल्ट गोली हानी हत्या गरेका थिए । परिवारका सदस्य जिल्ला प्रहरी कार्यालय, म्याग्दी पुगेतापनि प्रहरीले अनुसन्धान गर्न इन्कार गरेका थिए । उक्त अस्थाई शिविरबाट सुरक्षाकर्मी हटेपछि परिवारले खगेन्द्रको शव गाडिएको अनुमान गरिएको क्षेत्रमा उत्खनन् गर्न खोज्दा प्रहरीले सो गर्न दिएको थिएन । निजको शव उत्खनन् गर्न अझैपनि बाँकी रहेको छ । | २०६३ साल चैत २९ गते | भएको | प्रहरीले एड्भोकेसी फोरमलाई बताए अनुसार उनीहरुले रक्षा मन्त्रालयसंग राजु नेपालीलाई त्यहाँ खटाइएको सम्बन्धमा समन्वय गरेका थिए, जो सो समयमा म्याग्दीमा राखिएको उक्त ब्रिगेडको इन्चार्ज रहेको देखिएको र सो कुरा मन्त्रालयबाट समेत पुष्टि भएको थियो ।<br><br>परिवारले २०६६ साल असार ४ गते रिट निवेदन दर्ता गरेको थियो । जसको जवाफमा रितपूर्वक नपरेको जाहेरीमा अनुसन्धान गर्ने जिम्मेवारी जिल्ला प्रहरी कार्यालयको नरहेको भन्ने जिकिर लिइएको थियो । नागरिक अदालतलाई द्वन्द्वकालमा भएका त्यस्ता हत्या सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार नरहेको समेत प्रहरीको जिकिर थियो । | २०६६ साल कार्तिक २५ गते पुनरावेदन अदालत, बागलुङले जिल्ला प्रहरी कार्यालयलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गरेको थियो । अदालतले आदेश दिएको भएतापनि प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएको छैन । अद्यावधिक : २०७७ साल जेठसम्म कुनै प्रगति देखिएको छैन ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि प्रगतिको जानकारी प्राप्त भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न कमान्डर र सुरक्षाकर्मीहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br><br>रक्षा मन्त्रालयका अनुसार नेपाली सेनाको मानव अधिकार इकाईकाले पीडितकी श्रीमतीले सिफारिस बमोजिम क्षतिपूर्ति प्राप्त गरेको पुष्टि गरेको थियो । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५५. | चन्द्र बहादुर बि.क. | म्याग्दी | <u>सम्भावित यातना र गैह्रन्यायिक हत्या</u><br><br>२०५९ साल पौष २४ गते बिहान सेनाले १७ वर्षिय चन्द्र बहादुर वि.क.लाई निजकै घरबाट पक्राउ गरेको थियो । ३ दिनपछि रेडियो नेपालले चन्द्र बहादुर सुरक्षाकर्मीसंगको "मुठभेड" मा मारिएको जानकारी प्रसारण गरेको थियो । निजको परिवारलाई सेनाको शिविरबाट शव लैजान दिइएको थियो तर लगभग तत्कालै शव गाड्न बाध्य बनाइएको थियो । | २०६३ साल चैत्र २९ गते | भएको | २०६६ साल असार ४ गते पीडित परिवारले रिट निवेदन दायर गरेका थिए ।<br>जिल्ला प्रहरी कार्यालयको जवाफ माथि मुद्दा नं. ५४ मा जस्तै उचित रुपमा नपरेको जाहेरीमा अनुसन्धान गर्ने जिम्मेवारी नरहेको र नागरिक अदालतलाई द्वन्द्वकालमा भएका त्यस्ता हत्या सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार नरहेको जिकिरसमेत प्रहरीले लिएको थियो । | २०६६ साल कार्तिक २५ गते पुनरावेदन अदालतले छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गरेको थियो ।<br>अदालतले आदेश गरेको भएतापनि प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएको छैन ।<br>अद्यावधिक : २०७७ साल जेठसम्म कुनै प्रगति भएको पाइएको छैन ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि प्रगतिको जानकारी प्राप्त भएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई घटनामा संलग्न तत्कालिन कालिप्रसाद इन्जिनियरिङ्ग इकाईमा तैनाथ कमान्डर र सैनिकहरुको पहिचान गरी उनीहरु विरुद्ध प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । आयोगले पीडितको परिवारलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br><br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक राहत तथा पुनस्थापन इकाईका अनुसार पीडितका परिवारलाई सिफारिस बमोजिमको क्षतिपूर्ति प्रदान गरिएको छ । |
| ५६. ५७. र ५८. | दल बहादुर दर्लामी, नारायण प्रसाद कनौजे र टेक बहादुर गाहा | पाल्पा | <u>गैह्रन्यायिक हत्या</u><br><br>प्रत्यक्षदर्शीका अनुसार सैनिकहरुले अन्धाधुन्ध गोली चलाई १५, १६ र १५ बर्षका तीन जनाको हत्या गरेका थिए । | २०६३ साल पौष १६गते | भएको | जिल्ला प्रहरी कार्यालयले भवितव्यको घटना भएकोले जाहेरी दर्ता गर्न अस्विकार गरेपश्चात् २०६३ मंसिर/पौष तिर सरकारी वकील कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई ज्यान मुद्दामा अनुसन्धान अगाडि बढाउन निर्देशन दिएको थियो ।<br>२०६६ साल असारमा पीडित परिवारले पुनरावेदन अदालतमा अनुसन्धान अगाडि बढाइपाउँ भनी रिट निवेदन दर्ता गरेको थियो । | २०६६ साल आश्विन २१ गते पुनरावेदन अदालत, बुटवलले जिल्ला प्रहरी कार्यालय पाल्पालाई ३ महिनाभित्र अनुसन्धान गर्न परमादेश जारी गरेको थियो ।<br>तथापी, कुनै प्रभावकारी अनुसन्धान भएको पाइएको छैन ।<br>अद्यावधिक : एड्भोकेसी फोरमको जानकारीमा आए अनुसार जाहेरी दर्ता भएको भएतापनि अनुसन्धानको कुनै कार्य हालसम्म अगाडि बढेको छैन ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि प्रगतिको जानकारी प्राप्त भएको छैन । | उपलब्ध नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५९. | मन बहादुर कार्की | सुर्खेत | अपहरण, यातना र गैह्रन्यायिक हत्या (ए-माओवादीबाट)<br><br>लालबहादुर रामजाली र दिलिप नामका दुई माओवादीहरुले मन बहादुरलाई निजकै घरबाट मिति २०६३ साल जेठ २७ गते अपहरण गरेका थिए। भोलिपल्ट बिहान मन बहादुरको शव अर्को गाउँको रतन बहादुर गौतमको घरबाहिर झुण्डिएको अवस्थामा भेटिएको थियो। माओवादीहरुले निजले आत्महत्या गरेको जिकिर लिएका थिए। दुई जना साक्षीहरु र संचार माध्यमबाट आएको जानकारीका आधारमा अर्का स्थानीय व्यक्ति कुल बहादुर सिजालीको निज कार्कीसंग झगडा परेकोमा निजलाई कुटपिट गरी मार्ने कार्यमा संलग्न भएको बुझिएको थियो। साक्षीहरुका अनुसार कार्कीलाई कुल बहादुर, रतन बहादुर, मेघराज गौतम र यम बहादुर घर्तीले कुटेर मारेका थिए। | २०६३ साल भदौ | नभएको | २०६५ जेठ देखी अनुसन्धान शुरु भएको थियो। | पीडित परिवारले मुद्दा अगाडि बढाउन चाहँदैन।<br>जाहेरीमा नाम भएका पीडकहरु हाल माओवादी पार्टीको स्थानीय तहका नेता भएका कारणले पीडित परिवार भयग्रस्त छ।<br>अद्यावधिक : पीडित परिवारले मुद्दा अगाडि नबढाउने निर्णय गरेपछि स्थानीय शान्ति समितिले उनीहरुको नाम अन्तरिम राहतका लागि सिफारिस गरेको थियो। | उपलब्ध नभएको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६०. र ६१. | गंगा बहादुर नेपाली र श्याम सुन्दर कैनी | तनहुँ | गैह्रन्यायिक हत्या<br><br>सैनिक अधिकारीहरुले गंगा बहादुर नेपाली र श्याम सुन्दर कैनीलाई उनीहरुकै घरबाट २०५९ साल वैशाख १६ गते पक्राउ गरेका थिए । भोलिपल्ट बिहान रेडियो नेपालले सुरक्षाकर्मीलाई धरापमा पार्ने योजना बनाइरहेका दुई आतंककारीहरु उनीहरुको योजना कार्यान्वयन गर्ने क्रममा मारिएको खबर प्रसारण गरेको थियो । सेनानी बाबुराम श्रेष्ठले पहिला शव दिन इन्कार गरेको भएपनि नेकपा-एमालेका महासचिवले दबाब दिएपछि हस्तान्तरण गरेका थिए । महासचिवले निकालेको बक्तव्यमा उनले ब्यारेकमा भएका सैनिकबाट सुने अनुसार दुई व्यक्तिहरुलाई पक्राउ गरी हत्या गरिएको कुरा इङ्गित गरेको थियो । | २०६३ साल चैत २३ गते | भएको | जाहेरी दरखास्त परेपछि समेत कुनै अनुसन्धानको कार्य भएको थिएन ।<br><br>२०६६ साल असार ४ गते पीडित परिवारले पुनरावेदन अदालत पोखरामा जिल्ला प्रहरी कार्यालय र सरकारी वकील कार्यालयबाट घटनाको अनुसन्धान गराइपाउँ भनी रिट निवेदन दायर गरेका थिए । | २०६६ साल पौष ८ गते प्रहरीले अनुसन्धान जारी राखेको भनी पेश गरेको लिखित जवाफको आधारमा पुनरावेदन अदालत, पोखराले सो रिट खारेज गरेको थियो ।<br>जाहेरी दर्ता पश्चात् समेत अनुसन्धानमा कुनै प्रगति नभएको भन्दै उक्त निर्णयलाई चुनौती दिँदै पीडित परिवारले सर्वोच्च अदालतमा २०६६ साल चैत १५ गते मुद्दा दायर गरेका थिए ।<br><br>अद्यावधिक : सर्वोच्च अदालतले २०६८ सालमा परमादेशको आदेश जारी गरी जिल्ला प्रहरी कार्यालय तनहुँलाई ३ महिनाभित्र अनुसन्धान पुरा गरी जिल्ला अदालतमा अभियोगपत्र दर्ता गर्नु भनी निर्देशन दिएको थियो ।<br><br>२०७० साल जेठ १८ गते जिल्ला प्रहरी कार्यालयले महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौंलाई प्रगति विवरण पठाई अनुसन्धान समिति बनाइएको जानकारी गराएको थियो । तर त्यसपश्चात् मुद्दामा कुनै प्रगति भएको छैन ।<br><br>२०७६ साल पौष ११ गते एड्भोकेसी फोरमले तनहुँको जिल्ला न्यायाधिवक्तालाई सम्पर्क गरी मुद्दाको प्रगतिको बारेमा जानकारी लिँदा अनुसन्धान भइरहेको र द्वन्द्वकालीन मुद्दाहरुलाई कसरी अगाडि बढाउने भन्ने अझै प्रष्ट नभएको जानकारी दिएका थिए । साथै, सोही मितिमा एड्भोकेसी फोरमले जिल्ला प्रहरी कार्यालय, तनहुँका प्रहरी निरिक्षक शिव राज क्षेत्रीसंग समेत सम्पर्क गरेको थियो, जसका अनुसार २०७२ साल फागुन ९ गते सो मुद्दाका लागि एक अनुसन्धान अधिकृत तोकिएको थियो । उनले मुद्दामा थप कुनै प्रगति नभएको र सरकारबाट जिल्ला प्रहरी कार्यालयलाई अनुसन्धान शुरु गर्न आदेश प्राप्त भए मात्र कारवाही अगाडि बढाउने जानकारी दिएका थिए । | राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई उक्त घटनामा संलग्न भएका दमौली ब्यारेकबाट तैनाथ भएको समूहको नियन्त्रण लिएका सैनिकको नाम उल्लेख गरी आयोगमा बयानका लागि उपस्थित गराउन सिफारिस गरेको थियो । आयोगले प्रत्येक पीडितका परिवारहरुलाई रु. ३,००,०००/- (अमेरिकी डलर २५००/-) क्षतिपूर्ति प्रदान गर्न समेत सिफारिस गरेको थियो ।<br>सिफारिसहरु कार्यान्वयनको अवस्था : आंशिक<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रत्येक पीडितका परिवारहरुलाई रु. १,००,०००/- (अमेरिकी डलर ८४०) क्षतिपूर्ति रकम प्रदान गरिएको छ । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७६ साल माघ ५ गते राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो अनुसन्धान पुरा गरी सरकारलाई सिफारिस पठाएको जानकारी दिएको थियो । आयोगले सरकारबाट उक्त निर्णयको सम्बन्धमा कुनै जानकारी नपाएको उल्लेख गरेको थियो । २०७७ साल जेठ सम्ममा अनुसन्धान वा अभियोजनमा कुनै प्रगति भएको छैन ।<br><br>पीडित परिवारले सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी गरेको भएतापनि प्रगतिको जानकारी प्राप्त भएको छैन । | |
| ६२. | धन कुमारी तुम्बा-हाम्फे | उदयपुर | जबरजस्ती करणी र गैह्रन्यायिक हत्या<br><br>२०६२ साल वैशाख ११ गते धनकुमारी तुम्बाहाम्फेलाई उदयपुर सेनाको घेरा तोडी भाग्ने प्रयास गर्दा पक्राउ गरिएको थियो । निजको झोलाबाट सेनाले माओवादीसंग सम्बन्धित कागजपत्रहरु फेला पारेको थियो । एक प्रत्यक्षदर्शीका अनुसार भोलिपल्ट बिहान सेनाले उनलाई डाँडातिर लगी सम्भवतः बलात्कार गरी, अंगभंग गरी हत्या गरेको थियो । | २०६६ साल भदौ ११ गते | भएको (अदालतको आदेश पछि) | २०६२ साल वैशाखमा परिवारले जाहेरी दर्ता गर्न प्रयास गरेको थियो ।<br>प्रहरीले केही अनुसन्धान गरेतापनि २०६६ सालसम्म जाहेरी दर्ता गर्न इन्कार गरेको थियो । | २०६६ साल भदौ ११ गते प्रहरीले पुनरावेदन अदालत, राजविराजको आदेश बमोजिम जाहेरी दर्ता गरेको थियो । सातजना साक्षीको बयान लिने कार्य सम्पन्न भएको थियो । त्यसपछि अनुसन्धानमा कुनै उल्लेख्य प्रगति भएको पाइएको छैन ।<br>अद्यावधिक : पीडितका पति डम्बर बहादुर तुम्बाहाम्फेले स्थानीय शान्ति समिति मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेतापनि हालसम्म त्यहाँबाट कुनै जानकारी प्राप्त गरेका छैनन् । | उपलब्ध नभएको । |

# पीडितका लागि न कानून, न न्याय, न राज्य

## द्वन्द्वोत्तर नेपालमा दण्डहीनताको संस्कृति

नेपालमा सशस्त्र द्वन्द्व अन्त्य भएको चौध वर्ष बितिसक्दा पनि दुवै पक्षबाट भएका मानवअधिकार उल्लंघनका पीडितहरूलाई न्यायबाट वञ्चित गरिएको छ र यसले द्वन्द्वोत्तर नेपालको एक धब्बाका रूपमा दण्डहीनताका संस्कृतिको विरासत बनाएको छ। यातना, बलात्कार तथा गैरन्यायिक हत्यामा जवाफदेहिताको अभावले विधिको शासनलाई अवमूल्यन गरिरहेको छ किनभने प्रहरीलाई मानवअधिकारको गम्भीर उल्लंघन गरेको आरोप निरन्तर लाग्ने गरेको छ। तर त्यस्ता आरोपहरू माथि अनुसन्धान भने नहुने गरेको छ भने कसैलाई पनि जवाफदेही बनाइने गरेको छैन्।

वि.सं. २०५२ देखि २०६२ सम्म चलेको दश वर्षे सशस्त्र द्वन्द्वमा हजारौं मानिस जबर्जस्ती बेपत्ता, यातना, बलात्कार तथा गैरन्यायिक हत्याका पीडित बने। द्वन्द्व अन्त्य भएपछि फौजदारी अनुसन्धान रोक्न तथा त्रुटिपूर्ण संक्रमणकालीन न्याय प्रक्रियालाई निष्क्रिय बनाउनका लागि अहिले सरकारमा रहेका पूर्व माओवादी विद्रोही र सुरक्षाबलहरूको स्वार्थ मिलेको छ।

पीडितका लागि न कानून, न न्याय, न राज्य शीर्षकको यस प्रतिवेदनमा जबर्जस्ती बेपत्ता र गैरन्यायिक हत्याका ६२ वटा घटनामा पीडित परिवारले विभिन्न प्रहरी कार्यालयमा दिएका जाहेरीमा भएको प्रगतिको अद्यावधिक जानकारी समावेश गरिएको छ। जाहेरी दिएको एक दशकभन्दा बढी समय बितिसकेको भए पनि अभियोजनका लागि कुनै काम अगाडि बढाइएको छैन। अदालतहरूले अनुसन्धान अगाडि बढाउनका आदेश दिएको भए पनि प्रहरी तथा अभियोजनकर्ताहरूले द्वन्द्वकालीन घटनाहरूमा कारवाही प्रक्रिया अगाडि नबढाउनू भनी सरकारबाट निर्देशन आएको बताउने गरेका छन्।

कानूनी प्रणालीमार्फत शीघ्र न्याय दिलाउनका लागि वि.सं. २०७२ मा गठन गरिएका सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले ६० हजारभन्दा बढी उजुरी प्राप्त गरेका छन् तर कुनैमा पनि अनुसन्धान पूरा गरेका छैनन् भने यी आयोग गठनका लागि बनेको कानूनका कतिपय प्रावधानलाई सर्वोच्च अदालतले वि.सं. २०७२ मा नै खारेज गरिसकेको भए पनि अहिलेसम्म संक्रमणकालीन न्यायको कानूनमा संशोधन गरिएको छैन। यी दुई आयोगहरू अस्तित्वमा रहे पनि संक्रमणकालीन न्याय प्रक्रियाले मानवअधिकारको गम्भीर उल्लंघनमा संलग्नलाई कानूनबमोजिम अभियोजन गर्ने दायित्वबाट नेपाल पन्छिन मिल्दैन।



*२०७४ भदौ १४ मा "बेपत्ता पारिएका व्यक्तिको सम्झनामा आयोजित अन्तर्राष्ट्रिय दिवस" कार्यक्रममा प्रदर्शनमा राखिएका बेपत्ता पारिएका व्यक्तिहरूको तस्वीर हेर्दै एक नेपाली पुरुष सर्वाधिकार २०७४ एपी तस्वीर/निरञ्जन श्रेष्ठ*

**hrw.org | advocacyforum.org**